मदन भण्डारी स्पोर्ट्स एकेडेमी

# गौरवमय यात्रा

## स्मारिका






जननेता स्व. मदन कुमार भण्डारी



सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली
संरक्षक
मदन भण्डारी स्पोर्टस् एकेडेमी



**ध्रुव आचार्य**
अध्यक्ष
मदन भण्डारी स्पोर्टस् एकेडेमी

# सम्पादन तथा प्रकाशन समिति



**दीपक ज्ञवाली**
संयोजक



**कृष्ण तिमिल्सिना**
सदस्य



**चन्द्रवदना राई**
सदस्य



**विनोद आचार्य**
सदस्य



**उदय अर्याल**
सदस्य



**कालीबहादुर घर्ती मगर**
सदस्य

प्रकाशन मिति : २०८२ श्रावण
प्रकाशक : मदन भण्डारी स्पोर्ट्स एकेडेमी, केन्द्रीय कमिटी, काठमाडौं
संस्था दर्ता नं. :
इमेल :
वेभसाइट :

मुद्रण :

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली
संरक्षक
मदन भण्डारी स्पोर्टस् एकेडेमी

देवराज घिमिरे
सभामुख

संघीय संसद
# प्रतिनिधि सभा

फोन ०१-४२००१५९/४२००१३७
सिंहदरबार, काठमाडौं, नेपाल

## शुभकामना सन्देश

'सबैका लागि खेलकुद' भन्ने नाराका साथ स्थापना भएको मदन भण्डारी स्पोर्ट्स एकेडेमीले आफ्ना गतिविधि तथा दस्तावेजलाई एकीकृत गर्दै स्मारिका प्रकाशन गर्ने खबरले खुसी तुल्याएको छ । स्मारिकामार्फत एकेडेमीले आफ्नो इतिहास, गतिविधि, उपलब्धि र भविष्यका योजनालाई दस्तावेजिकरण गर्ने विश्वास लिएको छु ।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीले विगतका वर्षहरूमा खेल क्षेत्रको विकास, विस्तार र सहभागितामा पुऱ्याएको योगदान प्रशंसनीय छ । एकेडेमीले प्रतिभावान खेलाडीहरूको पहिचान, प्रशिक्षण र प्रोत्साहनमार्फत उनीहरूलाई स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न योग्य बनाएको छ ।

खेल मानव जीवनको अभिन्न अंग हो । यसले अनुशासन, आत्मविश्वास, सहकार्य र नेतृत्व जस्ता गुणको विकास गर्दछ । समाजमा शारीरिक सशक्तीकरणसँगै मानसिक सन्तुलन, युवा ऊर्जा र सकारात्मक सोचको निर्माण गर्न खेलकुदले महत्त्वपूर्ण योगदान पुऱ्याउँछ ।

खेल क्षेत्रको पूर्वाधार निर्माण, नीतिगत सुधार, बजेट सुनिश्चितता, खेल शिक्षा र दक्ष जनशक्ति उत्पादनमा राज्यका सबै तहको योगदान आवश्यक हुन्छ । एकेडेमीले खेललाई राष्ट्रिय समृद्धिसँग जोड्ने प्रयास गरेको देखिन्छ, जुन प्रशंसनीय छ ।

खेलकुदको विकासमा यस एकेडेमीजस्ता संस्थाको योगदान अत्यन्त महत्त्वपूर्ण, आधारभूत र दीर्घकालीन रहन्छ । यस्ता संस्थाहरूले खेलाडीको प्रारम्भिक पहिचान, नियमित प्रशिक्षण, खेल विज्ञानमा आधारित क्षमता अभिवृद्धि, प्रतियोगिताको अवसर, मनोबल वृद्धिका कार्यक्रम र आवश्यक पूर्वाधारको विकासमा सघाउने काम गर्छन् । समग्रमा यस एकेडमी खेलकुद क्षेत्रको जरा बलियो बनाउने आधारस्तम्भकोरूपमा लिएको छु ।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीले आफ्ना गतिविधि, उपलब्धि र अनुभवहरूलाई दस्तावेजिकरण गर्दै स्मारिकामार्फत भावी पुस्ताका लागि प्रेरणादायी सामग्री प्रकाशन गर्ने अपेक्षासहित संस्थाको उज्ज्वल भविष्यको शुभकामना व्यक्त गर्दछु ।

३१ असार, २०८२

देवराज घिमिरे

श्रीमती विद्यादेवी भण्डारी
Mrs. Bidya Devi Bhandari
पूर्व राष्ट्रपति, सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल
Former President, Federal Democratic Republic of Nepal

बुढानीलकण्ठ नगरपालिका-२,
चपली, काठमाडौं ।
इमेल: bidyadevibhandari8@gmail.com

मिति: २०८२/४/१

## शुभकामना सन्देश

"सबैका लागि खेलकुद" भन्ने दूरदर्शी नाराका साथ स्थापना गरिएको मदन भण्डारी फाउण्डेशनसँग आबद्ध संस्था – मदन भण्डारी स्पोर्ट्स एकेडेमीले नेपाली खेलकुदको विकास, विस्तार तथा संस्थागत उन्नयनमा उल्लेखनीय योगदान पुर्‍याउँदै आएको छ । राष्ट्र निर्माणको प्रक्रियामा खेलकुद क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ भन्ने गहिरो बुझाइका साथ स्थापित यस एकेडेमीले खेलाडी उत्पादन, क्षमता अभिवृद्धि, खेल शिक्षाको विस्तार तथा स्थानीयदेखि अन्तर्राष्ट्रिय स्तरका खेल प्रतियोगिताहरूको आयोजनासहित बहुआयामिक गतिविधिहरू सञ्चालन गरिरहेको छ ।

खेलकुदलाई सामाजिक रूपान्तरणका लागि युवाशक्तिको सकारात्मक दिशातर्फ परिचालन गर्ने माध्यमका रूपमा अघि सार्ने एकेडेमीको प्रयास दूरदृष्टिपूर्ण छ । खेलकुदमार्फत राष्ट्रिय एकता, अनुशासन, सहकार्य र आत्मबल अभिवृद्धि हुनसक्छ भन्ने मान्यता अनुरूप यस संस्थाले हासिल गरेका उपलब्धिहरूलाई दस्तावेजीकरण गर्दै स्मारिका प्रकाशन गर्न लागिएकोमा मलाई अत्यन्त खुसी लागेको छ ।

मदन भण्डारी स्पोर्टस् एकेडेमीको विगतका समर्पण, वर्तमानका उपलब्धि र भावी योजनालाई उजागर गर्ने उद्देश्यले प्रकाशन हुन लागेको स्मारिका पाठक, खेलप्रेमी, नीति निर्माता र सरोकारवालाहरूका लागि उपयोगी सन्दर्भ सामग्री बन्नेछ भन्ने मैले विश्वास लिएको छु ।

यस सन्दर्भमा, म एकेडेमीका पदाधिकारी, प्रशिक्षक, खेलाडी तथा समस्त एकेडेमी परिवारप्रति शुभकामना व्यक्त गर्दै स्मारिकाको सफल प्रकाशनको कामना गर्दछु ।

धन्यवाद ।

विद्यादेवी भण्डारी

नेपाल सरकार
अर्थ मन्त्रालय

विष्णुप्रसाद पौडेल
उपप्रधानमन्त्री एवम् अर्थमन्त्री

सिंहदरबार, काठमाडौं
नेपाल

# शुभकामना

मदन भण्डारी स्पोर्टस् एकेडेमीले **गौरवमय यात्रा** नामक स्मारिका प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई खुसी लागेको छ। यो प्रकाशन खेलकुद क्षेत्रमा चासो राख्ने सबैका लागि पठनीय र उपयोगी हुने विश्वास लिएको छु ।

स्वस्थ, अनुशासित एवम् सेवाभावयुक्त नागरिक तयार गर्न खेल क्षेत्रको महत्वपूर्ण योगदान रहन्छ। एकेडेमीले विगत लामो समय देखि आफ्ना खेल गतिविधिहरुका माध्यमबाट स्वस्थ नागरिक, स्वस्थ समाज र स्वस्थ राष्ट्रको निर्माण गर्नमा योगदान गर्दै आएको छ। यस कार्यका लागि एकेडेमीलाई बधाई भन्न चाहन्छु।

वर्तमान सरकार खेल क्षेत्रको समग्र विकास र विस्तारमा क्रियाशील रहेको छ। खेल पूर्वाधार निर्माण, प्रशिक्षण कार्यक्रम सञ्चालन, खेलकुद प्रतियोगिताहरुको आयोजना गर्ने लगायतका क्रियाकलापहरु संचालन, व्यवस्थापन एवम् दिगोपनामा विशेष जोड दिएको छ। सरकारको यो प्रयासमा मदन भण्डारी स्पोर्टस् एकेडेमीले सहकार्य र साझेदारी गर्दै आगामी दिनमा खेल क्षेत्रको विकास एवम् प्रवर्धनमा थप योगदान गर्ने अपेक्षा गरेको छु।

अन्त्यमा, मदन भण्डारी स्पोर्टस एकेडेमीले प्रकाशन गर्ने **गौरवमय यात्रा** नामको यो स्मारिका खेल प्रेमीहरुका लागि उपयोगी सामग्री बन्ने विश्वासका साथ संस्थाको उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्दछु।

२०८२ आषाढ

विष्णुप्रसाद पौडेल
उपप्रधानमन्त्री एवम् अर्थमन्त्री

# सञ्चार मन्त्रीको शुभकामना

Madan Bhandari Foundation
मदन भण्डारी फाउण्डेशन

मितिः २०८२/०४/०१

हार्दिक बधाई तथा शुभकामना

मदन भण्डारी फाउण्डेशनको आवद्ध संस्था मदन भण्डारी स्पोर्ट्स एकेडेमी वार्षिक प्रकाशन तथा त्यहाँबाट सञ्चालन हुने कार्यक्रमहरूको हार्दिक मंगलमय शुभकामना । खेलकुद प्रतियोगिताको आयोजना संगसंगै नेपालमा खेलकुदको नीतिगत तथा वैचारिक विकासमा पनि अगाडि बढ्न यस संस्थालाई सफलता मिलोस् । सुभेच्छा एवं शुभकामना !

उषाकिरण भण्डारी

मदन भण्डारी फाउण्डेशन

Scanned with CamScanner

मिति : २०८२ साउन २२ गते

# शुभकामना

मदन भण्डारी स्पोर्टस् एकेडेमीले आफ्नो निरन्तर यात्रा अगाडी बढाईरहेको छ। स्थापनाको लक्ष्य, उध्येश्य प्राप्तिका लागि एकेडेमीले छोटो अवधिमा खेलकुदको माध्यमबाट राष्ट्रलाई ठूलो गुन लगा( एको छ। विशेषगरी खेलाडी छनौट, उत्पादन, प्रशिक्षण, प्रतियोगिता, सम्मान तथा खेलसँग सम्बा( न्धत विविध विधामा यसले महत्वपूर्ण भूमिका खेलेको छ र राष्ट्रलाई योगदान पुऱ्याएको छ।

यसै सन्दर्भमा आफ्ना गतिविधिहरुलाई दस्तावेजिकरण गर्दै एकेडेमीले स्मारिका प्रकाशन गर्न लागे को म अत्यन्तै हर्षित छु। आशा एवम् विश्वास छ कि यो स्मारिका खेलजगत्मा कोशेढुङ्गा सावित हुनेछ। त्यस्तै सम्पूर्ण खेलाडी, खेल प्रशिक्षक, खेलविज्ञ तथा खेलकुदप्रेमीहरूको मन मष्तिष्कमा बस्न सफल हुनेछ भन्ने विश्वासका साथ शुभकामना व्यक्त गर्न चाहन्छु।

रमेश कुमार सिलवाल
संस्थापक अध्यक्ष
मदन भण्डारी स्पोर्टस् एकेडेमी

मिति : २०८२ साउन २२ गते

# शुभकामना

मदन भण्डारी स्पोर्टस एकेडेमीले विभिन्न गतिविधिहरूलाई अगाडी बढाइरहेको छ ।

यस संथाले देशको खेल जगत र खेलाडीहरूको समग्र विकासमा योगदान पुऱ्याउनका लागि स्थापना कालदेखि निरन्तर अहोरात्र गतिशील भई कार्य गर्दै आइरहेको सर्वविदितै छ ।

आगामी दिनमा पनि थप उर्जाशील भएर समग्र नेपाली खेलकुदलाई व्यावसायिक, मर्यादित र नतिजामुखी बनाउने बाटोमा अगाडी बढ्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु । यसैक्रममा एकेडेमीले आफ्ना गतिविधिमुलक सामग्रिहरुसहित स्मारिका प्रकाशन गर्न लागेकोमा खुसी व्यक्त गर्दै धेरै धेरै शुभकामना अर्पण गर्दछु ।

विनोद श्रेष्ठ
निवर्तमान अध्यक्ष
मदन भण्डारी स्पोर्टस् एकेडेमी

# विषयसूची


| क.सं. | विषय | पेज नं. |
|---|---|---|
| १ | **सम्पादकीय** | १ |
| २ | **अध्यक्षको मन्तब्य** | २ |
| ३ | **संस्थाको परिचय, उद्देश्य** | ५ |
| ४ | **विचार** | ११ |
| ५ | जनताको बहुदलीय जनवाद : युवा र खेलाडी - प्रदीप ज्ञवाली | १२ |
| ६ | जनताको बहुदलीय जनबादमा खेलकुद र बर्तमान अवस्था - प्रा. पुशपति अधिकारी | १४ |
| ७ | नेपालको खेलकुद: : चुनौती र अवसर - सुवर्ण श्रेष्ठ | १७ |
| ८ | आजको सन्दर्भमा खेलकुद र खेल विज्ञान - कृष्ण तिमिल्सिना | २० |
| ९ | The Transformative Power of Sports in Health, Diplomacy, and Economic Growth:, A Nepali Perspective - Dr. Shakti Basnet | २२ |
| १० | खेलकुदमा महिला - अमृता अनमोल | २४ |
| ११ | Sports for Inclusivity, Discipline and Social Transformation, The Backbone of Future Building - Kali Bahadur Gharti Magar+ | २६ |
| १२ | प्रतियोगिता संचालन र व्यवस्थापन : चुनौती र समाधान - विनोद आचार्य | २८ |
| १३ | सहिद धर्मभक्त  र शारीरिक सुगठन - राजकुमार श्रेष्ठ | ३० |
| १४ | नेपालमा खेलकुदको विकास: ऐतिहासिक र विश्लेषणात्मक विवेचना - चन्द्रवदना राई | ३२ |
| १५ | **खेल कविता** | ३४ |
| १६ | हाम्रो विश्वकप - दीपक ज्ञवाली | ३४ |
| १७ | क्रान्ति - गणेश सिंह ठगुन्ना | ३५ |
| १८ | **खेल अनुभव** | ३६ |
| १९ | शक्ति प्रसाद गौचन | ३६ |
| २० | सदिना श्रेष्ठ | ३७ |
| २१ | **गतिविधि र उपलब्धिहरु** | ४०-६० |
| २२ | **बिधागत प्रतियोगिता तथा गतिविधिहरु** | ६१-१२० |
| २३ | **जिम्मेवारी नामावली** | १२१ |

# सम्पादकीय

## नयाँ यात्रामा हामी

‘सबैका लागि खेलकुद’ नाराका साथ स्थापित मदन भण्डारी स्पोर्ट्स एकेडेमी गौरवमय इतिहास र उपलब्धिसँगै तीव्र सक्रियताका साथ अघि बढिरहेको छ । स्थापनाका लक्ष्य, उद्देश्यहरू प्राप्तिका लागि अनवरत प्रयासरत एकेडेमीले खेलबाट समृद्धि हासिल गर्ने दीर्घकालीन रणनीतिअनुसार सक्रिय गतिविधिहरू गरिरहेको छ । यो अवधिमा हामीले धेरै अनुभव सँगालेका छौँ र भविष्यका लागि अनेक शिक्षा पनि हासिल गरेका छौँ ।

नयाँ नेतृत्व चयनपश्चात एकेडेमी अहिले खेल, खेल शिक्षा र खेलाडी उत्पादनका बहुआयामिक गतिविधिमा सक्रिय छ । सोहीअनुसार एक वर्षको अवधिमा अनेक ऐतिहासिक र सिर्जनात्मक कामहरू सम्पन्न भएका छन् ।

एकेडेमीले नयाँ अठोट र उद्घोषका साथ स्थापना दिवस मनाइसकेको छ । त्यस अवसरमा तय गरिएका नयाँ योजनाहरू सम्पन्न गर्न अहिले विविध ऐतिहासिक गतिविधिहरू तीव्र गतिमा सञ्चालन भइरहेका छन् ।

अब हामीले खेल गतिविधि र खेल शिक्षा अभियानलाई अझ बढी सार्थक बनाउन प्रकाशनलाई पनि आत्मसाथ गर्न थालेका छौं । त्यसको प्रस्थान बिन्दुका रूपमा ‘गौरवमय यात्रा’ नामक यो स्मारिका प्रकाशन गरेका छौँ । आशा छ, खेल क्षेत्रको विकासका लागि यो प्रकाशनबाट थप टेवा पुग्ने छ ।

यो स्मारिकामा केही सीमित सामग्रीहरू मात्र पस्किएका छौँ । आगामी दिनमा खेल र खेलाडीहरूको सर्वोत्तम हितका बहुआयामिक सामग्रीहरू र विभिन्न स्तम्भका साथ प्रकाशनलाई निरन्तरता दिने छौं । जसमा  यहाँहरू सबैको अतुलनीय सहयोग र सद्भावको अपेक्षा गरेका छौँ । यो प्रकाशनका लागि हरतरहले सहयोग गर्ने, शुभकामना सन्देश तथा लेखरचना उपलब्ध गराउनुहुने सबैलाई हार्दिक धन्यवाद ।

# अध्यक्षको मन्तव्य

हाम्रो राष्ट्रको समग्र विकास यात्रामा अब खेलकुद केवल एउटा मनोरञ्जन वा सीमित क्षेत्रको विषय मात्र होइन, यो सामाजिक, मानसिक, आर्थिक, सांस्कृतिक र अन्तर्राष्ट्रिय पहिचानको मुख्य आधार बन्दै गएको छ । विकासको अर्थ केवल भौतिक पूर्वाधार निर्माण मात्र होइन, मानव पुँजी विकास र युवाको शक्ति, सिर्जनशीलता र ऊर्जालाई प्रभावकारी रूपमा उपयोग गर्न पनि हो । खेलकुदले यही भूमिका निर्वाह गर्न सक्ने एउटा अत्यन्त प्रभावशाली माध्यमको रूपमा काम गरिरहेको छ ।

खेलाडीहरू केवल पदक जित्ने पात्र मात्र होइनन्, उनीहरू हाम्रो राष्ट्रिय गौरव र पहिचानका प्रतिनिधि हुन् । उनीहरू राष्ट्रको अनुशासन, आत्मबल, नेतृत्व र प्रेरणाका मूर्त रूप हुन् । त्यसैले खेलाडीप्रतिको दृष्टिकोणमा आमूल परिवर्तन आवश्यक छ । खेलाडीलाई प्रोत्साहन गर्नु भनेको राष्ट्र निर्माणमा लगानी गर्नु हो । उनीहरूको जीवनस्तर, सामाजिक सम्मान, आर्थिक स्थायित्व र स्वास्थ्य सुरक्षामा राज्यको गहिरो ध्यान आवश्यक छ ।

खेलकुदले शारीरिक स्वास्थ्य त दिन्छ नै, आत्मबल, मानसिक सन्तुलन, सकारात्मक सोच, अनुशासन, नेतृत्व विकास र समावेशिताको संस्कृति पनि निर्माण गर्छ । जात, धर्म, भाषा, क्षेत्र वा लिङ्गको भिन्नता हटाउँदै खेलकुदले सामाजिक रूपान्तरण र राष्ट्रिय एकताको बलियो आधार निर्माण गरेको छ । यो सामाजिक एकताको सशक्त माध्यम हो जसले विविधताको सौन्दर्यलाई सम्मान गर्छ ।

आजको विश्व सन्दर्भमा खेल पर्यटन एक विशाल सम्भावना हो । नेपाल प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र अतिथिपरायणताको धनी देश हो । यदि हामीले अन्तर्राष्ट्रिय प्रतियोगिता, प्रशिक्षण शिविर र मैत्रीपूर्ण भ्रमणहरू आयोजना गर्न सकेमा पर्यटन, यातायात, होटल, सञ्चार, सामग्री उत्पादनजस्ता क्षेत्रमा रोजगारी र आय आर्जनका अवसरहरू वृद्धि हुनेछ, जसले हाम्रो राष्ट्रिय अर्थतन्त्रलाई थप मजबुत बनाउनेछ ।

हाम्रो लक्ष्य स्पष्ट छ । खेलकुदको माध्यमबाट युवालाई सक्षम बनाउने, राष्ट्रलाई अन्तर्राष्ट्रिय मञ्चमा सम्मानित बनाउने, र समावेशिता, समृद्धि तथा सामाजिक सद्भाव बलियो बनाउने यसै सन्दर्भमा म मदन भण्डारी स्पोर्ट्स एकेडेमीका उद्देश्य र भूमिकाबारे केही विचार राख्न चाहन्छु ।

स्वर्गीय जननेता मदन भण्डारीको राष्ट्रियता, जनजीविका र जनसहभागिताको सिद्धान्तबाट प्रेरणा लिई यो एकेडेमी स्थापना गरिएको हो । यस ऐतिहासिक संस्थाको परिकल्पनाकार वर्तमान सम्माननीय प्रधानमन्त्री तथा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली हुनुहुन्छ, जसले जननेता मदन भण्डारीका आदर्श, दर्शन र सपनालाई व्यवहारमा रूपान्तरण गर्ने दृढ सङ्कल्पसहित यो संस्थाको अवधारणा प्रस्तुत गर्नुभएको हो । उहाँको दीर्घदृष्टि, युवा र खेलप्रति प्रतिबद्धता, र राष्ट्र निर्माणप्रतिको समर्पणले एकेडेमीलाई संस्थागत बनाउने मार्ग प्रशस्त गरेको हो ।

यो केवल एउटा संस्थागत संरचना मात्र होइन, एउटा सजीव विचारधाराको अभ्यास हो, जुन विचारले 'राष्ट्रको समृद्धिको आधार खेलकुद र युवाशक्ति' भन्ने नारालाई व्यवहारमा उतार्ने प्रयास गरिरहेको छ । हामी यो संस्थालाई माध्यम बनाउँदै राष्ट्रिय एकता, सामाजिक न्याय, समावेशिता र समृद्ध नेपालको आधार निर्माण गर्ने यात्रामा अग्रसर भएका छौं । 'स्कुल टु ओलम्पिक' र 'स्कुल टु वर्ल्ड च्याम्पियनसिप' अवधारणा हाम्रो रणनीतिक अभियानको केन्द्रमा छन् । विद्यालयदेखि नै खेल संस्कार विकास गर्ने, खेलाडी उत्पादन गर्ने, आवश्यक पूर्वाधार, प्रविधि, प्रशिक्षक, व्यवस्थापन, खेल विज्ञान, मनोविज्ञान लगायत संरचना निर्माणमा हामी लागिरहेका छौं ।

डिजिटल युगलाई आत्मसात् गर्दै हामी डिजिटल डाटा व्यवस्थापन, इ-ट्रेनिङ प्लेटफर्म, कृत्रिम बौद्धिकता (AI) आधारित विश्लेषण, र वैज्ञानिक प्रशिक्षण पद्धति विकासमा जुटेका छौं। यसले प्रतिस्पर्धात्मक विश्वमा हाम्रो उपस्थिति मजबुत पार्नेछ । खेलकुदलाई जीवनशैली बनाउने अभियानमा प्रतिस्पर्धा अनिवार्य छ । प्रत्येक विद्यालयमा कम्तीमा एक वार्षिक प्रतियोगिता हुनु आवश्यक छ । प्रत्येक स्थानीय तहले आफ्नो बजेटको एक अंश खेलकुदमा छुट्याउनु जरुरी छ । नीति, प्रतिबद्धता र दृष्टिकोणको स्पष्टता बिना यी सम्भव छैनन् ।

खेल नीति केवल संघीय सरकारको दायरा नभई प्रदेश र स्थानीय तहहरूसँगको



**ध्रुव आचार्य**
**अध्यक्ष**
**मदन भण्डारी स्पोर्ट्स एकेडेमी**

समन्वयमा टेकेर अघि बढ्नुपर्छ । सातै प्रदेशमा स्पष्ट खेल नीति, प्रादेशिक परिषद्, प्राविधिक जनशक्ति र प्रशिक्षक विकास योजनाको आवश्यक छ । स्थानिय तहको योजना निर्माणमा खेलकर्मीहरूको सहभागिता अपरिहार्य छ । प्रशिक्षककहरू हाम्रो प्रणालीका मेरुदण्ड हुन् । उनीहरूको तालिम, जागिर सुरक्षा, अवसर र सामाजिक सम्मान सुनिश्चित गर्नु हाम्रो दायित्व हो । २५ देखि ४० वर्ष उमेर समूहलाई प्राथमिकता दिँदै हामी युवा प्रशिक्षक उत्पादनमा विशेष ध्यान दिइरहेका छौं ।

आज अन्तर्राष्ट्रिय साझेदारी आवश्यक बनेको छ । दक्षिण एशियाली देशहरू तथा अन्य मित्र राष्ट्रहरूसँग तालिम, प्रविधि, अनुभव र प्रतियोगिता आदान प्रदान गर्दै प्रतिस्पर्धा, गुणस्तर र नवीनता बढाउने हाम्रो लक्ष्य हो । हाम्रो स्पष्ट उद्देश्य छ । हरेक प्रदेशमा एक खेलग्राम, हरेक जिल्लामा खेल एकेडेमी, र हरेक पालिकामा न्यूनतम पूर्वाधार निर्माण । यसका लागि सर कारी, निजी तथा अन्तर्राष्ट्रिय लगानी आकर्षित गर्ने रणनीति कार्यान्वयनमा ल्याउन जरुरी छ ।

महिला तथा बालक खेलाडीहरूको समावेशितामा हामी विशेष संवेदनशील छौं । लिङ्ग समानताको मापदण्ड, महिला प्रशिक्षक र नेतृत्वको वृद्धि, साथै दुर्गम तथा पिछडिएका क्षेत्रहरूमा प्राथमिकतासहित कार्यक्रम सञ्चालन हाम्रो कार्ययोजना हो । खेलकुद आज केवल मनोरञ्जन होइन, यो पेसा, जीवनशैली र राष्ट्रिय गौरवको आधार हो । बालबालिकालाई १० वर्षदेखि नै खेलकुदमा संलग्न गराउनु आवश्यक छ जसले आत्मबल, दृष्टिकोण र जिम्मेवारी चेतना विकास गर्ने छ ।

खेलाडीहरू राष्ट्रका गहना मात्र होइनन्, राष्ट्रका दूत हुन् । उनीहरूलाई केवल प्रतिस्पर्धाको सहभागी होइन, राष्ट्र निर्माणका स्रोतको रूपमा बुझ्न जरुरी छ । खेलकुद समृद्धि, सामाजिक एकता, स्वास्थ्य र दक्ष जनशक्ति विकासको मेरुदण्ड हो ।

खेलकुद सबैको हक हो, यो सौख होइन, जन्मसिद्ध मानव अधिकार हो । यस क्षेत्रमा जात, वर्ग, लिङ्ग, भाषा, धर्म, आर्थिक हैसियत, भौगोलिक अवस्था वा शारीरिक अवस्थाको आधारमा हुने विभेद गम्भीर अन्याय, असंवैधानिक र अनैतिक हो । राज्यको दायित्व हो सबै नागरिकलाई समान अवसर र पहुँच दिनुपर्छ ।

एउटा खेललाई प्राथमिकता दिई अन्य खेल उपेक्षा गर्नु खेल संस्कृतिको अपमान हो । हामीले निष्पक्ष रूपमा हरेक खेलको राष्ट्रिय योगदान, सामाजिक प्रभाव र अन्तर्राष्ट्रिय महत्वको आधारमा मूल्यांकन गर्नुपर्छ । दुर्गम क्षेत्रका, आर्थिक रूपमा पिछडिएका, लैङ्गिक तथा सामाजिक सीमिततामा परेका युवालाई खेलकुदबाट टाढा राख्नु मानव अधिकारको उल्लङ्घन हो । खेलकुदमा सहभागी हुने अधिकार कुनै अनुकम्पा होइन, यो जिम्मेवारी हो, जुन राज्य, समाज, विद्यालय, पालिका र संघ-संस्थाले सुनिश्चित गर्नुपर्छ ।

खेलकुद नीति केवल कागजमा सीमित हुनुहुँदैन । यसको कार्यान्वयनका लागि संघीय, प्रादेशिक र स्थानीय सरकारबिच समन्वय अनिवार्य छ । निजी क्षेत्रको सहयोग, विद्यालय र अभिभावकहरूको साथ, सञ्चार माध्यम र युवाहरूको सक्रियता मिलेर यो अभियान सफल हुन सक्छ । मदन भण्डारी स्पोर्ट्स एकेडेमीले यही सहकार्यको नेतृत्व गर्दै अगाडि बढिरहे को छ ।

जननेता मदन भण्डारीले भन्नुभएको थियो, “देश बन्छ भने युवाले बनाउनुपर्छ। अनि युवाले बनाउन चाहन्छ भने अनुशासन, शिक्षा र संगठित शक्ति चाहिन्छ।” हामीले खेलकुदलाई यही संगठित शक्तिको रूपमा अघि बढाएका छौं । यो अनुशासनको अभ्यास, नेतृत्वको पाठशाला र सामाजिक रूपान्तरणको यन्त्र हो । आज तपाईको हातमा रहेको यो स्मारिका केवल दस्तावेज होइन, यो अभियानको साक्षी हो, जसमा तपाईं हामी सबै सहयात्री हौं ।

अतः म सम्पूर्ण अभिभावक, शिक्षक, जनप्रतिनिधि, सञ्चारकर्मी, प्रशिक्षक र युवाहरुसँग अनुरोध गर्दछु । खेलकुदको विकास अब हाम्रो साझा अभियान हो । यसलाई आत्मसात् गरौं, अगाडि बढाऔं । मदन भण्डारी स्पोर्ट्स एकेडेमीको यात्रा हिजो सुरु भएको थियो, आज संस्थागत बन्दै गएको छ, भोलि यो राष्ट्रको गौरव बन्ने छ । यो कुनै संस्थाको मात्र कथा होइन, यो नयाँ नेपालको भविष्य निर्माणको सपना हो । यो ‘स्कुलदेखि ओलम्पिक तथा स्कुलदेखि वर्ल्ड च्याम्पियनसिप सम्म’ को साझा यात्रा हो ।

## भावी कार्ययोजना

मदन भण्डारी स्पोर्ट्स एकेडेमी (MBSA) नेपालको खेलकुद क्षेत्रमा दीर्घकालीन रूपान्तरण ल्याउने उद्देश्यका साथ स्थापना गरिएको संस्था हो । यस एकेडेमीले नेपाली खेलकुदलाई समावेशी, वैज्ञानिक, र प्रतिस्पर्धात्मक बनाउने दृष्टिकोणका साथ आफ्नो भावी कार्ययोजना तय गरेको छ । खेलकुदलाई केवल प्रतिस्पर्धाको माध्यम हैन, सामाजिक जागरण, आर्थिक समृद्धि, र राष्ट्रिय गौरवको स्थायी स्रोत बनाउने लक्ष्य राखिएको छ । यस कार्ययोजनाको मूल दर्शन ‘विद्यालयदेखि ओलम्पिकसम्म’ र ‘विद्यालयदेखि विश्व च्याम्पियनसम्म’ को यात्रामा समाहित छ ।

यस योजना अन्तर्गत सबै ७ प्रदेश, ७७ जिल्ला र स्थानीय तहसम्म खेल पूर्वाधार र कार्यक्रमको विस्तार गरिने छ । खेलकर्मीको पहिचान, प्रशिक्षण, प्रोत्साहन, पुनःस्थापना, र सम्मानका कार्यक्रमहरूलाई एकीकृत रूपमा अघि बढाइने छ । एकेडेमीले खेलकुदलाई शिक्षा, स्वास्थ्य, र सामाजिक रूपान्तरणसँग जोड्दै ‘एक गाउँ, एक खेल मैदान’ जस्ता अभियान सञ्चालन गर्नेछ ।

विद्यालयस्तरमै खेलकर्मी पहिचान गर्न ‘School to Olympics’ र ‘School to World Championship’ कार्यक्रममार्फत प्रारम्भिक प्रशिक्षण केन्द्रहरू स्थापना गरिने छन् । यसले गाउँघर का सामान्य बालबालिकालाई समेत अन्तर्राष्ट्रिय स्तरको अवसर दिलाउने मार्ग खोल्ने छ । प्रत्येक प्रदेशमा ‘प्रशिक्षण तयारी केन्द्र’ स्थापना गरिनेछ भने अन्तर्राष्ट्रिय स्तरको प्रशिक्षणका लागि विदेशी प्रशिक्षक तथा खेल विज्ञान विशेषज्ञहरूको समेत समन्वय गरिने छ ।

पूर्वाधार विकासतर्फ, खेल मैदान, व्यायामशाला, छात्रावास, छात्रवृत्ति, खेल उपकरण, तथा डिजिटल प्रशिक्षण प्रणालीमा

विशेष ध्यान दिइनेछ । दुर्गम क्षेत्रका बालबालिकाले समेत खेल अवसरबाट वञ्चित नहोऊन् भनेर "समावेशी खेल पूर्वाधार योजना" ल्याइनेछ ।

खेलकर्मीको समग्र जीवन चक्रलाई ध्यानमा राखी, क्षमता विकास, बीमा, स्वास्थ्य सुरक्षा, पुनःस्थापना तथा जागिर र आवास सहयोग समेतको व्यवस्था गरिनेछ । अब खेलकर्मी केवल प्रतियोगी होइन, नेतृत्वकर्ता, प्रशिक्षक, र प्रेरणास्रोतको रूपमा पनि अघि बढ्ने छन् ।

सामाजिक रूपान्तरणतर्फ खेलकुदलाई युवाहरूमा अनुशासन राष्ट्रप्रेम र समर्पणको भावना विकास गर्ने माध्यमको रूपमा प्रयोग गरिनेछ । भ्रष्टाचार, विभेद, र निराशाविरुद्ध खेलकुदले शक्तिशाली सन्देश दिने विश्वास एकेडेमीले लिएको छ । बालबालिका, महिला, र अपांगता भएका व्यक्तिहरूका लागि समेत विशेष कार्यक्रम समावेश गरिने छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदारीद्वारा खेलकुद क्षेत्रको दीर्घकालीन सशक्तिकरणमा टेवा पुग्ने छ । राष्ट्रिय खेलकुद परिषद्, मन्त्रालय, शिक्षा संस्था, तथा अन्तर्राष्ट्रिय सङ्गठनहरूसँग सहकार्य गर्दै नेपाली खेलकर्मीलाई विदेशमा प्रशिक्षण र प्रतिस्पर्धाका अवसरहरू उपलब्ध गराइने छन् । यसबाट रोजगारी, पर्यटन र आर्थिक समृद्धिमा समेत टेवा पुग्ने छ ।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको खेलाडीहरूलाई आगामी १० वर्षको लक्ष्य नेपाललाई एसियाली तथा विश्व खेल नक्शामा उभ्याउने हो । यस अवधिमा देशभर एकीकृत खेल पूर्वाधार को विकास, १०,०००+ प्रशिक्षक उत्पादन, हजारौं खेलकर्मीको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहभागिता, र सामाजिक रूपान्तरणमा खेलकुदको प्रभावशाली हस्तक्षेप गरिनेछ ।

अन्त्यमा म यही भनाइबाट मन्तव्य समाप्त गर्न चाहन्छु ।

"राष्ट्र केवल नक्साबाट बनिँदैन । राष्ट्र बनाउँछन् सपना देख्ने युवा, पसीना बगाउने खेलाडी, मार्गदर्शन गर्ने प्रशिक्षक, योजना बनाउने नेतृत्व र समर्थन गर्ने जनताले ।"

मदन भण्डारी स्पोर्ट्स एकेडेमी तपाईहरूको नै संस्था हो । यो केवल पदक जित्ने संस्थान होइन, राष्ट्र निर्माण गर्ने आन्दोलनको केन्द्र हो ।

हामी सबै मिलेर अब खेलकुदबाट राष्ट्र बदल्ने युगको प्रारम्भ गरौं ।

# संस्थाको परिचय र उद्देश्य

## संस्थाको परिचय

जनताको बहुदलीय जनवादका प्रतिपादक, दूरदृष्टि सम्पन्न राजनीतिज्ञ तथा सच्चा राष्ट्रभक्त जननेता मदन भण्डारीको स्मृतिमा समर्पित संस्था हो, मदन भण्डारी स्पोर्ट्स एकेडेमी । उहाँको विचार, सिद्धान्त, दर्शन र नेपाली समाजप्रतिको निःस्वार्थ समर्पणबाट प्रेरणा लिएर नेपाली खेलकुद क्षेत्रमा नयाँ युगको सुरुवात गर्ने उद्देश्यका साथ संस्था दर्ता ऐन २०३४ बमोजिम मदन भण्डारी स्पोर्ट्स एकेडेमी स्थापना गरिएको हो ।

२०६६ साल पौष १६ गते, काठमाडौंमा आयोजित विशेष समारोह मार्फत नेकपा एमालेका प्रभावशाली नेता तथा हालका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीको संरक्षण र प्रेरणामा एकेडेमीको औपचारिक घोषणा गरियो । सो अवसरमा रमेश सिलवाल संस्थापक अध्यक्षको रूपमा चयन हुनुभयो । २०७२ साल बैशाख १० गते बिनोदकुमार श्रेष्ठ चुनिनुभयो ।

२०७८ पौष १७ गते, ध्रुव आचार्यको नेतृत्वमा महाधिवेशन मूल आयोजक समिति गठन गरियो, जसले नीति निर्माण, साङ्गठनिक पुनरावलोकन, र अधिवेशन तयारी लगायतमा महत्वपूर्ण भूमिका खेल्यो । त्यसैको सकृयतामा, २०७८ फागुन ८ गते सम्पन्न अधिवेशनबाट ध्रुव आचार्य अध्यक्षमा चयन हुनुभयो ।

ध्रुव आचार्यको नेतृत्वमा एकेडेमीले उल्लेखनीय प्रगति गरेको छ । सातवटै प्रदेशमा सशक्त सङ्गठनात्मक उपस्थिति कायम राख्दै, ५५ वटा जिल्ला समिति र ४७६ वटा पालिका समिति गठन गरिसकेको छ । यी संरचनाहरूले स्थानीय तहमा खेलकुद गतिविधि सञ्चालनमा महत्वपूर्ण योगदान पुर्याइरहेका छन् ।

एकेडेमीको कार्य सङ्गठन विस्तारमै सीमित छैन । यसले विद्यालय, क्याम्प, पालिका र प्रदेश तहमा प्रशिक्षण, प्रतियोगिता तथा खेलकुद प्रवर्द्धनका विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यस्ता कार्यक्रमहरूले युवामा अनुशासन, नेतृत्व क्षमता, सामाजिक उत्तर दायित्व र राष्ट्रिय भावनाको विकासमा टेवा पुऱ्याएका छन् ।

महिला सशक्तीकरण र समावेशी खेलकुद विकासमा पनि एकेडेमीले विशेष ध्यान दिएको छ । महिला खेलाडीहरूको सहभागिता र सङ्ख्यामा उल्लेखनीय वृद्धि हुनु यसैको प्रतिफल हो । हरेक उमेर समुह लाभान्वित हुने ऐतिहासिक क्रियाकलापहरू भइरहेका छन् ।

साथै, शिक्षा, स्वास्थ्य र जीवनशैलीसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्दै एकेडेमीले सक्रिय जीवनशैलीको प्रवर्द्धन, सामाजिक समावेशीकरण र आर्थिक अवसरहरूको सिर्जनामा समेत योगदान पुऱ्याइरहेको छ ।

एकेडेमीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद महासंघहरूसँग सहकार्य गरी नेपाली खेलकुदलाई विश्वमञ्चमा प्रस्तुत गर्ने प्रयत्न गरिरहेको छ । विभिन्न प्रकारका खेल विधाहरूको प्रतियोगिता, प्रशिक्षण क्याम्प, अन्तरदेशीय आदान-प्रदान कार्यक्रम तथा अवलोकन भ्रमणमार्फत खेलाडी, प्रशिक्षक र पदाधिकारीको क्षमतामा उल्लेखनीय वृद्धि हुँदै गएको छ ।

यस संस्थाले युवाको क्षमता अभिवृद्धि र उनीहरूलाई सकारात्मक ऊर्जा दिँदै राष्ट्र निर्माणमा योगदान दिने उद्देश्य राखेको छ । ग्रामीण भेगका प्रतिभावान तर अवसरविहीन युवाहरूसमक्ष पहुँच बनाउँदै उनीहरूलाई खेलकुदमार्फत जीवन परिवर्तनको अवसर प्रदान गर्नु एकेडेमीको दीर्घकालीन लक्ष्य हो ।

एकेडेमीले नेपाली खेलकुदको भविष्य उज्यालो बनाउन रणनीतिक योजना बनाउँदै आएको छ । यसमा खेलकुद पूर्वाधार निर्माण, प्राविधिक जनशक्ति उत्पादन, खेल सामग्रीको पहुँच र खेल विज्ञानमा आधारित कार्यक्रमहरूको प्रवर्द्धन समावेश छन् ।

खेलकुदलाई व्यावसायिक बनाउने दिशामा पनि एकेडेमीले योजनाहरू सुरु गरिसकेको छ । यसले खेलकुदलाई रोजगारको स्रोत र युवा सशक्तीकरणको माध्यमका रूपमा स्थापित गर्ने दिगो सोच बोकेको छ ।

बालबालिका तथा किशोर-किशोरी लक्षित कार्यक्रमहरू, विद्यालय स्तरीय प्रतियोगिता, महिला नेतृत्व विकास तालिम, अपाङ्गता भएका व्यक्तिहरूको लागि समावेशी खेल योजना र बहुसांस्कृतिक खेल मेलाहरू यस संस्थाको गतिशील कार्यक्रमहरूमध्ये पर्छन् ।

एकेडेमीले समयानुकूल सूचना प्रविधिको प्रयोग गर्दै प्रशिक्षण र व्यवस्थापन प्रणालीलाई डिजिटलरूपमा रूपान्तरण गर्ने कार्य पनि अघि बढाएको छ । खेलकुद सम्बन्धी डाटा बैंक, अनलाइन प्रशिक्षण प्लेटफर्म र मोबाइल एप विकासका माध्यमबाट आधुनिक प्रविधि र पारदर्शिता सुनिश्चित गर्ने दिशामा पनि अगाडि बढिरहेको छ ।

यस्ता समावेशी, सशक्त र रणनीतिक गतिविधिहरूका कारण मदन भण्डारी स्पोर्ट्स एकेडेमी अब केवल खेलकुद संस्था मात्र नभएर सामाजिक रूपान्तरणको प्रेरणादायी अभियान बन्न पुगेको छ ।

जननेता मदन भण्डारीको आदर्श, त्याग र समर्पणबाट प्रेरित मदन भण्डारी स्पोर्ट्स एकेडेमी आज राष्ट्रिय खेलकुदको विकास र सशक्तीकरणको अग्रणी संस्था बनिसकेको छ । सामाजिक रूपान्तरण र राष्ट्र निर्माणको अभियानमा खेलकुदलाई माध्यम बनाएर यो संस्था दिगो परिवर्तन र सकारात्मक भविष्यको बाटो खोलिरहेको छ ।

## स्थापना उद्देश्य

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको स्थापना नेपालको खेलकुद क्षेत्रलाई व्यवस्थित, समावेशी र दिगो विकासको मार्गमा अघि बढाउने स्पष्ट उद्देश्यका साथ गरिएको हो । जननेता मदन भण्डारीको राष्ट्रवादी विचार, अनुशासनप्रिय जीवनशैली र सामाजिक रूपान्तरणको दृष्टिकोणबाट प्रेरणा लिँदै, एकेडेमीले खेलकुदलाई मात्र शारीरिक क्रियाकलापको रूपमा होइन, सामाजिक र राष्ट्रिय उत्थानको सशक्त माध्यमको रूपमा विकास गर्ने लक्ष्य राखेको छ ।

**एकेडेमीको प्रमुख उद्देश्यहरू यसप्रकार छन्** :

- युवाहरूको क्षमता विकास : नेपाली युवालाई खेलकुदमार्फत शारीरिक, मानसिक, र नैतिक रूपमा सक्षम बनाउँदै राष्ट्र निर्माणमा अग्रणी भूमिका निर्वाह गर्न प्रेरित गर्नु ।
- राष्ट्रिय एकता र सामाजिक समावेशिता प्रवर्द्धन : विविधता युक्त नेपाली समाजमा खेलकुदको माध्यमबाट सहिष्णुता, समरसता र आपसी सद्भावको भावना अभिवृद्धि गर्नु ।
- स्थानीयदेखि अन्तर्राष्ट्रिय स्तरसम्म खेलकुदको प्रवर्द्धन : विद्यालय, क्याम्प, पालिका र प्रदेश स्तरमा प्रशिक्षण तथा प्रतियोगितामार्फत प्रतिभा पहिचान र विकास गर्दै अन्तर्राष्ट्रिय मञ्चमा नेपाली खेलाडीको उपस्थिति सुदृढ गर्नु ।
- अनुशासन र नेतृत्व विकास : खेलकुदमार्फत अनुशासन, आत्मनियन्त्रण, समय व्यवस्थापन र निर्णय क्षमता जस्ता गुणहरूको विकास गर्दै युवा पुस्तालाई नेतृत्वका लागि तयार पार्नु ।
- महिला सशक्तीकरण र समावेशी सहभागिता : महिलाहरू, दलित, जनजाति, मधेसी, मुस्लिम, आदिवासी तथा अपाङ्गता भएका व्यक्तिहरूलाई खेलकुदको मूलधारमा ल्याउने सुनिश्चितता कायम गर्नु ।
- स्वस्थ जीवनशैली र सामाजिक सचेतना प्रवर्द्धनः खेलकुदलाई माध्यम बनाउँदै स्वास्थ्य, पोषण, मानसिक सन्तुलन र समुचित जीवनशैलीको विकासमा योगदान दिनु ।
- भौतिक तथा संस्थागत पूर्वाधार विकास : खेल मैदान, प्रशिक्षण केन्द्र, खेल सामग्री तथा मानव संसाधन विकासमार्फत दिगो खेलकुद पूर्वाधार निर्माण गर्नु ।
- प्रशिक्षक र प्राविधिक जनशक्ति उत्पादन : दक्ष प्रशिक्षक, निर्णायक, व्यवस्थापक, र संयोजक उत्पादन गर्दै घरेलु स्रोतमै भर पर्ने प्रणाली विकास गर्नु ।
- खेलकुदमा नवप्रवर्तन र प्रविधि प्रयोग प्रवर्द्धन : आधुनिक विज्ञान, प्रविधि र डेटा विश्लेषणलाई खेलकुदमा अपनाउँदै प्रतिस्पर्धात्मक क्षमताको वृद्धि गर्नु ।
- खेल पर्यटन र आर्थिक सशक्तीकरण : खेलकुदसँग जोडिएका अवसरहरूको उपयोग गर्दै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्नु, जसबाट स्थानीय तथा राष्ट्रिय आर्थिक गतिविधिमा टेवा मिलोस् ।
- शिक्षा र खेलकुदको समायोजन : विद्यालय तथा विश्वविद्यालयहरूसँग सहकार्य गर्दै शिक्षासँगै खेलकुदको सन्तुलित विकासलाई प्रवर्द्धन गर्नु ।
- समुदायमा सहकार्य र जिम्मेवारी भावना विकास : स्थानीय समुदायको सहभागिता र सहकार्यमा आधारित कार्यक्रमहरू सञ्चालन गर्दै खेलकुदलाई सामुदायिक विकासको औजार बनाउनु ।
- राष्ट्रिय गौरव र पहिचानको निर्माण : अन्तर्राष्ट्रिय स्तरमा नेपाली खेलाडी तथा टोलीको पहिचान बनाउँदै राष्ट्रको सम्मान र स्वाभिमान बढाउनु ।
- खेल शिक्षा बिस्तार गर्दै हरेक उमेर समुहलाई यसतर्फ आकर्षण गर्दै स्वस्थ र समृद्ध भविष्य सुनिश्चित गर्नु । लगायत
- मूलतः, मदन भण्डारी स्पोर्ट्स एकेडेमीले खेलकुदलाई बहुआयामिक सामाजिक परिवर्तनको साधनको रूपमा आत्मसात गरेको छ । यसको उद्देश्य केवल प्रतिस्पर्धा र जितमा सीमित नभई, खेलकुदमार्फत समावेशी समाज निर्माण, राष्ट्रप्रेमको विकास, र सामाजिक न्यायको स्थापनासम्म फैलिएको छ । मदन भण्डारीको आदर्शलाई व्यवहारमा उतार्ने माध्यमको रूपमा, एकेडेमीको उद्देश्य दीर्घकालीन, वैज्ञानिक, र राष्ट्रिय भावनाले प्रेरित छ ।

## संस्थापकहरू र सुरुवातको इतिहास

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको सुरुवात नेपाली खेलकुद क्षेत्रको रूपान्तरण गर्ने दृढ सङ्कल्पसहित भएको थियो । जननेता मदन भण्डारीको स्मृतिमा स्थापित यस संस्थाले राष्ट्रिय गौरव, सामाजिक समावेशिता र अनुशासित युवाशक्तिको निर्माण गर्ने उद्देश्य बोकेको छ । यसको औपचारिक सुरुवात २०६६ साल पौष १७ गते, काठमाडौंमा आयोजित एक विशेष समारोहबाट गरिएको थियो ।

### संरक्षक तथा परिकल्पनाकार - केपी शर्मा ओली

एकेडेमीको संरक्षकत्व नेपालको राष्ट्रिय राजनीतिका दूरदर्शी, प्रभावशाली नेता, हाल नेकपा (एमाले) अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीबाट प्राप्त भएको हो । उहाँको संरक्षण, परिकल्पना, प्रेरणा र स्पष्ट दृष्टिकोणले एकेडेमीलाई स्थापनाकालमै दृढ मार्गदर्शन प्राप्त भयो । खेलकुदको माध्यमबाट राष्ट्रिय एकता, अनुशासन र सामाजिक न्याय प्रवर्द्धन गर्नुपर्छ भन्ने उहाँको अवधारणाले एकेडेमीको दिशा निर्धारणमा महत्वपूर्ण भूमिका खेलेको थियो ।

### संस्थापक अध्यक्ष - रमेश कुमार सिलवाल

एकेडेमीको पहिलो अध्यक्षको रूपमा रमेश कुमार सिलवाल चयन हुनुभयो । उहाँको युवाशक्ति, संस्थागत सोच र नेतृत्वले सुरुवाती चरणमा एकेडेमीलाई सङ्गठित, ऊर्जाशील र उद्देश्यकेन्द्रित बनाउने कार्यमा योगदान पुऱ्यायो । उहाँको कार्यकालमा संस्थाको संरचना निर्माण, कार्यक्रमहरूको अवधारणा र कार्यान्वयन र  सञ्जाल विस्तारको जग बस्यो ।

### दोश्रो कार्यकालको अध्यक्ष - विनोद श्रेष्ठ

२०६२ साल बैशाख १० गते विनोद श्रेष्ठ एकेडेमीको दोश्रो अध्यक्षका रूपमा चयन हुनु भयो, उहाँको नेतृत्वमा संस्थाको विभिन्न तहमा संगठन विस्तार गर्ने क्रमको शुरुवात भयो । विभिन्न प्रतियोगिताका सथ संस्थागत गतिविधिहरूमा सम्पन्न भएका थिए ।

### संस्थागत घोषणा र पहिलो चरणका कार्यहरू

२०६६ सालको संस्थागत घोषणापछि, एकेडेमीले आफ्नो पहिलो कार्ययोजनाअन्तर्गत जिल्ला तहमा सञ्जाल विस्तार, खेल प्रशिक्षक तालिम, विद्यालय स्तरका प्रतियोगिता, र युवालाई लक्षित सचेतना कार्यक्रमहरू तय गऱ्यो । त्यसबेला एकेडेमीको नारा थियो – 'खेलकुदमार्फत सामाजिक रूपान्तरण'।

### स्थापना अवधिको ऐतिहासिक महत्व

२०६६ सालको यो सुरुवात केवल संस्थागत पहल मात्र थिएन, यो नेपाली खेलकुद क्षेत्रका लागि नयाँ युगको आरम्भ थियो । यस संस्थाले मदन भण्डारीको विचारलाई व्यवहारमा उतार्दै राष्ट्रनिर्माणमा खेलकुदको भूमिका पुष्टि गर्ने ऐतिहासिक कदम चालेको हो ।

## २.३ राजनीतिक, सामाजिक र सांस्कृतिक सन्दर्भमा एकेडेमीको भूमिका

मदन भण्डारी स्पोर्ट्स एकेडेमी केवल खेलकुद गतिविधिमा सीमित संस्था होइन, यो संस्था राष्ट्रिय पुनर्निर्माण, सामाजिक एकता, र सांस्कृतिक समृद्धिको एक गतिशील अभियान पनि हो । जननेता मदन भण्डारीको राजनीतिक दर्शन र जनमुखी विचारधाराबाट प्रेरित भई स्थापित यो एकेडेमीले नेपाली समाजमा खेलकुदलाई सामाजिक परिवर्तनको सशक्त माध्यमका रूपमा प्रयोग गर्दै आएको छ ।

### राजनीतिक सन्दर्भमा भूमिका

नेपालको राजनीतिक सङ्क्रमण, लोकतान्त्रिक विकास र राष्ट्रिय समृद्धिको अभियानसँग एकेडेमीको कार्यधारा गहिरो रूपमा जोडिएको छ । जनताको सहभागिता, युवा सशक्तीकरण र नेतृत्व विकासमा केन्द्रित कार्यक्रमहरूले एकेडेमीले राजनीतिक चेतना फैलाउने, लोकतान्त्रिक मूल्यको संरक्षण गर्ने र राष्ट्रप्रतिको उत्तरदायित्व अभिवृद्धि गर्ने कार्य गरिरहेको छ ।

विशेषतः राजनीतिक स्थिरता र लोकतान्त्रिक अभ्यासलाई मजबुत पार्न, एकेडेमीले युवालाई खेलकुदको माध्यमबाट अनुशासित, जिम्मेवार र राष्ट्रप्रेमी नागरिक बनाउने दिशामा काम गर्दै आएको छ । संस्थाको कार्यक्रमहरूले युवामा नेतृत्व विकास, सामूहिक सोच, निर्णय क्षमता र सकारात्मक राष्ट्र निर्माणको भावना जगाउने कार्य गर्दै आएका छन् ।

### सामाजिक सन्दर्भमा भूमिका

नेपाली समाज विविधताले भरिएको छ, जातीय, क्षेत्रीय, भाषिक र सांस्कृतिक रूपमा यस्ता विविधता भित्र समावेशिता, सामाजिक समानता र एकता कायम गर्नु आजको प्रमुख आवश्यकता हो । यस सन्दर्भमा, एकेडेमीले खेलकुदलाई सामाजिक समरसता, सौहार्द र

एकताको माध्यमको रूपमा प्रयोग गर्दै आएको छ ।

विद्यालयदेखि गाउँ, नगर र प्रदेशस्तरसम्म सञ्चालित प्रशिक्षण शिविर, प्रतियोगिता र अभिमुखिकरण कार्यक्रमहरूले विभिन्न समुदायका युवा, बालबालिका र महिलालाई समेटेर साझा सामाजिक सम्बन्ध निर्माणमा टेवा पुऱ्याएका छन् । यस्ता कार्यक्रमले सामाजिक अन्तक्रिया, संवाद र सहयोग प्रवर्द्धन गर्ने माध्यमका रूपमा कार्य गरेका छन् ।

महिला सशक्तीकरण, अपाङ्गता भएका व्यक्तिहरूको समावेशी सहभागिता तथा आर्थिक वा भौगोलिक रूपले पछाडि परेका समुदायहरूमाझ खेलकुदमार्फत आत्मविश्वास र क्षमताको विकासमा एकेडेमीको भूमिका विशेष रहँदै आएको छ ।

### सांस्कृतिक सन्दर्भमा भूमिका

नेपालको समृद्ध सांस्कृतिक विविधता राष्ट्रको गौरव हो । एकेडेमीले खेलकुदलाई केवल प्रतिस्पर्धाको विषय नभई, संस्कृति संरक्षण र प्रवर्द्धनको अङ्गको रूपमा लिएको छ । विभिन्न कार्यक्रम र प्रतियोगिताहरूमा स्थानीय र राष्ट्रिय सांस्कृतिक प्रस्तुति समावेश गरिँदा खेलकर्मीहरूमा सांस्कृतिक चेतना र गर्वको भावना विकास हुने गर्छ ।

यसरी खेल र संस्कृतिको संयोजनले युवाहरूलाई आफ्ना मौलिक पहिचानप्रति गर्व गर्न सिकाउँछ, जसले राष्ट्रिय एकता र समर्पणको भावना थप मजबुत बनाउँछ । साथै एकेडेमीद्वारा आयोजित राष्ट्रिय महोत्सव, शुभकामना समारोह, सांस्कृतिक प्रदर्शन तथा उद्घाटन/समापन कार्यक्रमहरूमा सांस्कृतिक प्रस्तुतीकरणको माध्यमबाट नेपालका विभिन्न जातजाति र भाषिक समुदायहरूलाई प्रतिनिधित्व गराउने प्रयास प्रशंसनीय छ ।

## ३. संगठन संरचना र नेतृत्व यात्रा

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको सङ्गठन संरचना दृढ, समावेशी र उद्देश्यपरक ढंगले विकास गरिएको छ । नेतृत्वको स्पष्ट मार्गदर्शन, सांगठनिक अनुशासन र कार्यदक्ष व्यवस्थापनले एकेडेमीलाई नेपालको खेलकुद क्षेत्रमा एक प्रभावशाली संस्था बनाएको छ । स्थापना कालदेखि हालसम्म विभिन्न चरणमा नेतृत्वले संस्थालाई रणनीतिक दिशा दिँदै विविध उपलब्धि हासिल गरेको छ ।

संस्थाको संस्थापक अध्यक्ष रमेश सिलवाल रहनुभयो । दोश्रो अध्यक्ष बिनोदकुमार श्रेष्ठ हुनुभयो । हाल उसको नेतृत्व ध्रुव आचार्यले गरिर हनुभएको छ ।

### ३.१ हालको नेतृत्वमा प्रगतिको गति

२०७८ फागुन ८ गते सम्पन्न अधिवेशनबाट ध्रुव आचार्य एकेडेमीको अध्यक्षमा चयन हुनुभयो । उहाँको दूरदर्शी नेतृत्वमा संस्थाले केन्द्रीय, प्रदेश, जिल्ला र पालिका तहसम्म मजबुत सङ्गठनात्मक उपस्थिति कायम गरेको छ। हालसम्म ५५ वटा जिल्ला समिति र ४७६ पालिका समिति गठन भइसकेका छन् ।

ध्रुव आचार्यको कार्यकालमा विद्यालयस्तरीय कार्यक्रम, महिला सहभागिता प्रवर्द्धन, प्रशिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि राष्ट्रव्यापी खेल अभियानहरू प्रभावकारी रूपमा अघि बढाइएका छन् । संस्थाले समावेशी नेतृत्व अभ्यास गर्दै जातीय, क्षेत्रीय र लैङ्गिक विविधता सुनिश्चित गरेको छ ।

### ३.२ साङ्गठनिक संरचना : केन्द्रदेखि पालिका तहसम्म

एकेडेमीको संरचना निम्नानुसार रहेको छ :

- केन्द्रीय समिति : अध्यक्ष, उपाध्यक्षहरू, महासचिव, सचिवहरू, कोषाध्यक्ष, सदस्यहरू सहितको एक सुदृढ कार्यसमिति ।
- प्रदेश समिति (७ वटा) : हरेक प्रदेशमा पूर्ण कार्यसमिति गठन, कार्यक्रम कार्यान्वयन र समन्वय ।
- जिल्ला समिति (५५+) : जिल्ला तहमा खेलकुद गतिविधि सञ्चालन, स्थानीय सहकार्य र प्रशिक्षक व्यवस्थापन ।
- पालिका समिति (४७६+) : स्थानीय युवाहरूलाई लक्षित खेल गतिविधि, प्रशिक्षण तथा समावेशी सहभागिता विस्तार ।

### ३.३ सल्लाहकार र विशिष्ट समिति संरचना

एकेडेमीमा विभिन्न क्षेत्रका विषय विज्ञ, अनुभवी खेलप्रेमी, प्रशिक्षक, पूर्वखेलाडी तथा नीति निर्माताहरू समावेश गरेर सल्लाहकार समिति तथा बहुआयामिक उध्येश्यका विभिन्न विधागत विभाग र विशेष संरचनाहरू रहेका छन् ।

### ३.४ पारदर्शिता र जवाफदेहिता

सङ्गठनको सबै तहमा आन्तरिक लेखापरिक्षण, नियमित प्रतिवेदन प्रणाली र सार्वजनिक जानकारी प्रवाहको अभ्यास रहेको छ । वार्षिक अधिवेशन, प्रगति मूल्याङ्कन बैठक र मूल्याङ्कन रिपोर्टहरूका आधारमा नेतृत्व जवाफदेही रहन्छ ।

### ३.५ केन्द्र, प्रदेश, जिल्ला र पालिका समितिहरू

मदन भण्डारी स्पोर्ट्स एकेडेमीले आफ्नो सङ्गठनात्मक विस्तारलाई राष्ट्रिय तहदेखि स्थानीय तहसम्म मजबुत र सशक्त बनाउने उद्देश्यले, स्पष्ट संरचना र जिम्मेवारीसहित केन्द्र, प्रदेश, जिल्ला तथा पालिका तहका समिति गठन गर्दै आएको छ । यी समितिहरूले राष्ट्रिय रणनीतिलाई स्थानीय तहमा कार्यान्वयन गर्न, खेलकुद गतिविधिहरू सञ्चालन गर्न र युवालाई सक्रिय बनाउने कार्यमा महत्वपूर्ण भूमिका खेलेका छन् ।

### केन्द्रीय कमिटी

एकेडेमीको मूल निर्णय गर्ने, रणनीति तय गर्ने र देशभरका गतिविधिलाई समन्वय गर्ने कार्य केन्द्रीय समितिबाट सञ्चालन हुन्छ । अध्यक्षको नेतृत्वमा रहेको यो समिति नीति निर्माण,

अन्तर्राष्ट्रिय समन्वय र राष्ट्रिय कार्यक्रमको आयोजना तथा अनुगमनमा क्रियाशील छ । केन्द्रीय समितिमा अनुभवी खेलप्रेमी, युवा नेतृत्व, प्रशासनिक दक्षता भएका व्यक्ति तथा विभिन्न खेल क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरूको समावेश गरिन्छ ।

## प्रदेश कमिटीहरू

सातवटै प्रदेशमा एकेडेमीले सक्रिय रूपमा प्रदेश समिति गठन गरिसकिएको छ । यी समितिहरूले प्रदेशस्तरीय कार्यक्रम, प्रतियोगिता, प्रशिक्षण र कार्यशाला सञ्चालन गर्ने जिम्मेवारी पाएका छन् । केन्द्रबाट प्राप्त मार्गदर्शनअनुसार, प्रदेशले आफ्ना जिल्लाहरू समन्वय गरी प्रदेशस्तरीय रणनीति तय गर्छ । प्रदेश समितिको भूमिकाले केन्द्र र जिल्लाबीचको सेतुको रूपमा कार्य गर्छ ।

## जिल्ला समितिहरू

एकेडेमीले हालसम्म ५५ वटा जिल्लामा जिल्ला समिति गठन गरिसके को छ । यी समितिहरूले जिल्ला तहमा खेलकुद अभियान सञ्चालन, विद्यालय तथा समुदाय केन्द्रित कार्यक्रम विस्तार, प्रशिक्षक उत्पादन, तथा स्थानिय खेलाडी पहिचान र अभिवृद्धिमा काम गरिरहेका छन् । जिल्ला समिति खेलकुदको पहुँचलाई गाउँ-बस्तीसम्म पुऱ्याउने महत्वपूर्ण आधारस्तम्भ हो ।

## पालिका समितिहरू

स्थानीय तहमा खेलकुदको पहुँच विस्तार गर्न ४७६ वटा पालिकामा समितिहरू गठन गरिएको छ । पालिका समिति खेल अभ्यास केन्द्रको सञ्चालन, विद्यालयसँगको सहकार्य, स्थानिय खेल प्रतिस्पर्धा आयो जना, र युवालाई नियमित गतिविधिमा संलग्न गराउने कार्यमा अग्रसर छन् । पालिकास्तरमै खेलको संस्कार विकास गर्ने उद्देश्यसहित यी समितिहरूले सक्रियता देखाइरहेका छन् ।

## संरचनागत समन्वय र प्रभाव

यी चार तहमा रहेका समितिहरूबीच समन्वय, कार्य वितरण र अनुगमनको स्पष्ट प्रक्रिया तय गरिएको छ । प्रत्येक तहमा वार्षिक योजना, मासिक बैठक, तथा कार्यक्रम प्रतिवेदनको अभ्यासद्वारा पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गरिएको छ ।

यसै संरचनागत विस्तारको कारण, मदन भण्डारी स्पोर्ट्स एकेडेमी नेपालको सबैभन्दा व्यापक र सक्रिय खेलकुद संस्था बन्न सफल भएको छ । देशभरका युवालाई सङ्गठित गर्दै, खेलकुदलाई सामाजिक परिवर्तन र राष्ट्रनिर्माणको प्रमुख माध्यम बनाउने कार्यमा यी समितिहरूको भूमिका अतुलनीय छ ।

## केन्द्रीय अधिवेशन आयोजक कमिटी गठन

२०७८ साल पुष १७ गतेका दिन मदन भण्डारी स्पोर्ट्स एकेडेमीको ऐतिहासिक नयाँ यात्राको औपचारिक प्रारम्भ भयो । सो अवसरमा एकेडेमीका संरक्षक, प्रभावशाली, जनप्रिय नेता एवं सम्माननीय पूर्व प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूको प्रमुख आतिथ्यतामा, तथा अध्यक्ष विनोद श्रेष्ठज्यूको अध्यक्षतामा सम्पन्न विशेष बैठकले संस्थाको दीर्घकालीन दृष्टिकोण र दिगो संस्थागत विकासका लागि महत्वपूर्ण निर्णयहरू गरेको थियो ।

उक्त बैठकमार्फत एकेडेमीको प्रथम अधिवेशनको तयारीका निम्ति खेलकर्मी तथा युवा नेता ध्रुव आचार्यको संयोजकत्वमा २५ सदस्यीय अधिवेशन आयो जक समिति औपचारिक रूपमा गठन गरिएको थियो । बैठकको समापनमा अध्यक्ष श्रेष्ठले उक्त समितिका संयोजक ध्रुव आचार्यलाई निर्णयसहितको माइन्युट औपचारिक रूपमा हस्तान्तरण गर्नुभएको थियो, जसले समितिलाई विधिवत रूपमा आफ्नो जिम्मेवारी प्रारम्भ गर्ने आधार प्रदान गऱ्यो ।

यस ऐतिहासिक अवसरमा एकेडेमीको औपचारिक स्थापनाको प्रतीकस्वरूप संरक्षक केपी शर्मा ओलीले शुभकामना व्यक्त गर्दै केक काटेर कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।

## प्रथम केन्द्रीय अधिवेशन

अधिवेशन आयोजक समितिको संयोजक ध्रुव आचार्यको नेतृत्वमा सम्पन्न व्यापक तयारीहरू पश्चात्, २०७८ फागुन ८ गते राजधानी काठमाडौंस्थित अल्फाविटा हाउसमा मदन भण्डारी स्पोर्ट्स एकेडेमीको प्रथम केन्द्रीय अधिवेशन अत्यन्तै भव्य, मर्यादित र उत्साहजनक वातावरणमा सम्पन्न भयो ।

अधिवेशनमा संरक्षक एवम् सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यता रहेको थियो भने नेपाल सरकारका उपप्रधान तथा अर्थमन्त्री माननीय विष्णुप्रसाद पौडेल विशिष्ट अतिथि हुनुहुन्थ्यो

सो अवसरमा मदन भण्डारी फाउण्डेसनका अध्यक्ष उषा किरण भण्डारी, एकेडेमीका संस्थापक अध्यक्ष तथा राष्ट्रिय खेलकुद परिषद्का तत्कालीन सदस्य सचिव रमेश कुमार सिलवाल र विविध क्षेत्रका विशिष्ट व्यक्तित्वहरूको सहभागिताले अधिवेशनलाई अत्यन्तै गरिमामय बनाएको थियो ।

उक्त ऐतिहासिक अधिवेशनले एकेडेमीको सांगठनिक संरचना, कार्ययो जना तथा भविष्यको मार्गदिशालाई स्पष्ट रूपमा परिभाषित गर्दै संस्थागत विकासको नयाँ युगको उद्घाटन गरेको थियो ।

## प्रथम राष्ट्रिय भेला

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा २०७९ साल चैत्र २३ गते लुम्बिनीमा प्रथम राष्ट्रिय भेला ऐतिहासिक रूपमा सम्पन्न भयो । यो भेला संस्थाको सांगठनिक सुदृढीकरण, कार्यगत समन्वय र राष्ट्रिय सञ्जाल विस्तारको दृष्टिकोणले अत्यन्तै महत्वपूर्ण मानिन्छ ।

उक्त भेलामा संरक्षक एवम् सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यता रहेको थियो भने अध्यक्षता संस्थाका अध्यक्ष ध्रुव आचार्यले गर्नुभएको थियो । समारोहमा उपप्रधान तथा अर्थमन्त्री माननीय विष्णु प्रसाद पौडेल विशिष्ट अतिथि हुनुहुन्थ्यो ।

भेलामा केन्द्रीय समिति, विभिन्न विभागीय संयन्त्र, सातै प्रदेशका प्रतिनिधिहरू, जिल्लास्तरका पदाधिकारीहरू, तथा पालिकास्तरका संयोजक, सदस्यहरू गरी २,२५० जना प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो । यस सहभागिताले संस्थाको राष्ट्रिय सञ्जाल, साङ्गठनिक एकता तथा परिचालन क्षमतालाई स्पष्ट रूपमा प्रदर्शन गरेको थियो ।

## संस्थागत उपलब्धिहरू

**१. खेलाडीहरूको अन्तर्राष्ट्रिय स्तरमा प्रगति** : एकेडेमीका खेलाडीहरूले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा पदक र पुरस्कार जित्न सफल भएका छन्, जसले एकेडेमीको अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्ठा बनाएको छ ।

**२. व्यवसायिक खेलका लागि मार्गदर्शन** : एकेडेमीले खेलाडीहरूलाई व्यवसायिक खेल जीवनमा प्रवेश गर्नका लागि आवश्यक मार्गदर्शन र अवसरहरू प्रदान गरेको छ यसले युवा खेलाडीहरूको खेल जिवनलाई अझ प्रगति गर्न मद्दत पुऱ्याएको छ ।

**३. शारीरिक र मानसिक स्वास्थ्यको समृद्धि** : एकेडेमीले खेलाडीहरूको शारीरिक मात्र होइन, मानसिक स्वास्थ्यको पनि ख्याल राख्छ । खेलकुदले मानसिक बल र आत्मविश्वासमा वृद्धि गर्ने भएकाले यसमा ध्यान दिइन्छ ।

**४. अवसरहरूको बढावा** : एकेडेमीले स्थानीय र अन्तर्राष्ट्रिय खेल सङ्गठनसँगको सहकार्यका माध्यमबाट खेलाडीहरूको अवसरहरू बढाउँदै, उनीहरूको उज्जवल भविष्य निर्माण गर्न मद्दत गरेको छ ।

**५. समाजमा खेलको विकास** : मदन भण्डारी स्पोर्ट्स एकेडेमीले खेलकुदको लोकप्रियता र यसको समाजमा सकारात्मक प्रभाव फैलाउन विभिन्न अभियान र कार्यक्रमहरूको आयोजना गरेको छ ।

**६. सुविधाजनक खेल मैदान र आधुनिक उपकरणहरू** : एकेडेमीले प्रशिक्षित खेलाडीहरूलाई गुणस्तरीय सुविधा र आधुनिक उपकरणहरूको उपलब्धता सुनिश्चित गरेको छ, जसले उनीहरूको प्रदर्शनमा सुधार ल्याएको छ ।

**७.खेलकुद पर्यटनको प्रवर्द्धन** : राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेल प्रतियोगिताहरूले विदेशी पर्यटक र खेल प्रेमीहरूलाई आकर्षित गरे को छ । यसले होटल, रेस्टुरेन्ट, यात्रा, र अन्य सेवामा वृद्धि ल्याएको छ ।

**८. आर्थिक गतिविधि र रोजगारीको सिर्जना** : प्रतियोगिता आयोजना र सम्बन्धित सेवा उद्योग खेल आयोजकहरू, सुरक्षा, खाना, यातायात, आवास र अन्य सेवाहरूको लागि रोजगारी सिर्जना गरेको छ । यसले स्थानीय व्यवसाय र अर्थतन्त्रलाई प्रत्यक्ष लाभ पुऱ्याएको छ ।

**९. सप्लाय चेनमा वृद्धि** : खेलकुदसँग सम्बन्धित उपकरण र सामग्रीको आपूर्ति, प्रचार-प्रसार सामग्री, ट्रान्सपोर्ट, निर्माण र अन्य क्षेत्रमा आर्थिक गतिविधिहरूको वृद्धिमा मद्दत पुर्याएको छ ।

**१०. प्रायोजन र विज्ञापन** : खेल प्रतियोगितामा ब्राण्ड र कम्पनीहरूले प्रायोजन र विज्ञापनका अवसरहरू प्राप्त गरेको छ । जसले व्यापारमा वृद्धि ल्याएको छ । यसले अर्थतन्त्रको समृद्धिमा सहयोग गरेको छ ।

**११. स्थानीय उत्पादन र सेवाहरूको प्रवर्द्धन** : नेपाली उत्पादन र सेवाहरूलाई अन्तर्राष्ट्रिय स्तरमा प्रस्तुत गर्नका लागि खेल प्रतियोगिता एक प्रभावशाली माध्यम भएको छ ।

**१२. सांस्कृतिक आदान-प्रदान** : अन्तर्राष्ट्रिय खेल प्रतियोगितामा भाग लिँदा विभिन्न देशका खेलाडीहरू र दर्शकहरू नेपालको संस्कृति र परम्परासँग परिचित हुँदै सांस्कृतिक पर्यटनको विकासमा योगदान पुगेको छ ।

**१३. राजनीतिक उपलब्धी** : एकेडेमीका माध्यमबाट जनताको बहुदलीय जनवादलाई खेलाडीसामु प्रस्तुत गरिएको छ । जसका कारण खेलाडी तथा अफिसियलहरूमा राजनैतिक चेतनाको स्तर वृद्धी भएको छ ।

**१४. संगठन विस्तार** : केन्द्रदेखि वडास्तरसम्मै सङ्गठन विस्तार भएको छ । सङ्गठनको माध्यमबाट समाजमा खेलकुदसंगै जबजको मार्गदर्शनलाई विद्यालय देखी विश्वविद्यालय, राष्ट्रिय स्तर देखी अन्तराष्ट्रिय स्तर सम्म विस्तार गरिएको छ ।

**१५. लागू पदार्थ दुर्व्यसनी** : एकेडेमीद्धारा संचालन गरिएका कार्यक्रमहरूले युवाहरूलाई लागुपदार्थ दुर्वेसनि विरुद्धका वातावरण सिर्जना गर्दै दुर्व्यसनीको विरुद्ध चेतना फैलाउन फैलाएको छ ।

**१६. राष्ट्रियता**: एकेडेमीले आयोजना गरेका कार्यक्रमहरूले खेलकुदको माध्यमले विभिन्न जात, धर्म र संस्कृतिका व्यक्तिहरूलाई एकताबद्ध गर्दै राष्ट्रियता र एकताको भावना बढाउन र युवामा देशप्रेमको भावना जागृत भएको छ ।

# जनताको बहुदलीय जनवाद : युवा र खेलाडी

जनताको बहुदलीय जनवाद नेपाली समाजमा विकसित मौलिक विचार हो । विश्व कम्युनिस्ट आन्दोलनका अनेकौं आरोह अवरोहहरू, यसबाट प्राप्त शिक्षाहरू, नेपाली समाजको मौलिक विशेषता एवम् नेपालको लोकतान्त्रिक तथा वामपन्थी आन्दोलनका अनुभवहरूलाई संश्लेषण गरेर जननेता मदन भण्डारीले यसलाई अगाडि सार्नुभएको हो ।

यसको मुख्य सार वामपन्थी आन्दोलनको लोकतान्त्रीकरण हो । कम्युनिस्ट आन्दोलनमा लामो समयसम्म दुईवटा विषय भ्रम र मिथ्याभाषका रूपमा रहँदै आए, जसले मार्क्सवादको मुल मर्मलाई छायाँमा पार्दै आए । पहिलो–कम्युनिस्टहरू लोकतान्त्रीक हुन सक्दैनन्, कम्युनिस्ट व्यवस्था र लोकतन्त्र सँगसँगै जान सक्दैनन् । कम्युनिस्टहरूले ल्याउने व्यवस्था भनेको अधिनायकवादी, एकदलीय र सर्वसत्तावादी व्यवस्था हो भन्ने भ्रम छर्ने काम भयो । यसैगरी कम्युनिस्टहरूले क्रान्तिपछि सत्ता प्राप्त गरेपछि विपक्षहरूलाई दमन गरेरै नियन्त्रणमा लिनुपर्छ र मार्क्सवाद भनेकै यही हो भन्ने खालका बुझाइहरू लामो समयसम्म कम्युनिस्ट आन्दोलनमा रहे । क्रान्ति सफल गर्नका लागि अबलम्वन गरिने बाटो हिंसाको बाटो हो, हिंसा र क्रान्ति पर्यायवाची हुन् भन्ने मान्यता स्थापित गरियो । जतिबेला लोकतन्त्रको आयतन अत्यन्तै साँघुरो थियो, प्रतिक्रियावादी शासकहरूले आफुसँग असहमत हुनेहरूमाथि बल प्रयोग गरेरै दमन गर्थे । जहाँ शान्तिपूर्ण आन्दोलन अगाडि बढ्न र बढाउन कुनै पनि ठाउँ बाँकी थिएन । त्यस्ता ठाउँहरूमा बल प्रयोग तत्कालिक आवश्यकता भए होला । तर मार्क्सवाद आफैले बल प्रयोगलाई सिद्धान्तको रूपमा बुझ्दैन र बुझाउँदैन । यस्ता भ्रमहरूले विश्व कम्युनिस्ट आन्दोलनमा ठुलो क्षति पनि भयो ।



दोस्रो विश्वयुद्ध भन्दा अगाडिसम्मको अवस्थामा विभिन्न मुलुकहरूमा सशस्त्र क्रान्ति केही हदसम्म सफल पनि भए । दोस्रो विश्वयुद्ध पश्चात् भने विश्वका मुलुकहरूको शक्ति सन्तुलन बदलियो । कतिपय मुलुकहरूमा लोकतान्त्रिक प्रणालीहरू स्थापित भए । ती ठाउँहरूमा जनताको अभिमत ल्याएर पनि राज्य परिवर्तन गर्न सक्ने ठाउँहरू देखा परे तर परिवर्तित सन्दर्भमा पनि कतिपय मुलुकका कम्युनिस्टहरूले रुसमा, चीनमा वा अरु कुनै देशमा अभ्यास भएको विशिष्ट प्रयोगलाई नै क्रान्तिका सर्वव्यापी सिद्धान्त मानेर हिंसा र अधिनायकवादको बाटोलाई पछ्याई रहे । यी दुईवटा गलत मान्यताको घेराबाट आन्दोलनलाई मुक्त गर्दै मदन भण्डारीले जनताको साथ र अभिमत मार्फत शान्तिपूर्ण र अहिंसाको बाटोबाट पनि जनवादी/समाजवादी व्यवस्था स्थापना गर्न सम्भव छ भन्ने नयाँ अवधारणा अर्थात् जनताको बहुदलीय जनवाद बाहिर ल्याउनुभयो ।

मदन भण्डारीले कुनै पनि हिंसाको बाटो कम्युनिस्टहरूको रोजाइ हुन सक्दैन भन्ने कुरालाई स्थापित गर्नुभयो । क्रान्तिपछिको समाज व्यवस्थामा पनि कम्युनिस्टहरूले प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्नुपर्छ, अरु विचारहरूलाई पनि फुल्न फल्न दिनुपर्छ र ती विचारहरूसँग प्रतिष्पर्धा गर्दै आफ्नो बर्चश्व कायम गर्नुपर्छ भन्ने विचार अगाडि बढाउनुभयो । यी विचारहरू कम्युनिस्ट आन्दोलनमा नयाँ विचारका रूपमा रहे । मदन भण्डारीले अगाडि बढाएका यी दुईवटा विषयले एक किसिमले कम्युनिस्ट आन्दोलनको धार नै मोडिदियो ।

जनताको बहुदलीय जनवाद प्रतिपादनको समयलाई हामीले नेपाली कम्युनिस्ट आन्दोलनको पानी ढलोका रूपमा बुझ्न सक्छौं । जहाँबाट कम्युनिस्ट आन्दोलन नयाँ धारबाट अगाडि बढ्यो । यसले नेपाली कम्युनिस्ट आन्दोलनमा र नेपालको राजनीतिमा निकै ठूलो प्रभाव पारेको हामीले देखेका छौं ।

जबज प्रतिपादन भएको ३० वर्ष भन्दा लामो समय भइसकेको छ । यो ३० वर्षका अभ्यासहरूमा जनताको बहुदलीय जनवादको मौलिकता र सान्दर्भिकता पटक-पटक स्थापित भएको छ । विगतका दिनमा राज्य सत्तालाई बन्दुकको बलमा बदल्न सकिन्छ भनेर हिंसात्मक बाटोमा हिडिरहेका माओवादीहरूको शान्तिपूर्ण अवतरण र २०४७ सालको संविधानमा कमा, फुलस्टप केही पनि परिवर्तन गर्न सकिँदैन, नवउदारवादी बाटो नै हामीले ल्याउने आर्थिक विकासको बाटो हो र संवैधानिक राजतन्त्र नै हाम्रो गन्तव्य हो भन्ने नेपाली काङ्ग्रेसले समेत आफूलाई बदलेको स्थितिले जनताको बहुदलीय जनवादलाई पुष्टि गर्छ ।

**प्रदीप ज्ञवाली**
पूर्व परराष्ट्रमन्त्री,
उपमहासचिव : नेकपा (एमाले)

अब जबजलाई हामीले अहिलेको परिवर्तित सन्दर्भसँग जोडेर नयाँ प्रश्नहरूको समाधान गर्दै, नयाँ-नयाँ मान्यताहरूलाई विकास गर्दै र यसलाई अझ उन्नत बनाउँदै नेपाली समाजको रूपान्तरणको कार्यक्रमको रूपमा अगाडि बढाउनुपर्छ । 'समृद्ध नेपाल, सुखी नेपाली'को लक्ष्य हासिल गर्नका निम्ति, समाजवादको आधार निर्माणका निम्ति र नेपाली समाजलाई समाजवादसम्म पुऱ्याउनका निम्ति जनताको बहुदलीय जनवादले हामीलाई मार्गदर्शन गर्दछ ।

जनताको वहुदलीय जनवादले युवाहरूलाई परिवर्तनको मुख्य सम्वाहकको रूपमा केन्द्र भागमा राखेको छ । मदन भण्डारी आफै पनि तत्कालीन समयमा युवावयमै राजनीतिको उचाइमा पुग्न सफल भएर होला, उहाँका हरेक दस्तावेजहरूमा, उहाँका हरेक अभिव्यक्तिहरूमा युवाहरूप्रतिको विश्वास र महत्व देखिन्छ ।

हरेक समाजको परिवर्तनमा युवाहरूको अग्रणी भूमिका हुन्छ । आजका युवालाई जबजसँग जोडेर उनीहरूभित्रको ऊर्जालाई, सामर्थ्यलाई, विद्रोही चेतलाई समाज निर्माणको अभियानमा लगाउन जरूरी छ । अहिले युवाहरूमा एक प्रकारको असन्तुष्टि, आक्रोश र छटपटाहट पनि देखिन्छ । युवाहरूले देशका ठूला-ठूला परिवर्तनमा सधै अग्रणी भूमिका निर्वाह गरिरहे तर ती परिवर्तनहरूले युवाका सपनालाई सही ढङ्गले सम्बोधन गर्न सकेनन् भन्ने आम गुनासो देखिन्छ ।

युवाहरूको मुख्य गरी तीनवटा कुरामा सरोकार देखिन्छ । पहिलो कुरा यो राजनीतिक परिवर्तनपछि आफ्नो व्यक्तित्वको समग्र विकासको एउटा उपयुक्त वातावरण बनोस् । दोस्रो रोजगारीका अवसरहरू सिर्जना होऊन्, आफू उत्पादनसँग जोडिन सकियोस् र आत्मनिर्भर बन्न सकौं । तेस्रो समाजले युवाहरूको क्षमतालाई उचित मूल्याङ्कन गरोस् र मान्यता प्रदान गरोस् अनि साझेदारका रूपमा अगाडि बढाओस् । केही हदसम्म यस विषयमा काम भए पनि अझै काम गर्दै जानुपर्ने देखिन्छ ।

नेपालमा ठुलो राजनीतिक परिवर्तन पश्चात पनि सामाजिक, आर्थिक रूपान्तरणमा समग्र ध्यान दिन नसक्दा हाम्रो आर्थिक बृद्धि न्यून छ । आर्थिक गतिविधि कमजोर हुँदै गएका छन् । स्वदेशी उत्पादनहरू घट्दै गएका छन् । देशभित्र रोजगारीका अवसरहरू साँघुरिँदै गएका छन् । प्रतिदिन हजारौंको सङ्ख्यामा युवाहरू विदेशिन बाध्य छन् । यति ठूलो परिवर्तनले पनि आफूहरूलाई देशभित्र अवसर नदिएको एक प्रकारको छटपटाहट युवाहरूमा देखिन्छ । युवाहरू चाहन्छन्- कसैको भनसुनविना नै आफ्नो योग्यता, क्षमता देखाउन पाइयोस । यसका लागि हामीहरूले विगतमा राम्रो प्रणाली बसाल्न सकेनौं । साना-साना कामहरूको लागि भनसुन गर्नुपर्ने अवस्था छ । नेताहरूको सोर्स लगाउनुपर्ने, योग्यताको भन्दा पनि निकटताको मूल्याङ्कन बढी हुने, आफू योग्य भए पनि आफ्नो भनिदिने, सुनिदिने कोही छैन भने अवसर नपाउने जस्ता बेथितिले पनि युवाहरूमा आक्रोश र असन्तोष बढ्दो छ । यो कुरालाई हामीले समयमै सम्बोधन गर्नुपर्छ । यसका लागि जनताको बहुदलीय जनवादबाट प्रशिक्षित गर्दै समाज रूपान्तरणको काममा युवालाई जोड्नुपर्छ ।

युवालाई देश, समाज र समृद्धिसँग जोड्न खेलकुद एक महत्वपूर्ण माध्यम बन्न सक्छ । खेलकुद व्यक्तिको शारीरिक र मानसिक विकासको माध्यम मात्र होइन, व्यक्तिभित्रको प्रतिभालाई प्रस्फुटन गर्ने माध्यम पनि हो । सामाजिक एकता र राष्ट्रिय एकताको सूत्रधार पनि हो ।

भर्खरै सम्पन्न विश्वकपमा हामीले देखेका छौं, आफ्नो देशका खेलाडीहरू मैदानमा खेलिरहँदा उनीहरूको समर्थनमा सिङ्गो देश एकताबद्ध भएर ओर्लियो । फाईनल खेल भइरहँदा अर्जेन्टिनाको राजधानी ब्युनस आयर्समा लाखौं समर्थकको उपस्थिति देखियो । वर्ल्डकपको ट्रफीसहित देश पुगेका मेस्सीसहितको टोलीलाई स्वागत गर्न उर्लिएको त्यो जनलहर हेर्दा खेलकुदले कसरी राष्ट्रिय एकतालाई बलियो बनाउँछ भन्ने प्रस्ट हुन्छ ।

खेलले जातीय, भाषिक, क्षेत्रीय, धार्मिक लगायतका सङ्कीर्णतालाई पर राखेर साझा प्रतिबद्धताका लागि जुट्न सहयोग गर्छ । यसले गर्दा युवालाई खेलकुदमा संलग्न गराउनका लागि राज्यले ध्यान दिनुपर्ने हुन्छ । दुर्भाग्य भनौं, हामीकहाँ खेलकुदमा लगानी अत्यन्तै न्यून छ । खेलकुदका पूर्वाधारहरू एकदमै कमजोर छन् । अन्तर्राष्ट्रिय कुनै खेलकुद आयोजना गरौं भन्दा भौतिक संरचनाकै कारण गर्न सक्ने अवस्था छैन । नेपालमा खेलेरै बाँच्न सकिन्छ भन्ने कुराको विश्वास खेलाडीलाई दिलाउन सकिएको छैन । जसले गर्दा राम्रो प्रतिभा भएका खेलाडीहरू पलायन हुनुपरेको छ ।

यस्ता कुरालाई अन्त्य गर्नको लागि हामीले खेललाई हाम्रो जीवनशैली बनाउन आवश्यक छ । यसले मानिसहरूलाई स्वस्थ र निरोगी बनाउन सकिन्छ भने बाल्यकालदेखि नै खेललाई जीवनशैलीका रूपमा अपनाउने बानीको विकास गराउन सकिन्छ । सानो उमेरमै खेलाडीहरू निखारिँदै आउँछन् र खेल क्षेत्रलाई आकर्षक क्षेत्र बनाउन सकिन्छ । खेलमार्फत देशको पहिचान र परिचय एकसाथ विश्व सामु पुऱ्याउन सकिन्छ ।

यसका लागि मदन भण्डारी स्पोर्ट्स एकेडेमीले महत्वपूर्ण भूमिका खेल्न सक्छ । एकेडेमीले विभिन्न समयमा आयोजना गरेका स्थानीय तहदेखि प्रदेश र केन्द्रतहका खेलकुद प्रतियोगिताले खेलाडीहरूमा ऊर्जा र उत्साह बढाएको छ । हजारौं युवालाई खेलमार्फत जोड्दै खेलकुद क्षेत्रलाई व्यापक बनाउन एकेडेमीले खेलेको भूमिका सराहनीय छ । आगामी दिनमा खेलकुदको विकासका लागि एकेडेमीले यसैगरी अझै प्रभावकारी भूमिका खेल्न सके नेपालको खेल क्षेत्रमा युवाहरूको सहभागिता बढाउन सहयोग पुग्ने छ ।

(कुराकानीमा आधारित)

# जनताको बहुदलीय जनबादमा खेलकुद र वर्तमान अवस्था

**बिषय प्रवेश**

शारीरिक क्रियाकलापको माध्यमबाट व्यक्तिको शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक पक्षको बिकास गर्ने माध्यम शारीरिक शिक्षा हो । शारीरिक चालको माध्यमबाट मनोरञ्जन प्राप्तिका लागि अथवा निश्चित नियम र बिधिमा रहेर प्रतिष्पर्धात्मक अभ्यास गरी शारीरिक र मानसिक क्षमता प्रदर्शन गर्ने माध्यमहरू खेलकुद हुन् । प्रजातान्त्रिक शासन ब्यबस्थालाई अभिब्यक्त गर्ने बहुदलिय प्रतिस्पर्धा भएको राजनैतिक शासन प्रणाली सहितको जनबादी राज्यसत्ता बहुदलिय जनवाद हो । प्रतिष्पर्धा जबज र खेलकुद दुबैको मेरुदण्ड अर्थात् अभिन्न अङ्ग हो । यस लेखमा शारीरिक शिक्षा तथा खेलकुदको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बस्तुगत अवस्था, नेपालको संबैधानिक ब्यबस्था, खेलकुदसम्बन्धी ऐन, नीति, नियम, जबज र खेलकुद तथा हाम्रा आगामी दिनहरूका सम्बन्धमा सङ्क्षिप्त रूपमा प्रकाश पारिएको छ ।

**शारीरिक शिक्षा र खेलकुदको अन्तर्राष्ट्रिय परिबेश**

सन् १९७८ नोभेम्वर २१ मा युनेस्कोको बिसौं साधारण सभा फ्रान्सको राजधानी पेरिसमा भएको थियो । उक्त सभामा सहभागी राष्ट्रका प्रतिनिधिहरूद्वारा मानवको महत्व, उनीहरूको समाज बिकासको प्रतिबद्धता र जीवनस्तर उकास्ने जस्ता आधारभूत मानव अधिकारलाई आत्मसात गरियो । सभाले जात, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनितिक बिचार, राष्ट्र, सम्पत्ति, जन्म जस्ता भेदभाव बिना सबैले मानव अधिकारको समान उपभोग गर्न पाउने स्वतन्त्रतालाई जोड दिएको थियो । उक्त सभामा सहमति भएका बिभिन्न बुँदाहरूमध्ये प्रत्येक ज्यक्तिले आफ्नो शारीरिक, बौद्धिक, नैतिक विकासलाई मानव आधकारको रूपमा अभ्यास गर्न पाउने कुरापनि राखियो । यसको लागि प्रत्येक मानिसको शारीरिक शिक्षा तथा खेलकुदको पहुँच सुनिश्चित भएमा ब्यक्तिले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमै गुणस्तरीय जीवनयापन गर्न पाउने अपेक्षा गर्न सकिने कुरामा प्रतिबद्धता जनाइएको थियो । उक्त सभाले शारीरिक शिक्षा तथा खेलकुदको माध्यमबाट जनताको आधारभूत मानव मूल्यलाई पूर्ण विकसित गराउने, शारीरिक शिक्षा तथा खेलकुदसँग जिम्मेवार रहेका अन्तर्राष्ट्रिय, सरकारी र गैरसरकारी संघहरूबीच सहयोगको भावना विकसित गरी शान्ति र मित्रता कायम गर्नेबारे सभाले जोड दिएको थियो । शारीरिक शिक्षा तथा खेलकुदसम्बन्धी अन्तर्राष्ट्रिय घोषणा पत्रमा शारीरिक शिक्षा तथा खेलकुदको विकास गरी मानव विकासको सेवामा समर्पित हुन आह्वान पनि गरिएको थियो । उक्त सभाले सरकारी संस्थाहरू, सक्षम गैरसरकारी संस्थाहरू, ब्यक्ति र परिवार सबैले शारीरिक शिक्षा तथा खेलकुदलाई ब्यबहारमा उतार्न पनि जोड दिएको थियो । युनेस्कोको बिसौं साधारण सभाले जारी गरेका र सो भन्दा पछिल्ला सभाहरूले पनि परिमार्जन सहित जारी गरेका शारीरिक शिक्षा तथा खेलकुद सम्बन्धी अन्तर्राष्ट्रिय घोषणालाई सारांशमा प्रस्तुत गरिएको छ :

- शारीरिक शिक्षा तथा खेलकुदको अभ्यास गर्नु सबैको आधारभूत अधिकार हो ।
- समग्र शिक्षा प्रणालीमा शारीरिक शिक्षा तथा खेलकुदले महत्वपूर्ण भूमिका खेल्दछ ।
- शारीरिक शिक्षा तथा खेलकुद सम्बन्धि कार्यक्रमहरूले ब्यक्ति र समाजको आवश्यकता पुरा गरेको हुनुपर्दछ ।
- शारीरिक शिक्षा तथा खेलकुदको शिक्षण, प्रशिक्षण र ब्यबस्थापन एक कुशल ब्यक्तिद्वारा सञ्चालन हुनुपर्दछ ।
- शारीरिक शिक्षा तथा खेलकुदका लागि पर्याप्त स्रोत, सुविधा तथा साधन महत्वपूर्ण मानिन्छन् ।
- अनुसन्धान तथा मूल्याङ्कन, शारीरिक शिक्षा र खेलकुद विकासका आधारभूत पक्षहरू हुन् ।
- शारीरिक शिक्षा तथा खेलकुदको स्तर उकास्नका लागि सूचना र अभिलेखीकरणले महत्वपूर्ण भूमिका खेल्दछ ।



**प्रा. पशुपति अधिकारी**
सल्लाहकार
मदन भण्डारी स्पोर्ट्स एकेडेमी

- आमसञ्चारको माध्यमबाट शारीरिक शिक्षा तथा खेलकुदमा सकारात्मक प्रभाव पर्दछ ।
- शारीरिक शिक्षा तथा खेलकुदमा राष्ट्रिय स्तरका निकायहरूले प्रमुख भूमिका रहन्छ ।
- शारीरिक शिक्षा तथा खेलकुदको विश्वव्यापी सम्बर्द्धनको लागि अन्तर्राष्ट्रिय सहयोगलाई पूर्वाधारको रूपमा लिइन्छ ।

यी बुंदाहरूका आधारमा जुन सदस्य राष्ट्रले आफ्नो देशमा शारीरिक शिक्षा तथा खेलकुदका कार्यक्रमहरू तयार गरी कार्यान्वयन गरे ती राष्ट्रले विश्व खेलकुदको बिकासमा महत्वपुर्ण फड्को मारेको पाइन्छ भने जो जस्ले त्यसलाई बेवास्ता गरे तिनीहरूले यस क्षेत्रमा प्रगति गर्न नसकेको कुरा हाम्रो सामु छर्लङ्ग छ ।

## खेलकुद सम्बन्धमा अन्तर्राष्ट्रिय ओलम्पिक चार्टर

यो अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीद्वारा अपनाईएका नियम र उपनियमहरूको संहिता हो । सबै सदस्य राष्ट्रहरूले ओलम्पिक कमिटीले गरेका निर्णयहरू मान्न बाध्य हुन्छन् । यसले ओलम्पिक आन्दोलनको सङ्गठन, गतिविधि र कामकाजलाई नियन्त्रण गर्दछ र ओलम्पिक खेलहरूको आयोजनाका लागि सर्तहरू तय गर्दछ । खेलाडिहरूलाई सुरक्षित खेल खेल्न प्रोत्साहन गर्नुका साथै दुर्व्यबहारबाट सुरक्षा गर्दछ । राष्ट्रिय ओलम्पिक कमिटीहरू, अन्तर्राष्ट्रिय संघहरू र ओलम्पिक आन्दोलनबीचको सम्बन्ध स्थापित गर्दछ । नेपाल ओलम्पिक कमिटीले ओलम्पिक, एसियाली र अन्य अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा भागलिन खेलाडिहरूको छनौट गरी पठाउने गर्दछ । ओलम्पिक कमिटीद्वारा अपनाइएका नियम र उपनियमहरूको संहिताले सबै सदस्य राष्ट्रहरूले ओलम्पिक कमिटीले गरेका निर्णयहरू प्रतिबद्धता सहित मान्नु पर्ने भएकोले समग्र खेलकुद बिकासमा सबै सदस्य राष्ट्रले सोही अनुसार आफ्नो संबिधान, ऐन, नियम, विनियम र कानुनमा व्यवस्था गर्नुपर्ने हुन्छ ।

## संवैधानिक व्यवस्था र शारीरिक शिक्षा तथा खेलकुद :

नेपालको संविधान २०७२ को भाग-३ मा व्यवस्था गरे बमोजिम मौलिक हक को धारा ३९ मा बालबालिकाको हक र कर्तव्य अन्तर्गत उपधारा (२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुने छ भनिएको छ साथै उपधारा (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुने छ भन्ने कुरा उल्लेख गरिएको छ । नेपालको सबिधानको भाग-४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वअन्तर्गत धारा ५१ मा राज्यका नीतिहरू उल्लेख गरिएको छ । सोही धाराको उपधारा (ञ) मा सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति अन्तर्गत (१३) नम्बरमा स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुदतथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने भन्ने कुरा उल्लेख गरिएको छ । खेलकुद प्रत्येक व्यक्तिको स्वास्थ्य समृद्धिको आधार मात्र नभई नागरिकको आधारभूत आवश्यकता भएकोले सदस्य राष्ट्र नेपालले युनेस्कोको बीसौं साधारण सभाले घोषणा गरेको कुराहरूमा सहमति जनाए अनुसार नागरिकका आधार भूत आवश्यकतासम्बन्धी नीतिमा जसरी "शारीरिक शिक्षा तथा खेलकुदको अभ्यास गर्नु सबैको आधारभूत अधिकार" हो भन्ने कुरा युनेष्कोको सभामाबाट पारित घोषणामा स्पष्ट छ र सोही बमोजिम नेपालको सबिधानको उपधारा (ज) मा सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति अन्तर्गत खेलकुदको अभ्यास गर्नु सबैको आधारभूत अधिकार हुनुपर्ने कुरा हाम्रो संबिधानमा अटाएको छैन । खेलकुद पूर्वाधार र खेलकुदको अभ्यासबारे पनि संविधानमा उल्लेख गरिएको छैन ।

## औपचारिक शिक्षामा शारीरिक शिक्षा तथा खेलकुद

नेपालमा औपचारिक रूपमा शारीरिक शिक्षा तथा खेलकुदको सन्दर्भ कोट्याउँदा बि.सं. २०११ को राष्ट्रिय शिक्षा आयोग, बि. सं. २०१३ सालमा स्थापना भएको कलेज अफ एजुकेसनमा शारीरिक शिक्षालाई अनिवार्य पढ्ने ब्यबस्था गरेको थियो । बि.सं. २०१८ को सर्वाङ्गिण शिक्षा आयोग, बि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना, बि.सं. २०४९ को राष्ट्रिय शिक्षा आयोग, बि.सं. २०५५ को उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग अनुसार औपचारिक रूपमा शारीरिक शिक्षाको पाठ्यक्रम निर्माण गरी शारीरिक शिक्षा तथा खेलकुदका बिषयवस्तुहरू पठनपाठन गर्ने ब्यबस्था गरिएको थियो । आवश्यकताअनुसार विद्यालय तह र उच्च शिक्षाको पाठ्क्रम निर्माण, परिमार्जन र कार्यान्वयन गर्ने कार्य हुदै आएको छ । त्रिभुवन विश्वद्यिालयमा बि.सं. २०५३ सालदेखि एक बर्षे बि.एड र एम.एडमा शारीरिक शिक्षा पठनपाठनको शुरुवात गरिनुका साथै बि.सं. २०७५ सालदेखि एम.ए.मा खेल विज्ञान विषयको अध्ययन अध्यापन कार्यको सुरुवात गरियो ।

## खेलकुद ऐन, नीति र नियमावली

कानुनी रूपमा हेर्दा सर्ब प्रथम बि. सं. २०२१ सालमा राष्ट्रिय खेलकुद बिकास ऐन, बि. सं. २०४८ सालमा खेलकुद बिकास ऐन, बि. सं. २०४९ सालमा राष्ट्रिय खेलकुद बिकास नियमावली जारी भएको थियो । हाल बि.सं. २०६७ मा जारी गरिएको राष्ट्रिय खेलकुद नीति, बि. सं. २०७७ को खेलकुद विकास ऐन र बि. सं. २०७९ सालमा राष्ट्रिय खेलकुद बिकास नियमावली र बिभिन्न बिनियम, कार्यक्रमगत निर्देशिका, कार्यविधिहरू र प्रदेश तथा स्थानिय तहले जारी गरेका ऐन नियमावलीहरू जारी गरी कार्यान्वयनको अवस्थामा छन् । नेपालका सम्पुर्ण राजनैतिक पाटीहरूले आ-आफ्नो बिधान तथा घोषणा पत्रमा खेलकुद सम्बन्धि धारणाहरू अल्लेख गरेको पाईन्छ । यसरी हेर्दा ऐन नियम, विनियमको कमी छैन तापनि यसको कार्यान्वयनको पाटो भने जटिल र गम्भीर छ ।

## जनताको बहुदलीय जनबाद र खेलकुद

बहुदलीय जनबादका प्रणेता स्वर्गीय मदन भण्डारीले 'नेपाली क्रान्तिको कार्यक्रम, जनताको बहुदलिय जनबाद २०४९ मा' खेलकुद सम्बन्धमा प्रस्तुत गर्नुभएको लिखित मार्गदर्शन यस

प्रकार छ :

- राष्ट्र र जनताको सेवामा अभिप्रेरित गर्न जनताको मानसिक र स्वास्थ्य तन्दुरुस्ती राख्ने कुरालाई ध्यान दिंदै खेलकुदको क्षेत्रलाई संस्थागत रूपमा विकास गराउन विशेष जोड दिइनेछ ।
- खेलकुदको विकासको लागि स्कूल र क्याम्पस तहदेखि नै योजनाबद्ध ढंगले नियमित रूपमा प्रशिक्षण गराउने र स्वस्थ प्रतिस्पर्धाको आधारमा राष्ट्रिय स्तरका खेलाडीहरूको विकास गरिने छ ।
- खेलाडी, प्रशिक्षक र विभिन्न खेलकुद क्लवहरूलाई प्रोत्साहित गर्न आकर्षक पुरस्कार, सम्मान र आर्थिक तथा भौतिक सुविधा प्रदान गरिने छ ।
- सरकारी स्तरको साथसाथै गैह्रसरकारी क्षेत्रबाट समेत खेलकुदको विकासको निम्ति सहभागि गराउने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको प्रतिस्पर्धा नियमित रूपमा सञ्चालन गरिने छ ।

दुरद्रष्टा जननेता मदन भण्डारीको लिखित मार्गदर्शनमा जबसम्म जनताको स्वास्थ्य राम्रो हुँदैन तबसम्म राष्ट्र र जनताको सेवामा कोहीपनि समर्पित हुन सकिँदैन अर्थात् शारीरिक र मानसिक रूपमा स्वस्थ व्यक्तिले मात्र जनताको सेवा गर्न सक्दछ भन्ने सर्वमान्य दृष्टिकोण आत्मसाथ गर्नुपर्ने स्पष्ट पारिएको छ । व्यक्तिको मानसिक स्वास्थ्यका मानकहरू सकारात्मक सोंच तथा दृष्टिकोण, स्मरण शक्ति, निर्णय क्षमता, सही र गलत छुट्याउने क्षमता, परिस्थिति तथा अवस्थाको विश्लेषण र संश्लेषण गर्ने क्षमता राम्रो हुनुपर्ने कुरा स्पष्ट छ । शारीरिक रूपमा तन्दुरुस्त व्यक्ति त्यो हो जसमा शक्ति, बल, लचकता, चपलता, गति, समन्वय जस्ता पक्षहरू मजबुत हुन्छन् । त्यसको लागि निरन्तर खेलकुद शिक्षण, प्रशिक्षण, तालिम र अभ्यास गर्नुपर्दछ । जुन कार्य कुशल व्यबस्थापक, दक्ष जनशक्ति र संस्थाहरूबाट मात्र सम्भव छ । खेलकुद क्षेत्रको समुचित विकास गर्न सम्बन्धित संस्थाहरू संस्थागत हुनु पर्दछ । त्यसको आधार खेलकुद निति, नियम, ऐन र कानुनलाई ब्यबस्थित गर्नु पर्दछ । खेलकुद संस्थाहरू संस्थागत हुनु भनेको संस्थाको उद्देश्य निर्धारण र सोहीअनुसार बार्षिक कार्य योजना निर्माण, प्रयाप्त भौतिक पूर्वाधार बिकास, दक्ष जनशक्तिको संयोजन, कार्यक्रमको व्यवस्थित कार्यान्वयन, निरन्तर मुल्याङ्कन र पृष्ठपोषण अनि पुनः सुधारिएको कार्यक्रम बन्दै जान्छ । यो कार्यका लागि राजनितिक नेत्तृत्व र सम्बद्ध पक्ष सबै जिम्मेवार बन्नु पर्दछ । भौतिक पूर्वाधार निर्माण गर्दा हाम्रो भू-बनावट, दक्ष जनशक्ति, जनघनत्व, खेलाडि तथा जनताको रूची, राष्ट्रिय आवश्यकता, अन्तर्राष्ट्रिय प्रभावको पनि लेखाजोखा गर्नुपर्दछ । यसरी हेर्दा खेलकुदलाई मानव जीवनको अभिन्न अंगको रूपमा स्वीकार गरिएको मात्र नभै खेलकुदलाई सस्थागत व्यबस्थापन गरी राज्यको अभिन्न अंग बनाउन जिम्मेवार बन्न निर्देशन गरिएको हो । सायद राष्ट्रिय शिक्षा आयोग २०४९ ले शारीरिक शिक्षा तथा खेलकुदलाई विद्यालय तहमा महत्वपूर्ण स्थान दिनुका साथै बि.सं. २०५२ सालमा खेलकुद मन्त्रालयको स्थापना, २०५३ सालदेखि विश्वविद्यालयमा एक बर्से स्नातक र स्नातकोत्तर तहमा शारीरिक शिक्षाको पठनपाठन शुरुहुनु यसैको प्रभाव हुन सक्दछ ।

बि.सं. २०६६ सालमा स्थापना भएको मदन भण्डारी स्पोर्टस एकेडेमी र यसले खेलकुद क्षेत्रमा पुर्‍याएको योगदान महत्वपूर्ण छ । खेलकुद महासंघ लगायत बिभिन्न संघ, संस्था, क्लबहरूमा आवद्ध भई योजनाबद्ध ढंगले खेलकुदको नियमित रूपमा प्रशिक्षण गर्ने, राष्ट्रिय स्तरका प्रतियोगिताहरू सञ्चालन गर्ने, त्यस्ता निकाय तथा खेलाडिहरूलाई प्रोत्साहित गर्न आकर्षक पुरस्कार, सम्मान र आर्थिक तथा भौतिक सुविधा प्रदान गर्ने, गैह्र सरकारी तथा नीजि क्षेत्रलाई खेलकुदको विकासको निम्ति सहभागि गराउने र राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको प्रतिस्पर्धा गराउने आदि कार्यको सन्दर्भमा क. मदनको बिचारको प्रभाव अनुरूप नेकपा एमालेको सरकार, नेता र कार्यकर्ताहरू सक्रिय भएको देखिन्छ । मदन भण्डारी स्पोर्टस एकेडेमी र खेलकुद महासंघले यो देश र समाजको खेलकुद क्षेत्रको बिकासमा खेलेको भुमिका स्व. मदन भण्डारीको लिखित मार्गदर्शनमा आधारित छ । सम्माननीय प्रधानमन्त्री केपी वलीले गरेको खेलकुद क्षेत्रको पुर्वाधार निर्माण र बिकास, खेलकुद प्रतियोगिता सञ्चालनका लागि दिएको निर्देशन र खेलाडिहरूको लागि गरिएको प्रोत्साहन तथा खेलकुद क्षेत्रको बिकास र बिस्तारमा देखाएको चासो अनि प्रयास प्रशंसनीय छ र यसले सम्बिन्धित ब्यक्ति तथा निकायलाई सक्रिय बनाएको छ ।

## निष्कर्ष

राज्यले अन्तर्राष्ट्रिय मञ्चमा गरेका प्रतिबद्धताअनुरूप खेलकुद क्षेत्रको समुचित बिकास गर्न बर्तमान खेलकुद निति, नियम, ऐन र कानुनलाई व्यवस्थित गर्नु पर्दछ । राजनितिक दलहरूले आफ्ना घोषणा पत्रमा अल्लेख गरेका प्रतिबद्धताहरू इमान्दारी पूर्वक कार्यान्वयन गर्नुपर्दछ । सम्बन्धित निकायहरूले खेलकुदको बिकासकको लागि योजनाबद्ध निरन्तर अनुसन्धान, खेलकुद शिक्षण, प्रशिक्षण, तालिम र अभ्यास गराउनुपर्दछ । यसका लागि कुशल शिक्षक, प्रशिक्षक, ब्यबस्थापक र दक्ष जनशक्तिबाट मात्र सम्भव छ । खेलकुद संस्थाहरू संस्थागत गर्न संस्थाको उद्देश्य निर्धारण, बार्षिक कार्ययोजना निर्माण, प्रयाप्त भौतिक पूर्वाधार निर्माण र बिकास, दक्ष जनशक्तिको संयोजन, कार्यक्रमको व्यवस्थित कार्यान्वयन, निरन्तर मूल्याङ्कन र पृष्ठपोषण अनि पुनः सुधारिएको कार्यक्रम कार्यान्वयन गर्न जरुरी छ । खेल प्राधिकरणको स्थापना, प्राबिधिक टीमसहितको अत्याधुनिक प्रयोगशालाहरूको निर्माण, खेल अनुसन्धान तथा सूचना केन्द्रको स्थापना गर्नु गर्न जरुरी छ । भौतिक पूर्वाधार निर्माण गर्दा भु-बनावट, दक्ष जनशक्ति, जनघनत्व, खेलाडी तथा जनताको रूची, राष्ट्रिय आवश्यकता, अन्तर्राष्ट्रिय प्रभावको लेखाजोखा गर्नुपर्दछ । स्वस्थ व्यक्तिबाट मात्र देश बिकाश हुन्छ । ब्यक्तिको स्वास्थ्य प्रबर्धन र बिकासको आधार खेलकुद भएको कुरालाई प्रत्येक ब्यक्ति तथा परिवारले स्वीकार गर्नुपर्दछ । खेलकुदलाई मानव जीवनको अभिन्न अंग र संकृतिको रूपमा स्वीकार गर्ने र घर घर, टोल टोलमा खेलकुद अभ्यासका अखडाहरू स्थापना गर्नुपर्दछ । शिक्षण संस्थाहरूमा कम्तिमा ३३ प्रतिशत समय खेलकुदलाई छुट्याउनु जरुरी छ । खेलकुदलाई खेल कुटनीतिक उद्योग र पर्यटन क्षेत्रको विकासको आधारको रूपमा स्वीकार गरी आय आर्जनको माध्यम बनाएर अर्थतन्त्रको आधार बनाउन सकिने भएकोले खेलकुदलाई संस्थागत ब्यबस्थापन गरी सम्बन्ध बिस्तार र देश बिकासको अभिन्न अंगको रूपमा स्थापित गर्न जरुरी छ । यसका लागि सम्बन्धित निकाय, राजनितिक नेतृत्व र सम्बद्ध पक्ष सबै जिम्मेवार बन्नुपर्दछ ।

# नेपालको खेलकुद : चुनौती र अवसर

### परिचय

खेलकुद कुनै पनि राष्ट्रको सामाजिक, शारीरिक र मानसिक विकासको मेरुदण्ड हो । यो केवल मनोरञ्जनको माध्यम मात्र नभई राष्ट्रिय गौरव, स्वास्थ्य, शिक्षा, र सामाजिक समावेशीकरणको प्रमुख माध्यम पनि हो । नेपाल, प्राकृतिक सौन्दर्य र सांस्कृतिक विविधताको देश, पछिल्ला दशकहरूमा खेलकुदको क्षेत्रमा उल्लेखनीय उचाइमा पुगेको छ। तथापि, नेपालमा खेलकुदले आजसम्म पनि आवश्यक स्थान र स्रोत साधन पाउन सकेको छैन ।

### १. ऐतिहासिक पृष्ठभूमि

नेपालमा खेलकुदको औपचारिक इतिहास धेरै पुरानो छैन। पर म्परागत रूपमा गाउँघरमा, डण्डीबियो, कबड्डी, दौड, लुकामारी, भकुण्डो जस्ता खेलहरू खेलेइन्थे । यिनीहरू सामाजिक जीवनको हिस्सा थिए, तर औपचारिक खेलकुद प्रणालीको सुरुवात भने र णा शासनकालमा भएको मानिन्छ ।

### राणा शासनकाल (१८४६-१९५१)

राणाहरूले अङ्ग्रेजहरूसँगको सम्बन्धका कारण पश्चिमी खेलहरू नेपालमा भित्र्याए । खासगरी फुटबल, घोडा दौड, गल्फ, र पोलो जस्ता खेलहरू दरबार र उच्च वर्गका मानिसहरूमा सीमित थिए । फुटबल पहिलोपटक १९२१ तिर काठमाडौंमा खेलेको पाइन्छ ।

### लोकतान्त्रिक युगको सुरुवात (१९५१-१९९०)

राजनीतिक परिवर्तनसँगै नेपालमा खेलकुद पनि जनसाधारणमा फैलन थाल्यो । १९५९ मा राष्ट्रिय खेलकुद परिषद् (राखेप) स्थापना भयो। त्यही समयदेखि विभिन्न राष्ट्रिय खेल संघहरू स्थापना भए–जस्तै नेपाल फुटबल संघ (ANFA), नेपाल एथले टिक्स संघ, नेपाल हक्की संघ आदि ।

१९८२ मा नेपालले पहिलोपटक एसियाली खेलकुद (Asian Games) मा भाग लियो। त्यही दशकमा तेक्वान्दो र कराते खेलले लोकप्रियता पाउन थाल्यो ।

### संसदीय युग (१९९०-२००५)

१९९० पछि लोकतान्त्रिक सरकार आएपछि खेलकुदमा थोरै व्यावसायिकता आएको पाइन्छ । विभिन्न निजी क्लबहरू खोले गए । नेपालले अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिन थालेको र कयौं पदक जित्न थालेको यो कालखण्ड हो । तथापि, राजनीतिक अस्थिरताका कारण दीर्घकालीन योजना बनेन ।

### सङ्घीय लोकतान्त्रिक गणतन्त्र (२००८-वर्तमान)

संविधान अनुसार प्रदेश र स्थानीय तहलाई खेलकुद प्रवर्धनको अधिकार दिइएको छ । पछिल्लो समय क्रिकेट, भलिबल, मार्सल आर्ट्स र एथलेटिक्स क्षेत्रमा नेपालले विश्व स्तरमा उपस्थिति देखाउँदैछ ।

### २. वर्तमान अवस्था

आजको नेपालमा खेलकुद विस्तारै राष्ट्रिय पहिचानको माध्यम बन्दैछ । खेलाडीहरू विद्यालय स्तरदेखि अन्तर्राष्ट्रिय प्रतियोगिता सम्म प्रतिस्पर्धा गर्दै छन् ।

### २.१ लोकप्रिय खेलहरू

क्रिकेट : हाल सबैभन्दा धेरै जनसमर्थन पाएको खेल हो । ने पाल क्रिकेट संघ (CAN) मा सुधारपछि अन्तर्राष्ट्रिय प्रदर्शन उल्लेखनीय बनेको छ । नेपालले ICC बाट One Day मान्यता प्राप्त गरिसकेको छ र T२० विश्वकपमा पनि भाग लिइसकेको छ ।

**सुवर्ण श्रेष्ठ**
उपमहासचिव
मदन भण्डारी स्पोर्टस एकेडेमी



फुटबल : नेपालमा धेरै पुरानो खेल हो । राष्ट्रिय प्रतयोगिता, ANFA लिग, NSL, र स्थानीय क्लबहरूको सक्रियता प्रशंसनीय छ । तथापि, ठुला उपलब्धि कम छन् ।

भलिबलः नेपालले साउथ एसियन गेम्स (SAG) मा राम्रो प्रदर्शन गर्दै आएको छ। पछिल्लो समय महिला टोलीले उत्साहजनक प्रदर्शन गरिरहेको छ ।

मार्शल आर्ट्स (तेक्वान्दो, कराते, वुशु) : नेपालले अन्तर्राष्ट्रिय स्तरमा पदक जितेको खेल क्षेत्र यही हो ।

हक्की : पछिल्लो समय हक्की को घरेलु प्रतियोगिताहरू व्यापक भईरहेको छ भने साउथ एसियामा नेपालको अवस्था बलियो रहेको छ ।

प्याराग्लाइडिङ, पर्वतारोहण खेलहरू : पर्यटनसँगै जोडिएका यस्ता साहसिक खेलहरू लोकप्रिय हुँदैछन् ।

### २.२ खेलकुद संस्थाहरूको भूमिका

राष्ट्रिय खेलकुद परिषद् (NSC): मुख्य सरकारी संस्था जसले नीति, योजना नियमन र बजेट व्यवस्थापन गर्छ ।

नेपाल ओलम्पिक कमिटी (NOC): अन्तर्राष्ट्रिय ओलम्पिक सम्बन्धका लागि र अन्तराष्ट्रिय सहभागिताका लागि जिम्मेवार निकायको रूपमा रहेको छ ।

खेल संघहरूः हाल राखेपमा ६२ वटा खेल सङ्घहरू नवीकरण भएको पाईन्छ । संघले विशेष गरी खेलको प्राविधिक र व्यवस्थापन जिम्मेवारी निभाएको हुन्छ ।

### २.३ महिला सहभागिता

महिलाहरूको खेलकुदमा सहभागिता विस्तारै बढ्दो छ । राष्ट्रिय स्तरमा महिला टोलीहरू फुटबल, कराते, तेक्वान्दो, हक्की र भलिबलमा सक्रिय छन् । तर ग्रामीण स्तरमा महिला सहभागिता अझै न्यून छ ।

## ३. प्रमुख चुनौतीहरू

नेपालमा खेलकुद विकासको मार्गमा केही प्रमुख चुनौतीहरू रहेका छन् :

### ३.१ पूर्वाधारको कमजोरी

अधिकांश खेल मैदान अन्तर्राष्ट्रिय मापदण्डअनुसार छैनन् । ग्रामीण तहमा खेल मैदानको संख्या अत्यन्त न्यून छ ।

स्टेडियमहरू पुराना र अपूर्ण छन् । (जस्तैः दशरथ रङ्गशाला अझै पनि पूर्णतः मर्मत नभइसकेको छ ।)

### ३.२ बजेट र लगानीको अभाव

सरकारको खेलकुद बजेट कुल बजेटको १% भन्दा कम हुन्छ ।

निजी क्षेत्रबाट लगानी न्यून छ । केही खेलमा मात्र स्पोन्सरशिप आकर्षण देखिन्छ ।

### ३.३ प्रशासनिक कमजोरी र राजनीति

धेरै खेल सङ्घहरूमा नेतागिरी, गुटबन्दी र पारदर्शिता अभाव रहेको देखिन्छ ।

योजनाहरू कागजमै सीमित हुने समस्या देखिन्छ ।

### ३.४ खेलाडीको भविष्य असुरक्षित

- पेसागत अवसरहरू सीमित छन् ।
- स्थायी जागिर वा सामाजिक सुरक्षाको व्यवस्था छैन ।
- धेरै खेलाडी विदेश पलायन हुने प्रवृत्ति बढ्दो छ ।

### ३.५ प्रविधि र विज्ञानको कमी

आधुनिक प्रशिक्षण प्रणाली, खेल विज्ञान, पोषण, मनोविज्ञान र फिजियोथेरेपीको उपयोग नगण्य छ ।

## ४. अवसरहरू

नेपालमा खेलकुदको उज्यालो भविष्यको निम्ति धेरै सम्भावना छन् :

### ४.१ युवा शक्ति

कुल जनसङ्ख्याको झन्डै ४०% युवा छन् । यदि यिनलाई खेलमा आकर्षित गर्न सकियो भने नेपालले अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्छ।

### ४.२ भौगोलिक र पर्यटकीय विशेषता

हिमाल, पहाड र नदीहरूले भरिएको भूगोल साहसिक खेलका लागि उपयुक्त छ । जस्तैः म्याराथन, साईकलिङ, क्लाइम्बिङ, प्याराग्लाइडिङ।

### ४.३ अन्तर्राष्ट्रिय सहभागिता

नेपालले दक्षिण एसियाली खेलहरूमा राम्रो प्रदर्शन गरिरहेको छ । यस्ता प्लेटफर्महरूमार्फत अन्तर्राष्ट्रिय अनुभव लिन सकिन्छ ।

### ४.४ प्रविधि र मिडिया

डिजिटल प्लेटफर्मबाट खेलहरू लाईभ देखाउन सकिन्छ ।

सामाजिक सञ्जालमार्फत खेलाडीको प्रोफाइल र स्पोन्सरसिप आकर्षण सम्भव छ ।

### ४.५ सङ्घीय प्रणालीको प्रयोग

प्रदेश र स्थानीय सरकारलाई खेलकुदको जिम्मा दिइएको छ । स्थानीय प्रतिभा पहिचान र प्रशिक्षणमा सङ्घीय संरचना उपयोगी बन्न सक्छ ।

## ५. सुधारका उपायहरू

नेपालको खेलकुदलाई दिगो विकासको बाटोमा डोर्याउन केही सुधारका उपायहरू :

- पूर्वाधार निर्माणमा प्राथमिकता : प्रत्येक प्रदेशमा कम्तीमा एक अन्तर्राष्ट्रिय स्तरको खेल परिसर ।
- स्पोन्सरशीप नीति विकास : निजी क्षेत्रलाई आकर्षित गर्ने कर छुट, पुरस्कार नीति ।
- खेल शिक्षाको प्रवर्द्धन : विद्यालय स्तरमा खेललाई अनिवार्य बनाउने, खेल शिक्षकको नियुक्ति गर्ने ।
- खेलाडी कल्याण कोष स्थापना : बीमा, पेन्सन, छात्रवृत्ति, उपचार व्यवस्था ।
- महिला र ग्रामीण क्षेत्रलाई प्राथमिकता : प्रशिक्षक तालिम, महिला खेल लिगको आयोजना ।
- खेल विज्ञानको प्रयोग : फिजियो, खेल पोषण, मानसिक स्वास्थ्य जस्ता क्षेत्रमा लगानी ।

## ६. निष्कर्ष

नेपालको खेलकुद क्षेत्र आज तीव्र सङ्क्रमणको चरणमा छ जहाँ आशा र चुनौती दुवै छन् । युवा शक्ति, डिजिटल युग, तथा अन्तर्राष्ट्रिय अनुभवको सदुपयोग गर्दै नेपालले छिट्टै खेलकुद क्षेत्रमा ठूलो उपलब्धि हासिल गर्न सक्छ । तर, यसको लागि सरकार, निजी क्षेत्र, खेल संस्थाहरू र आम जनताबीच सहकार्य अपरिहार्य छ ।

यदि हामीले दीर्घकालीन योजना, पारदर्शिता, पूर्वाधार र खेलाडी कल्याणमा ध्यान दिन सक्यौं भने नेपाल विश्व खेल नक्शामा एक गौरवशाली पहिचान बनाउने दिशामा अघि बढ्ने छ ।

# आजको सन्दर्भमा खेलकुद र खेल विज्ञान

### पृष्टभूमि

खेलकुद मानव जातिको परम्परागत र अनिवार्य आवश्यकता हो । मानव सभ्यता र प्रविधिको विकास सँगसँगै शारीरिक स्फूर्ति, स्वस्थ्य जीवन र मानसिक सक्षमताका लागि खेलकुद अपरिहार्य मानिन्छ । समयको विकाससँगै औपचारिक रूपमा खेलकुद र खेल विज्ञानलाई समाहित गरी व्यवस्थीत कार्यतालिका अनुसार योजनावद्ध रूपमा, खेल जनशक्तिको उत्पादन र क्षमता विकासको लक्ष्य प्राप्तिमा निरन्तर को प्रशिक्षण, न्यूनतम भौतिक पूर्वाधारमा समय सापेक्ष रूपमा खेलकुद विज्ञानका आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरूलाई अङ्गीकार गर्दै खेलकुदको अध्ययन र अनुसन्धानमा जोड दिनु पर्दछ । खेलकुद विज्ञानद्धारा खेलाडीको शारीरिक वनोट, वंशाणुगत गुण, सामाजिक, आर्थिक, सांस्कृतिक र भौगोलिक अवस्था, परम्परागत चाडपर्व, रितीरिजाव, रहन सहन, गतिशिल भावना र भोगाइसँगको अनुभवले हरेक असम्भव प्राय देखिने कुरामा सम्भावनाको ढोका खोल्दछ ।


आज खेलकुदले खाली खेल्ने र कुद्ने कुरासँग मात्र सरोकार नराखी समाज रूपान्तरणको मुख्य आधार बनेको छ । यसले आम नागरिकको शारीरिक तथा मानसिकरूपमा क्रियाशिल हुने, सन्तुलित आहार, नियमित व्यायामसँगै आराम, निरन्तरको लगाव र सामाजिकीकरणसँग पनि उतिकै सामिप्यता राख्दछ । त्यसैले खेलकुदलाई आफैमा स्पर्धा मानिन्छ । प्रतिस्पर्धाबाट श्रेष्टता हासिल गर्नु खेलकुदको मूल ध्येय हो । विज्ञान र प्रविधिको प्रादुर्भावसँगै विभिन्न विधामा खेलीने खेलहरूको प्रकृति अनुसार यसको प्रयोग, अध्ययन, अध्यापन, अनुसन्धान र विश्लेषण गर्ने, गराउने पद्धतिको विकासले खेलाडीको कार्य दक्षतामा वृद्धि गरी कम साधन स्रोत र समयमा अधिकतम उपलब्धिपूर्ण नतिजा हासिल गर्दै खेलकुदलाई विज्ञानसँग जोडेर उपलब्धिपूर्ण व्यवहारिक प्रयोगमा विश्व समूदायले गहिरो प्रभाव जमाएको छ । यसै सन्दर्भमा नेपाली खेलकुदले पनि हालसालै National High Performance Center र Sports Science Research Center को सम्मानानीय प्रधान मन्त्री ज्यूबाट उद्घाटन भई कार्य आरम्भ भए सँगै यस तर्फ पाइला अगाडी बढाएको पाइन्छ ।

### खेल विज्ञान र खेलाडीको परिक्षण

विज्ञान र प्रविधिको विकासले गर्दा आजको विश्व समुदाय एउटै मझेरी बनेको छ । हरेक असम्भव प्राय देखिने कुराहरूले सम्भावनाको ढोका खोलेर अगाडी बढेको पाइन्छ । यसै पृष्टभूमीमा समृद्ध राष्ट्रहरूको लागि पनि विकाशोन्मुख राष्ट्रहरूको सहभागिता र सहयोग विना कतिपय सवालहरू असम्भव प्राय देखिन्छन् । त्यसैले नै विश्व समुदायमा खेल कुटनिति र खेलकुदको ऐक्यवद्धताको अवधारणालाई महत्वका साथ अगाडी बढाएको पाइन्छ ।

खेलकुदका विभिन्न विधा र पक्षहरूको प्राविधिक रूपमा अध्ययन र विश्लेषण गर्ने पद्धतिको विकाससँगै खेलकूदलाई विज्ञानसँग जोडेर खेल विज्ञानको प्रादुर्भाव भएको मानिन्छ । खेलकुद विज्ञानले खेलाडीको उच्च खेल प्रदर्शनमा सहायता र सर्वसाधारणको स्वास्थ्यमा वृद्धि गर्दछ । यसले विभिन्न वैज्ञानिक ज्ञान र पद्धतिलाई आकर्षण गरी सरल बाटोबाट उपलब्धि नजिक पुर्‍याउछ । यसलाई देहाय बमोजिम उल्लेख गरि अध्ययन गर्न सकिन्छ ।

- Human Anatomy and Exercise Physiology
- Coaching science (GTMT)
- Sports psychology
- Kinesiology and Sports Bio–mechanics
- Test and Measurement for atheletes
- Sports medicine and Physiotherapy
- Sports sociology
- Sports Nutrition
- Sports management
- Other Sports Tenchology



कुनै पनि विधाका खेलमा छनोट भएका खेलाडीहरूकालागि माथि उल्लेखित खेलकुदका वैज्ञानीक शिक्षण प्रशिक्षण पद्धतिबाट

**कृष्ण तिमिल्सिना**
सचिव
मदन भण्डारी स्पोर्ट्स एकेडेमी

खेलाडीले कम समयमा, कम शक्ति खर्च गरी, कम साधन स्रोतको प्रयोग गरी दुर्घटना रहित तवरले उच्च खेल प्रदर्शन गर्न खेल विज्ञानको भूमीका महत्वपूर्ण रहन्छ । विभिन्न विद्याका खेलाडीहरूको वर्गिकृत समुहहरूमा तहगत छनोट र सहभागितामा खेलाडीहरूको परिक्षण र मापनकालागि विभिन्न विधि वा तरिकाहरूको अवलम्बन गरी उत्कृष्टताको पहिचानकालागि खेल विज्ञान अनुसार देहायमा उल्लेख भए बमोजिमको तरिकाबाट खेल प्रतिभाको परिक्षण गर्न सकिन्छ । जसले खेलकुदलाई उपलब्धिको धर ातलमा पुऱ्याउछ ।

- Motor ability Test
- Physiological Test
- Anthropometric Test
- Psychological Test
- Sports Laboratory Test

**खेलकुदमा खेल विज्ञानको महत्व :**

खेलकुदसँग विज्ञान र प्रविधिको सामिप्यताले विभिन्न विधामा खेलिने खेलकुदमा प्रभावकारीता बढाएको छ । हाम्रो ज्ञानको स्तर बृद्धिका लागि यहाँ खेल विज्ञान र प्रविधिको महत्वलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

- प्रभावकारी खेल योजनाको निर्माण गर्न
- खेलाडीको प्रगति र क्षमताको जानकारी लिन
- खेलकुदमा स्तर बृद्धि आवश्यकता पहिचान गर्न
- खेल प्रतिभाको उत्प्रेरणा बढाउन
- व्यक्ति केन्द्रित भएर प्रशिक्षण गर्न, गराउन
- प्रशिक्षकको लक्ष्य र उदेश्य प्राप्तिको मापन गरी विश्लेषण गर्न
- खेलकुद निति, नियम र मापदण्डको निर्माण गर्न, गराउन
- प्रारम्भिक रूपमा उपलब्धिको पूर्वानुमान गर्न
- खेलाडीको क्षमता पहिचान गर्न
- खेलाडीको स्तर परिक्षण र मापन गर्न
- उदयीमान प्रविधिको उपयोग गर्न, गराउन
- खेलाडीमा खेल गतिविधिहरूको विश्लेषण गरी परिमार्जन गर्न
- निर्दिष्ट कार्य सफलताकोलागि वैज्ञानिक योजना बनाउन
- खेलाडीको चाल र अवस्थितीको विश्लेषण गर्न, गराउन
- अनुसन्धानद्धारा निर्दिष्ट लक्ष्य प्राप्तिमा केन्द्रित भई अगाडी बढ्न

**उपसंहार**

ज्ञान र सीप आर्जन गर्ने जीवनका धेरै क्षेत्रहरू मध्ये खेलकुदक्षेत्र पनि एक हो । खेलकुदले राष्ट्र, राष्ट्रियता र धर्म संस्कृति, हाम्रो समृद्धि, सामाजिकीकरण र समाज रूपान्तरणका लागि अभिप्रेरित गर्दछ। यसले व्यक्तिको आन्तरिक अनुशासन, राष्ट्रियताको भावना, सामाजिक, सांस्कृतिक र परम्परागत मूल्य मान्यताको भावनालाई अभिवृद्धि गर्दछ । खेलकुद क्षेत्र, जहाँ युद्ध रोकेर खेल हेरिन्छ, भन्ने कुरा ओलम्पिकको इतिहासबाट हामी जानकार छौं । विभाजित राष्ट्रका नागरिकहरू पनि एउटै झण्डा मुनी रहेर मुलुकको प्रतिनिधित्व गरिरहेका हुन्छन । त्यसैले अग्रज दार्शनिकका अनुसार दुई वटा अस्पताल बनाउनु भन्दा एउटा रङ्गशाला बनाउ । जसले लाखौं करोडौं व्यक्तिहरूलाई एकताको भावना, स्वास्थ्य र मनोरञ्जन प्रदान गर्दछ ।

कुनै विश्वविद्यालयबाट विद्या-वारिधि, स्नातकोत्तरको उपाधिको स्वर्ण पदक धारी वा कार्यालयको विशिष्ट श्रेणीको व्यक्तित्व बन्ने मात्र होइनकी, हामी यस्तो चरित्रवान नागरिकको निर्माणमा उन्मुख हुनु पर्दछ । जसले आफ्नो मातृभूमिका लागि जीवनका विभिन्न क्षेत्रमा महानता प्राप्त गरेर महान बनुन् भन्ने हेतुले राष्ट्रका फुर्तिला जनशक्ति खेलाडीहरूको तहगत रूपमा खेल विज्ञानमा आधारित भई अध्ययन, अनुसन्धान र विश्लेषणबाट निश्पक्ष रूपमा खेल प्रतिभाको पहिचान, उनीहरूको छनौट र चरणवद्ध वन्द प्रशिक्षणका साथै आवधिक प्रतियोगिताले अपेक्षित उपलब्धिका सामु उभ्याउँछ । खेलकुद विज्ञानको तहगत रूपमा विद्यालय स्तरमा अनिवार्य पठन पाठनको व्यवस्थाका साथै प्राप्त साधनस्रोतको आकितम उपयोग गरी राष्ट्र, राष्ट्रियता र जनजिविकाको प्रमुख आधार बनाउन विद्यालय स्तरबाटै उमेरगत रुपमाप्राथमिकिकरण गरी खेलकुद र खेल विज्ञानलाई समाहित गरी अगाडी बढ्नु निर्विकल्प मानिन्छ ।

आजको सन्दर्भमा स्व. जननेता मदन भण्डारीको नाममा स्थापना भएको मदन भण्डारी स्पोर्ट्स एकेडेमीको स्थापना (२०१० जनवरी १) को १६ बर्षमा नेपाली खेलकुदको विकास र विस्तारसँगै उन्नयनकालागि एकेडेमीले धेरै क्रियाकलापहरू संचालन गर्दै अगाडी बढीरहेको छ । जनताको बहुदलिय जनवादको मुल मर्म अनुसार प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्ने सन्दर्भले खेलकुदको मर्मसँग पनि सामिप्यता राख्दछ । एकेडेमीको गौरवमय यात्राको स्मरणमा स्मारिका प्रकाशन हुन गईरहेको यस सन्दर्भमा खुशी व्यक्त गर्दै सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

# The Transformative Power of Sports in Health, Diplomacy and Economic Growth: A Nepali Perspective

In an era of dynamic global change, sports is no longer just a recreational activity—it is a driving force for national development. For a landlocked yet spirited nation like Nepal, sports plays a vital role in shaping public health, boosting diplomatic presence, and unlocking economic opportunities. With a youthful population, rich cultural heritage, and rising athletic talent, Nepal is poised to use sports as a catalyst for national pride and progress.

As a consultant nephrologist working in western Nepal for the past 10 years, I have personally witnessed the steady rise of lifestyle-related diseases like hypertension, obesity, and early-onset diabetes among our youth. These are often the root causes of chronic kidney disease. Promoting sports and physical activity from an early age can play a powerful preventive role. It is my strong belief that an active lifestyle not only builds stronger kidneys but also fosters sharper minds and healthier futures for our younger generations. The integration of sports into public health strategies is not optional—it is essential.



**Sports and Health: A Pillar of Preventive Care**

In Nepal, where the burden of non-communicable diseases (NCDs) like diabetes, hypertension, and cardiovascular diseases is on the rise, promoting regular physical activity through sports can be a game-changer. Sports not only reduces the risk of chronic illnesses, but also improves mental well-being, especially among the youth. Integrating sports into schools, communities, and workplaces ensures a healthier population and reduces long-term healthcare costs. It also builds discipline, teamwork, and resilience in individuals—key qualities for a stronger society.

**Sports and Diplomacy: Giving Nepal a Global Voice**

As a landlocked nation, Nepal faces geographical limitations in international visibility. Yet, sports transcends borders and boundaries. Through global sports events, Nepal has a rare and powerful opportunity to present its flag, culture, and spirit on the world stage.

A shining example was Nepal's historic performance in the recent ICC T20 Cricket World Cup held in the USA. The Nepali cricket team, with its passionate playing style and loyal fanbase, captured international attention and respect. Their performance was not

**Dr. Shakti Basnet**
Consultant Nephrologist
Secretary, Health Department & Foreign Affairs Head
Sports Academy Nepal

just about winning matches—it was about uniting a nation, inspiring the youth, and proving that Nepal belongs on the global sports map.

Such moments of sporting success act as soft power tools—building friendships, cultural exchanges, and diplomatic goodwill with nations near and far. Nepal can further utilize this momentum by fostering sports diplomacy and international collaborations through athlete exchanges, joint training camps, and cross-border tournaments.

**Sports and Economics: An Engine for Growth**

Globally, sports is a booming industry—and Nepal must seize its share. From jobs in coaching, media, event management, and infrastructure to sports tourism and merchandising, the economic impact is vast. Hosting international and regional tournaments can drive tourism, support local businesses, and stimulate urban development.

Nepal's natural landscape offers immense potential for sports tourism—from high-altitude running to mountain biking and adventure races. In parallel, supporting professional athletes and investing in grassroots programs can open global pathways and economic returns, including international contracts, sponsorships, and remittances.

**Conclusion: Raising the Flag Beyond Borders**

For a landlocked but limitless country like Nepal, sports is more than a game—it is a national mission. It strengthens the body and mind, opens doors to the world, and drives sustainable development. From the cricket grounds of the USA to the peaks of the Himalayas, Nepali athletes are proving that geography is not destiny.

Let us empower our youth, invest in sports infrastructure, and promote a sporting culture that lifts Nepal higher—not just on podiums, but in hearts around the world.

# खेलकुदमा महिला

कुनै जमाना थियो अभिभावकहरू आफ्ना छोरीहरूलाई खेलकुदमा लगाउन डराउथे । छोरी कमजोर हुन्छन्, शक्ति लगाएर खेल्न सक्दैनन् । पहिलो जबरजस्त मान्यता यही थियो । अर्कोतिर खेलेर के पाइन्छ र भन्ने अर्को धारणा थियो । यस्तो जोखिमताकाबिच बुहारी र आमाहरू खेल्नु त ठूलै कुरा थियो । यद्यपि नेपाली महिला खेलाडीहरू चुनौतिलाई चिर्दै अवसर खोज्दै छन् । खेल क्षेत्रमा सङ्ख्या बढाइरहेका छन् । अवसर पाएका महिला खेलाडीले पुरुषले भन्दा राम्रो नतिजा निकालिरहेका पनि छन् । उनीहरूले आफू मात्र होइन आफ्नो परिवार र देशका लागि नै योगदान पुऱ्याईरहेका छन् । दत्तचित्त भएर खेलकुदमा लाग्दा महिला खेलाडीहरूले सफलता पाउन थालेका हुन् ।

एउटा उदाहरण हेरौं । रूपन्देहीकी निशा चौधरी बुटवलको एभरेष्ट बोर्डिङ स्कूलमा पढ्छिन् । नियमित अध्ययनसंगै उनी साँझ बिहान खेल अभ्यास गर्छिन् । राष्ट्रिय महिला टिमको क्लोज क्याम्पसमा दुई पटक खेलेकी छन् । भविष्यमा नेपालको राष्ट्रिय टिमबाट खेल्ने सपना बुनेकी छन् । शान्ता सुनार बुटवलको एभरेष्ट बोर्डिङ स्कुलमा पढ्दै र भलिबल खेल्दैछन् । उनी यस क्षेत्रमा हुने गरेका नगर, जिल्ला हुदै नवौं राष्ट्रपतिमा महिला भलिबल टिमबाट प्रदेशको प्रतिनिधित्व समेत गरिसकेकी छन् । जुनियर छात्रा भलिबल प्रशिक्षण चलाउने एभरेष्टले आधा दर्जन महिला भलिबल खेलाडी उत्पादन गरेको छ । केही विभागीय टिममा सहभागी भएर खेलेका छन् । पुनम चन्द, यमकली कवर मगर, सपना डाँगी, निशा चौधरी लगायत राष्ट्रिय खेलाडी एभरेस्टकै उत्पादन रहेको भलिबल प्रशिक्षक अर्जुन घिमिरले बताए । पछिल्लो समय फुटबल, क्रिकेट, भलिबल लगायत खेलमा महिलाको खेलाडीको सङ्ख्या बढेको छ । महिला खेलाडीलाई हेर्ने नजर पनि परिवर्तन भइरहेको छ । यसले जुनियर महिला खेलाडी उत्पादन सहज बनेको घिमिरेको अनुभव छ ।



महिला खेलाडीमध्ये चर्चित नाम हो आयशा शाक्य । नेपाली खेलकुद जगत्मा उनलाई महिलाको आइडल खेलाडीका रूपमा पनि लिइन्छ । सानै उमेरबाट खेल्दै आएकी उनी आमा बन्दासम्म पनि खेलिरहेकी छन् । विवाहअघि नै उत्कृष्ट खेलाडीको छवि बनाएकी आयशाले कीर्तिमानी खेलाडी दीपक विष्टसँग वैवाहिक बन्धनमा बाँधिएपछि पनि उत्तिकै प्रदर्शन गर्दै गइरहिन् । दुई सन्तानकी आमा बनेपछि खेल जीवनमा फेरि फर्किएकी उनले २०१९ मा १३ औँ दक्षिण एसियाली खेलकुदमा दोहोरो स्वर्ण जितेर सबैलाई अचम्मित बनाइन् । उनको यो सफलता महिला खेलाडीका लागि एउटा प्रेरणाको स्रोत बनेको छ ।

आयशाका अनुसार सानो उमेरमा खेल्न खासै चुनौती हुँदैन । पहिलेको तुलनामा पछिल्लो समयमा अभिभावहरूले आफ्ना बच्चाहरूलाई खेलकुदमा लगाउन थालेका छन् । तर उमेर पुगेपछि पढ्नुपर्ने, विवाह, जागिर र करिअर बनाउने काम गर्दाचाहिँ महिला खेलाडीलाई निकै गाह्रो छ । विवाह भइसकेको छ भने समय निकाल्न पनि निकै मुस्किल छ । उनले चाहिँ परिवारको राम्रो साथ पाइन् । किनभने मेरो श्रीमान् (दीपक विष्ट) आफैँ खेलाडी हुन् । घरमा वातावरण राम्रो थियो ।

नेपाली एथलेटिक्सकी कीर्तिमानी खेलाडी सन्तोषी श्रेष्ठको अनुभव अर्कै छ । सुरुमा सन्तोषी खेलमा लाग्दा उनी आमा छोरीलाई खेल्दा गाह्रो हुन्छ भनेर खेलबाट छुटाउन चाहन्थिन् । बिस्तारै आमा र परिवारको मन जित्दै दौड सुरु गरिन् । सन्तोषीले जब खेलकुदमा नाम, दाम र प्रतिष्ठा कमाउन थालिन् । आमाको भावनामा समेत परिवर्तन भयो । खेल खेल्दा महिलाको मानसिक र शारीरिक अवस्था झन् बलियो हुँदो रहेछ भन्ने कुरा सन्तोषीकी आमाले बुझेकी छन् । देशको विकट स्थानमा रहेका आमालाई यसबारे बुझाउन झनै जरुरी रहेको उनको भनाइ छ । १३ औँ दक्षिण एसियाली खेलकुद(साग)

**अमृता अनमोल**
सञ्चार विभाग प्रमुख
मदन भण्डारी स्पोर्ट्स एकेडेमी

मा नेपाललाई १० हजार मिटर दौडमा ऐतिहासिक स्वर्ण जिताउनु भएकी सन्तोषी अहिले नेपाली एथलेटिक्सको 'रोल मोडल' बने की छन् । सागपछि उनले खेलेको लामो र छोटो दुरीका सबैजसो प्रतियोगितामा स्वर्ण जितेकी छन् ।

नेपाली टेबलटेनिसकी चर्चित खेलाडी एलिना महर्जन पहिलाको तुलनामा विस्तारै महिला खेलाडीलाई सहज बन्दै गएको सुनाउँछिन् । खेलकूदमा लागेपछि महिला मानसिक र शारीरिक रूपले थप बलियो हुने एलिनाको अनुभव छ । खेलसँगै सामाजिक सेवामा सक्रिय एलिनाले सागमा पदक जितेपछि सरकारबाट प्राप्त आफ्नो पुरस्कार रकम कोरोना पीडित परिवारलाई खाद्यान्नलगायतमा सहयोग गरेकी थिइन् । समान अवसर दिएमा महिला खेलाडीले पुरुषले भन्दा धेरै राम्रो गर्ने एलिनाको दाबी छ ।

पुरुषभन्दा महिला खेलाडी फरक नै हो भन्ने मान्यता र महिला खेलाडीलाई हेर्ने दृष्टिकोण अझै परिवर्तन भईसकेको एलिनाको भनाइ छ । उनका अनुसार महिला खेलाडीलाई आवश्यक तालिम लिने वातावरण छैन । खेलाडीको आर्थिक अवस्था पनि कमजोर छ । महिला खेलाडी खेलबाट जीवन धान्न नसकेपछि लामो समय टिकिरहन सकेका छैनन् । सरकारले महिला खेलाडीलाई सामाजिक सुरुक्षासँगै अन्य सुविधा दिन सके महिला पनि खेलमा अब्बल हुन सक्ने उनको अनुभव छ ।

पछिल्लो समय नेपाली खेलकुदलाई कीर्तिमानी उपलब्धिसहित सशक्त बनाउने काम महिला खेलाडीबाट भईरहेको छ । यसले महिला खेलाडीमाथिको विभेद केही हट्दै गएको छ । खेडाडीलाई दिने पारिश्रमिकमा महिला र पुरुषमा समानता छ । तर पुरुषका लागि जस्तो खेलाडी महिलालाई प्रतियोगिताहरू हुँदैनन् । राष्ट्रियदेखि अन्तर्राष्ट्रिय प्रतियोगिताहरू पुरुषकै बराबर हुने हो भने महिलाहरू अझ बढी प्रतिश्पर्धी बन्ने थिए । यसर्थ सरकार र खेल सम्बद्ध सङ्घसस्थाले महिलाको पनि पुरुषसरह नै प्रतियोगिताहरू गर्नुपर्‍यो । पुरुष र महिला खेलाडीबिच पुरस्कारमा पनि विभेद छ । खेलाडी महिलाको भनदा पुरुषको धेरै पुरस्कार राशिको प्रतियोगिता हुन्छ । यस्तो चलन हटाउनुपर्छ ।

नेपालमा खेलाडी भएर बाँच्न निकै कठिन छ । महिला खेलाडी भएर जीवन चलाउन अझ समस्या छ । यसको मुख्य कारण आर्थिक पाटो हो । पितृसत्तात्मक हाम्रो समाजमा महिलालाई गरिने व्यवहार फरक छ । महिला खेलाडी भएर खेलमै आफ्नो करिअर बनाउनु त महिलाका लागि फलामे ढोका पार गर्नु हो । यसर्थ महिलालाई खेलमा ल्याउन र आएकालाई बिकाउन एवम् चर्चित र सम्भावना बोकेका खेलाडीलाई टिकाउन राज्यले लगानी गर्नुपर्छ । यसो गरेमा नेपालमा महिला खेलाडीको भविष्य राम्रो मात्र हुनेछैन । राज्यले त्यसको भरपूर प्रतिफल पनि लिने छ ।



# Sports for Inclusivity, Discipline and Social Transformation, The Backbone of Future Building

Sports are an integral part of human life. Their impact extends beyond physical health to deeply influence mental, social, ethical, and emotional dimensions. However, in today's rapidly changing society, questions have arisen regarding the nature, purpose, and impact of sports. What should sports truly be? Is sports merely about competition and awards, or should it convey profound messages to society? This article attempts a multifaceted perspective on the nature of sports, its ideal form, the values it should embody, its role in society, and, broadly, what sports ought to be.

The primary purpose of sports has traditionally been understood as physical fitness. The well-known adage, "a healthy mind resides in a healthy body," underpins the significant contribution sports make to human health. Beyond that, sports foster discipline, commitment, perseverance, time management, and self-regulation in individuals. However, sports should not focus solely on physical well being; it must serve as a medium for holistic personality development. It should nurture human values such as honesty, respect, tolerance, cooperation, and fairness. Such sports can become the foundation of sustainable societal development.

Sports must be inclusive. It should not discriminate based on caste, religion, class, gender, age, or geographical location. Even today, some communities consider sports a male domain, hindering women's full participation. To change this mindset, sports itself must become inclusive. Expanding sports accessibility to remote areas, economically disadvantaged groups, persons with disabilities, and marginalized communities is essential today. Only when sports become accessible to all can they foster equality and a sense of dignity in society.

Many parents and educational institutions still perceive sports as a hindrance to academic progress. This perception must change. Sports and education complement each other. Where sports are integrated into the education system, holistic student development becomes possible. Schools and colleges must have structured sports programs, mandatory physical education classes, knowledge of sports psychology, and adequate sports instructors. Securing sports' place in the education system ensures qualitative development of future generations.

Nowadays, unethical behaviors in sports are increasing due to competitive pressure—such as doping, abuse of referees and umpires, post-match violence, corruption, and biased athlete selection all of which threaten the essence of sports. Therefore, sports must stand on the foundation of ethics. Players should develop a sense of fair play, the ability to accept victory and defeat gracefully, and respect the spirit of competition. Coaches, administrators, and sports organizations must take a proactive role in cultivating this culture.

Leadership plays a crucial role in shaping what sports become. Without effective, transparent, and



**Grandmaster Kali Bahadur Gharti Magar**
Founder & President
Nepal Hapkido Association
South Asian Hapkido Federation

policy-driven leadership, no sports sector can be sustainable and competent. Leadership in sports administration must transcend personal interests and make decisions in the interest of the nation, athletes, and the public. Similarly, sports management including infrastructure development, budget management, sports equipment, coaching, and scheduling must be transparent and accountable. Only then can long-term sports development be realized.

Sports profoundly contribute to national identity building. When a country succeeds in international sports competitions, its recognition, respect, and pride increase. Sports serve as a form of "soft power" that can strengthen diplomatic relations. Hence, nations must invest in sports, formulate policies, and develop long-term strategies. They should actively promote a quality sports culture beyond merely watching competitions or cheering.

Sports are not just an international-level issue; their real foundation lies in local communities. Organizing sports activities at the village, school, club, municipality, or ward level is essential. Promoting sports at the community level energizes and unites people from children to the elderly. Managing local sports grounds, equipment, coaches, and competitions provides opportunities to nurture local talent. Such grassroots sports activities lay the groundwork for national level sports.

Learning sports skills in childhood has a lasting impact. It improves confidence, social networks, team spirit, discipline, cooperation, and decision-making skills. However, our society still holds the view that "playing wastes time." Teachers, parents, and society must recognize sports as a foundation for children's development. This requires child-friendly sports programs in schools, family support, and active community involvement.

Sports reduce stress, enhance self-esteem, and help decrease depression, anxiety, and internal conflicts. In today's fast-paced life, mental health is a major challenge. Regular sports participation can provide effective results in a short time. Sports are not just competition but also a form of therapy. The concept of "therapeutic sports" must be introduced to our society.

The 21st century is the era of technology. Incorporating technology in sports has become indispensable. Through data analytics, video review systems, physical fitness tracking, artificial intelligence, and virtual reality, sports can become more transparent, scientific, and effective. Similarly, online competitions, e-sports, digital scoring, and live streaming bring sports to a global audience. The Nepali sports system must not delay adopting such technologies.

Sports can convey messages to society and create employment, business opportunities, branding, tourism, and entrepreneurship. Sports tourism, sports equipment manufacturing, sports nutrition, media coverage, and advertising can make the sports sector a strong part of the economy. Governments, private sectors, and social organizations must promote entrepreneurship linked to sports. This will improve athletes' livelihoods as well.

Sports are not merely a source of entertainment but a valuable and necessary aspect of life that significantly contributes to human development. True sports provide equal opportunities for all, free from discrimination based on gender, caste, class, or geography. Strong ethics and discipline must underpin sports so players accept victory and defeat with dignity and sports maintain their prestige. Furthermore, sports leadership and management should be transparent, accountable, and aligned with national interests, with decisions made for public benefit rather than personal gain. Sports must also play a role in social transformation, guiding youth positively, ending discrimination, and strengthening social unity. Sports that assist education, promote health, offer economic potential, and foster mental balance are essential for society.

Only an inclusive, innovative, and sustainable sports system can bring long term change. Therefore, let us not view sports as just applause-worthy moments or fleeting victories but develop it as a tool for social awareness, national pride, and future building. When sports inspire not just athletes but entire societies to become conscious, disciplined, and motivated, only then can we truly say sports are what they should be.

In conclusion, sports are not just about entertainment or competition but the foundation of comprehensive development, social transformation, and nation building. Sports contribute not only to physical fitness but also mental balance, social responsibility, ethical discipline, and mutual understanding. Only through inclusive access, equal opportunity, transparent leadership, innovative technology use, and long-term planning can sports fulfill their purpose. Hence, we should not limit sports to athletes alone; it is a companion to education, medicine for health, alternative for the economy, and bridge to social unity. When we collectively build a sports culture imbued with honesty, equality, tolerance, and inspiration, the true definition of sports is realized. Sports must be inclusive, a foundation for positive change, and the backbone of future construction.

# प्रतियोगिता सञ्चालन र व्यवस्थापन: चुनौती र समाधान

नेपालमा खेलकुदएक महत्वपूर्ण सांस्कृतिक र सामाजिक गतिविधि हो जसले स्वास्थ्य, मानसिक सन्तुलन र समाजको विकासमा महत्वपूर्ण भूमिका खेल्दछ। यद्यपि, खेलकुदप्रतियोगिताहरू सञ्चालन गर्न र व्यवस्थित गर्नका लागि केही प्रमुख चुनौतीहरू छन् जसका कारण खेलकूदको प्रगति र सशक्तिकरणमा बाधा पुर्याइरहेका छन्। यहाँ नेपालमा खेलकुदप्रतियोगिता सञ्चालन र व्यवस्थापनमा रहेका चुनौतीहरू र तिनका समाधानका उपायहरू प्रस्तुत गरिएको छ।

नेपालमा खेलकुदसँग सम्बन्धित बजेट र संसाधनहरूको कमी एक प्रमुख चुनौती हो। खेलकूदका प्रतियोगिताहरू आयोजना गर्नका लागि आवश्यक सामग्री, प्रविधि र पर्याप्त बजेटको अभावले आयोजनालाई असर पुर्याउँछ।

खेलकूदको बजेट बढाउन सरकारी र निजी क्षेत्रको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ।

खेलकूदका कार्यक्रमहरूको प्रायोजनका लागि विभिन्न व्यवसायिक संस्थाहरूलाई आकर्षित गर्न र आकर्षक प्रायोजन प्याकेजहरू तयार गर्नु।

नेपालका ग्रामीण र दुर्गम क्षेत्रहरूमा खेलकूदको लागि पर्याप्त स्थान र सुविधाको कमी छ। धेरै स्थानमा अभ्यास र प्रतियोगिता संचालन गर्नका लागि खेल मैदान र सुविधा समेत छैन।ग्रामीण क्षेत्रका लागि विशेष रूपमा खेल मैदान निर्माण गर्ने योजनाहरू अघि बढाउनु।

सबै समुदाय र क्षेत्रका युवा र खेलाडीहरूलाई समान अवसर प्रदान गर्न विशेष कार्यक्रमहरू संचालन गर्न।

नेपालमा खेलकूदका कोच र प्रशिक्षकहरूको गुणस्तर र संख्यामा कमी छ। यसका कारण, खेलाडीहरूको क्षमता र दक्षता विकासमा अवरोध आउँछन ।राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तर का कोचिङ कोर्सहरूको आयोजना गरेर प्रशिक्षकहरूको स्तर सुधार गर्नु।स्कूल र कलेज स्तरमा खेलको प्रवर्धन गरी युवा खेलाडीहरूलाई गुणस्तरीय प्रशिक्षण दिने योजना बनाउनु।नेपालमा खेलकूदको व्यवस्थापन र प्रतियोगिता सञ्चालनमा प्रविधिको प्रयोगको कमी छ। यसको परिणामस्वरूप, प्रतिस्पर्धाहरूको परिणाम र समयको सही मापदण्ड र व्यवस्थापनमा समस्या आउँछ। प्रविधिको समावेशीकरण हुने गरी डिजिटल प्रणाली र आधुनिक प्रविधिको प्रयोगमार्फत खेलकूदको व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्ने छ। यसका लागि, प्रतियोगिताका परिणामहरूको स्वत: अपडेट र अनलाइन प्लेटफर्महरूमा प्रचार गर्न सकिन्छ। स्मार्टफोन एप्स र अनलाइन पोर्टलहरू मार्फत खेलकूदको प्रत्यक्ष अपडेट र विश्लेषण दिन सकिन्छ।खेलकुदप्रतियोगिताको प्रचारमा कमी हुँदा, धेरै मानिसहरूलाई जानकारी पुग्दैन। यसले सहभागी खेलाडीहरू र दर्शकहरूको संलग्नतामा कमी ल्याउँछ। मीडिया र प्रचार अभियान सञ्चालन गर्ने रेडियो, टेलिभिजन र सामाजिक मिडियाको माध्यमबाट खेलकूदको प्रचारलाई बलियो बनाउनुपर्छ ।सार्वजनिक सचेतना कार्यक्रम प्रत्येक पालिकामा खेलकूदका फाइदाबारे जनचेतना फैलाउन र बढी दर्शकहरूको आकर्षणको लागि सचेतना अभियान सञ्चालन गर्नु।खेलकुदनीति र संरचनाको अभाव भएकोले नेपालमा खेलकूदको विकासका लागि ठोस नीति र संरचनाको अभाव छ। यस कारण, राष्ट्रिय खेलकुदकार्यक्रमहरूको नियमित सञ्चालन र व्यवस्थापनमा समस्या आउँछ। एक समग्र खेलकुदनीति तयार गर्ने र त्यसको कार्यान्वयनलाई सुनिश्चित गर्नु। खेलकूदको व्यवस्थापनका लागि स्थायी संरचनाहरू र निकायहरूको स्थापना गर्न जरुरी छ।

कसैकसै स्थानमा खेलकूदको महत्त्व नबुझिने र खेलकूदको प्रचलनमा लैंगिक असमानता जस्ता सांस्कृतिक र सामाजिक अवरोधहरू पनि रहेका छन्।

समानता र समावेशीकरणको प्रवर्धन: महिला र पुरूष खेलकूदकर्मीहरूको समान सम्मान र अवसर सुनिश्चित गर्न।खेलकूदको महत्त्व र सामाजिक लाभहरूको बारेमा शिक्षित र प्रोत्साहित गर्ने अभियानहरू सञ्चालन गर्नु पर्छ ।

अत:नेपालमा खेलकुदप्रतियोगिताहरूको सफलता र समृद्धिका लागि यी सबै चुनौतीहरूको समाधान आवश्यक छ। सरकार, निजी क्षेत्र, र नागरिक समाज मिलेर यी समस्याहरूलाई समाधान गर्न सके भने, नेपालको खेलकुदक्षेत्रले नयाँ उचाइमा पुर्याउन सक्छ। खेलकुदभनेको मात्र शारीरिक गतिविधि होइन, यो राष्ट्रको सामाजिक र सांस्कृतिक एकता र मानसिक स्वास्थ्यका लागि पनि महत्वपूर्ण तत्व हो ।

खेल व्यवस्थापन भनेको खेलकुदप्रतियोगिता, प्रशिक्षण, संसाधन र खेलकर्मीहरूको समग्र व्यवस्थापन गर्नु हो। यसले खेलकूदको प्रतिस्पर्धा र कार्यक्रमको सफलता सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ। खेल व्यवस्थापनलाई प्रभावकारी र व्यवस्थित तरिकामा संचालन गर्नका लागि निम्नलिखित कदमहरू अवलम्बन गर्न सकिन्छ:

### १. योजना र रणनीति बनाउनु

खेल व्यवस्थापनको पहिलो चरणमा, तपाईंलाई कार्यक्रमको उद्देश्य, लक्ष्य र माइलस्टोनहरू स्पष्ट पार्नु पर्ने हुन्छ। यसका लागि:



**विनोद आचार्य**
केन्दिय कार्यालय सचिव
मदन भण्डारी स्पोर्ट्स एकेडमी

लक्ष्य निर्धारणः आयोजकको मुख्य उद्देश्य के हो? प्रतिस्पर्धा, प्रशिक्षण, वा सामुदायिक विकास?

विवरण तयारीः प्रतियोगिता कहिले, कहाँ र कति सहभागीहरू हुनेछन्? पुरस्कार र प्रोत्साहन के के हुनेछन्?

समय तालिकाः कार्यक्रमको समय, स्थान र आयोजकहरूको तालिका तयार गर्नु।

खेल विधि निर्धारणः कुन खेल विधिमा प्रतिस्पर्धा हुनेछ र त्यसको नियम के हो?

## २. स्रोत र बजेट व्यवस्थापन

खेलको आयोजना गर्दा वित्तीय र भौतिक स्रोतहरूको व्यवस्थापन अत्यन्त महत्वपूर्ण छ। यसका लागिः

बजेट तयार गर्नुः प्रतियोगिताको लागि आवश्यक खर्चको सूची बनाउनु (उपकरण, स्थल, पुरस्कार, विज्ञापन, यातायात, आदि)।

स्रोतहरूको व्यवस्थापनः प्रायोजकहरूको खोजी गर्नु, खेलकुदसामग्री, उपकरण र सञ्जालहरूको व्यवस्था गर्नु।

खर्च र आयको निगरानीः खेल आयोजकले खर्च र आयको नियमित हिसाब राख्नुपर्नेछ ताकि अनावश्यक खर्चबाट बच्न सकियोस्।

## ३. साझेदारी र समन्वय

खेल व्यवस्थापनको सफलता बाहेकका प्रमुख पक्ष भनेको सबैको सहयोग र समन्वय हो। यसका लागिः

सरकारी निकायसँग समन्वयः स्थानीय सरकार, राष्ट्रिय खेल परिषद, र अन्य सम्बन्धित निकायसँग समन्वय गर्नु।

प्रायोजक र साझेदारको संलग्नताः खेलकूदका कार्यक्रमहरूको प्रायोजनका लागि व्यवसायिक संस्थासँग सम्झौतासमेत गर्न।

स्वयंसेवक र सहकार्यकर्ताको परिचालनः उत्साही स्वयंसेवकहरूको टोली तयार गर्न जसले व्यवस्थापन र सञ्चालनका विभिन्न पक्षहरूमा सहयोग पुर्याउँछन्।

## ४. स्थल र आयोजनाको व्यवस्थापन

खेलकुदकार्यक्रमको आयोजनामा स्थान र वातावरणको महत्त्व अत्यधिक छ। यसका लागिः

स्थल चयनः खेलकुदआयोजनाको लागि उपयुक्त स्थान छनोट गर्नु (खेल मैदान, ग्यालरी, पार्किङ, सफा वातावरण आदि)।

सुरक्षा उपायः आयोजकले सबै प्रकारको सुरक्षा प्रोटोकल तयार गर्नुपर्छ, जसमा मेडिकल टोली, फर्स्ट एईड उपकरण, र खेलकर्मीको सुरक्षा व्यवस्थापन सामेल हुन्छ।

सुविधाहरूः शौचालय, पानी, चियाको व्यवस्था, र दर्शकहरूको लागि सुविधाहरू सुनिश्चित गर्नु।

## ५. प्रशिक्षण र कर्मचारी व्यवस्थापन

सस्तो र प्रभावकारी खेल व्यवस्थापनका लागि प्रशिक्षित कर्मचारीहरूको आवश्यकता पर्छ। यसका लागिः

प्रशिक्षण योजनाः व्यवस्थापनका लागि टोलीका सदस्यहरूको कन्फिडेन्स र दक्षता बढाउन प्रशिक्षण योजना बनाउनु।

व्यक्तिगत भूमिकाहरू निर्धारणः प्रत्येक कर्मचारीको जिम्मेवारी स्पष्ट गर्नु (जस्तै, साइट व्यवस्थापक, उपकरण व्यवस्थापक, सुरक्षा अधिकारी आदि)।

समयमै प्रतिक्रिया र निगरानीः नियमित बैठकहरू र छलफलहरूको माध्यमबाट समस्याहरूको समाधान खोज्नु।

## ६. प्रविधि र डेटा व्यवस्थापन

आजकल, खेलकुदप्रतियोगितामा प्रविधिको प्रयोग अनिवार्य बनेको छ। यसका लागिः

प्रतिस्पर्धा व्यवस्थापन सिष्टमः अनलाइन र सफ्टवेयर एप्लिकेसनहरू प्रयोग गरेर खेलकूदको रेकर्ड, परिणाम र समय अपडेट राख्नु।

सोशल मिडिया र प्रचारः फेसबुक, इन्स्टाग्राम, ट्विटर आदि मञ्चमा खेलको प्रचार र अपडेट गर्नु, जसले दर्शक र सहभागीहरूको संख्या बढाउँछ।

मीडिया समन्वयः प्रतियोगिता र उसका परिणामहरूको लागि स्थानीय र राष्ट्रिय मिडियासँग समन्वय गर्नु।

## ७. मूल्याङ्कन र सुधार

खेलको व्यवस्थापन पछि, परिणामको मूल्याङ्कन गर्ने र सुधारका उपायहरूको पहिचान गर्नु अत्यन्त महत्त्वपूर्ण छ। यसका लागिः

समाप्ति मूल्याङ्कनः कार्यक्रमको पछिल्लो विश्लेषण गरी के राम्रो भयो र के सुधार गर्न सकिन्छ भनेर विश्लेषण गर्नु।

प्रतिस्पर्धा प्रतिक्रिया संकलनः सहभागी खेलाडी र दर्शकहरूको प्रतिक्रिया संकलन गरेर आगामी कार्यक्रमहरूको सुधारका लागि योजना बनाउनु।

सुझाव र सुधारको कार्यान्वयनः अगाडि बढ्नका लागि सुधारका उपायहरूको कार्यान्वयन गर्नु र प्रक्रियामा निरन्तर सुधार ल्याउनु।

## ८. प्रेरणा र सकारात्मक वातावरण सिर्जना

खेल व्यवस्थापनमा सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको खेलाडी र सहभागीहरूको मनोबल उच्च राख्नु हो। यसका लागिः

प्रोत्साहन र पुरस्कारः प्रतियोगितामा सहभागी सबै खेलाडीलाई प्रोत्साहन दिने र उत्कृष्ट खेलाडीलाई पुरस्कार प्रदान गर्नु।

सकारात्मक वातावरणः खेलकूदको वातावरणलाई प्रेरणादायक र मित्रवत् राख्नु, ताकि खेलाडीहरूले आत्मविश्वास र सकारात्मक सोचमा प्रदर्शन गर्न सकून्।

खेल व्यवस्थापन भनेको केवल प्रतियोगिता आयोजना गर्नु मात्र होइन, यो एक समग्र प्रक्रिया हो जसमा योजना, बजेट, संसाधन व्यवस्थापन, प्रशिक्षण, प्रविधि र मानव संसाधनको प्रभावकारी प्रयोग आवश्यक छ। यी सबै पक्षलाई समन्वय गरेर एक सफल खेलकुदकार्यक्रम सञ्चालन गर्न सकिन्छ, जसले खेलकूदको स्तर र प्रभावलाई वृद्धि गर्छ।

# शहिद धर्मभक्त र शारीरिक सुगठन

क.मदन भण्डारीको धेरै सिद्धान्त मध्य प्रतिस्पर्धाबाट श्रेस्तता हासिल गर्ने, खेलको नियम र सिद्धान्त हो। शारीरिक सुगठन पनि यसै सिद्धान्तमा आधारित खेल हो। यो खेल अरु खेलहरूको माउ खेलको रूपमा लिने गरिन्छ। शारीरिक सुगठन खेल श्रमिकहरूको खेल हो भन्ने धारण छ र यस खेललाई हेय दृष्लि हेरिन्थ्यो। शरीरलाई सुगठीत बनाई शक्ति बढाउने कार्यलाई यो खेल महत्पुर्ण मानिन्छ। आजभोली प्रमुख खेल संगसगै सहायक खेलको रूपमा यस खेललाई लिने गर्दछ।

शरीरलाई आकर्षण बनाउन जीवन एक पटक सबै युवाहरूले जानीनजानी यो खेलखेलको हुन्छ। जसरी महिलाहरू पार्लर प्रति आकर्षण हुन्छ भने पुरुषहरू पनि जीम प्रति आकर्षणीत भएको देखिन्छ। प्रजातान्त्रिक लडाईमा आफ्नो जीवनलाई उत्सर्ग गर्ने शारीरिक सुगठनका खेडाली हुन सहीद धर्मभक्त माथेमा। नेपालको खेलकुदको ईतिहाँसमा शारीरिक सुगठनका खेलाडी मात्र हुन जस्ले राणा शासन बिरुद्ध प्रजातान्त्रिक लडाईमा जीवनलाई उत्सर्ग गरेका थिए।

देशमा अरुखेलहरू अग्रस्थानमा भएता पनि यो खेल र खेलाडीहरूको हौसला परिश्रमले अरुखेलहरूले ल्याउन नसकेको पदक यस खेलबाट अन्तराष्ट्रिय खेलमा (वर्ल्डबडीबिल्डीङ्ग,एसियन बडीबिल्डीङ्ग,द.एसियाली बडीबिल्डीङ्ग अन्तराष्ट्रिय स्तरको च्याम्पीयनसिपमा ) स्वर्ण , कास्य र रजत पदक ल्याई अरु ठुला ठुला राष्ट्रहरूलाई चुनौटी दिएको छ।

संगीतको तालमा सुगठित शरीरका मांसपेशीहरूलाई कलात्मक ढंगमा प्रदर्शन गरिने खेल नै शारीरिक सुगठन खेल हो। यो खेलमा परिश्रम गर्ने भएर यसलाई श्रमिक खेल पनि भनिन्छ। (शारीरिक सुगठन भनेको हाइपरट्रोफी मार्फत आफ्नो मांशपेशीहरू निर्माण,नियन्त्रण र विकास गर्न प्रगतिशिल प्रतिरोधात्मक अभ्यासको अभ्यास हो। ) कुनै पनि देशलाई अन्तराष्ट्रिय क्षेत्रमा राम्रोसंग परिचित गराउनको लागि त्यस देशको मौलिक संस्कृति र विभिन्न खेलको माध्यम ने शसक्त पक्ष हो भन्नु अत्युक्ति नहोला। १८६७ अप्रिल २ मा इंग्ल्यान्डमा जर्मनी नागरिक फेडिच विल्हम म्यूजर अर्थात युजिन स्याण्डोले प्रारम्भ गरेको मानिएको यो खेलको नेपालमा भने यसको इतिहास धेरै लामो छैन। नेपालको परिप्रेक्ष्यमा कुरा गर्दा प्राचीन कालमा पतञ्जली, चरक जस्ता महार्षिहरूद्दारा प्रदत्त प्राणायम, योगाभ्यास र अखडामा मल्लयुद्ध गर्ने जस्ता प्रचलन रही आएको थियो। हाल नेपालमा आधुनिक शारिरीक सुगठन खेलको इतिहास नेपालको सन्दर्भमा खासै लामो छैन तर नेपालमा शारिरीक सुगठन खेलको विकासमा प्रजातन्त्रका सेनानी तथा अमर शहिद धर्मभक्त माथेमा पालादेखि शुरु भएको भन्ने इतिहास भेटिन्छ। १९९० को दशक नेपाल राणा शासनको चरणको उत्कर्समा थियो त्यती बेला सर्वसाधारण खेलकुद लगायत गतिबिधिमा प्रतिवन्ध थियो।

अर्थ व्यवस्था स्वास्थ्य र सामाजिक कार्य ज्ञान प्राप्त गर्न प्रतिवन्ध थियो। यस्तो गतिविधीमा संलग्न रहेको जो कोहीलाई कुनै ठोस प्रमाण विना नै राज्यबाट दण्डीत गरिन्थ्यो। प्रतिवन्धित अवस्थामा समेत युवाहरू मध्य धर्म भक्तको नाम अग्रस्थानमा आउछ। धर्मभक्त नेपालका पहिलो शारीरिक सुगठन खेलाडी थिए १९९३ धर्मभक्तले भारतको वंगालबाट शेरे वंगाल जितेर नेपाल फर्केका थिए उनले नेपालमा युवाहरू डम्बेल र वार्वेलको प्रयोग गरि शारीरिक सुगठनको व्यायम संग परिचय गराए।

धर्म भक्तले काठमाडौं ओम बहालमा फुफु युग कुमारीको घरमा जिम खाना खोले यो नेपालको पहिलो जिम खाना थियो। जिम खाना खोल्नु अघि निजले जुद्ध शसमशेर संग स्वीकृती लिनु परेको थियो। त्यती वेला जुद्ध समशेरले भिडभाड नगराउनु भन्दै



**राज कुमार श्रेष्ठ**
केन्दिय सदस्य तथा शारीरिक सुगठन बिभाग प्रमुख
मदन भण्डारी स्पोर्ट्स एकेडमी

जिम खाना खोल्ने स्वीकृती दिएका थिए। काठमाडौं टुडीखेलमा घोडे जात्राको अवसरमा वलिष्ठ र मसलदार शरीरको प्रदर्शन गर्दै शार ीरिक सुगठन खेलको प्रदर्शन गरेका थिए धर्म भक्तको प्रदर्शनबाट प्रभाहित भएर राजा त्रिभुवनले आफ्नो व्यायम प्रशिक्षक नियुक्त गरेका थिए । १९९७ उनले स्वतन्त्रता राणा शासन विरुद्ध संघर्ष गर्दै १९९७ माघ १२ गते रातीको ९ बजे अध्यारोमा धर्मभक्त माथे मालाई सिफलको उकालो छेउको रुख नजिकै पुर्याइयो । त्यहाँ पहिले नै डोरी बाँडेर राखिएको थियो ।

निकै मोटाघाट धर्भभक्तलाई त्यस डोरीमा झुन्डयाइयो तर मोटाघाटा भएकोले हांगा लच्किएर जमिनमा खुट्टाले छोयो । अर्को मोटो हांगामा झुण्डयाइयो फेरी डोरी नै चुडियो । मत फेरी बाँचे भन्दा नरशम्शेर फेरी झुन्डायाउने हो भने । यो सुनेर धर्मभक्तले कसेर एक लात नरशम्शेरलाई हान्दा नरशम्शेर घाईते भएका थिए । रिसले बहुलाएका नरशम्शेरले धर्मभक्तलाई बेस्सरी पिट्न लगाए ।अन्तमा बेहोस भएका धर्भभक्तलाई डोरीमा झुल्डाइयो । बिहानी पख मृत्यु भएका थिए । नेपालमा आधुनिक शारीरिक सुगठन खेल सुरुवात गरेको प्रजातन्त्रका सेनानी सहिद धर्मभक्त माथेमा को नाम अग्रपंतीमा आउछ ने गर्छ । हाल सम्मको इतिहाँसमा शारीरिक सुगठन खेलका खेलाडीको रूपमा परिचित प्रजातन्त्रका सेनानी तथा अमर शहिद धर्मभक्त माथेमा प्रजातन्त्र र स्वतन्त्रणताको लागि जुन अतुलनिय योगदान गरे सायद अरु कुनै खेलका खेलाडीहरूले यो अवसर र त्याग गरेका छैनन् । त्यसकारण यस खेल र खेलाडीहरूलाई राष्ट्रले सम्मानका साथ खेल संचालनको लागि अहम भूमिका निर्वाह गरेमा साचो अर्थमा प्रजातान्त्रीक सेनानी तथा अमर शहिद धर्मभक्त माथेमालाई सम्मान तथा श्रद्धाञ्जली अर्पण हुने थियो ।

राष्ट्रको लागि खेलकुद स्वास्थ्यको लागि खेलकुद भन्ने नारालाई आत्मासाथ गर्दै । यो खेल तथा यस खेलमा लाग्ने सम्पूर्ण खेलाडी खेल संग सम्बन्धीत सबैको उज्वल भविष्यको कामना सहित शुभकामना व्यक्त गर्दछु ।

जय खेलकुद जय शारीरिक सुगठन ।

# नेपालमा खेलकुदको विकास: ऐतिहासिक र विश्लेषणात्मक विवेचना

मानव सभ्यताको विकाससँगै शारीरिक शिक्षा र खेलकुदको महत्त्व बढ्दै गएको छ। नेपालमा पनि यसको अभ्यास र विकासले विभिन्न कालखण्डमा भिन्न-भिन्न स्वरूप ग्रहण गरेको छ । यस लेखमा हामी नेपालमा शारीरिक शिक्षा र खेलकुदको ऐतिहासिक पृष्ठभूमि, वर्तमान अवस्था, नीतिगत व्यवस्था, र यस क्षेत्रले भोग्नुपरेका चुनौतीहरू तथा भावी सम्भावनाहरूबारे विस्तृत विवेचना गर्दछु ।

## १. ऐतिहासिक पृष्ठभूमि र सामाजिक दर्शन

नेपालमा शारीरिक क्रियाकलापको इतिहासलाई केलाउँदा यसलाई दुई प्रमुख खण्डमा विभाजन गर्न सकिन्छ ।

- प्राचीन काल: प्राचीन समाजमा शारीरिक क्रियाकलापहरू मनोरञ्जनको साधन मात्र नभई जीवनयापनको अनिवार्य हिस्सा पनि थियो । शिकार, पशुपालन, र कृषिजन्य कार्यहरूमा संलग्न हुँदा स्वत: शारीरिक व्यायाम हुने गर्दथ्यो। त्यसबेलाका मानिसहरू प्राकृतिक रूपमा स्वस्थ र बलिया हुन्थे। यसका अतिरिक्त, रामायण, महाभारत र अन्य धर्मग्रन्थहरूमा वर्णित युद्धकला, धनुर्विद्या, र कुस्तीजस्ता शारीरिक कौशलहरूले समाजमा बल र पराक्रमको उच्च सम्मान भएको देखाउँछन्। पौराणिक पात्रहरू हनुमान, भीम, र परशुरामलाई शक्तिको प्रतीकको रूपमा लिइनुले पनि यस तथ्यलाई पुष्टि गर्छ ।

- आधुनिक काल: आधुनिक नेपालमा शारीरिक शिक्षा र खेलकुदलाई औपचारिक रूपमा संस्थागत गर्ने प्रयासहरू राणाशासनको अन्त्यपछि सुरु भएका हुन् तर, यसले खासै गति लिन सकेन । वि.सं. २००७ सालको राजनीतिक परिवर्तनपछि शिक्षाको विकाससँगै शारीरिक शिक्षालाई पनि पाठ्यक्रममा समावेश गर्ने बहस सुरु भयो ।

अहिले, खेलकुदको महत्व केवल शारीरिक तन्दुरुस्तीमा मात्र सीमित छैन । यसले मानसिक विकास, सामाजिक सद्भाव, राष्ट्रिय एकता र अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढ गर्नसमेत महत्वपूर्ण भूमिका खेल्ने दर्शन विकसित भएको छ ।

## २. नीतिगत र संस्थागत विकास

नेपालमा खेलकुदको विकासका लागि विभिन्न समयमा नीतिगत व्यवस्था र संस्थागत संरचनाहरू खडा गरिएका छन् ।

- राष्ट्रिय खेलकुद परिषद् (राखेप): नेपालको खेलकुद क्षेत्रको सबैभन्दा पुरानो र सर्वोच्च निकायको रूपमा वि.सं. २०१५ सालमा राखेपको स्थापना भएको हो । यसले खेलकुदको विकास, विस्तार र नियमन गर्ने मुख्य जिम्मेवारी वहन गर्छ। वि.सं. २०२१ र २०४८ सालमा आएको खेलकुद विकास ऐन ले यसको कार्यक्षेत्र र अधिकारलाई थप स्पष्ट पारेको छ ।

- राष्ट्रिय खेलकुद विकास ऐन, २०७७: यो ऐन नेपाली खेलकुदको विकासका लागि एक महत्त्वपूर्ण कानूनी दस्तावेज हो । यसले खेलकुदको परिभाषा, खेलकुद संघहरूको दर्ता प्रक्रिया, खेलाडीहरूको अधिकार, र खेलकुद सम्बन्धी विवाद समाधानका लागि संयन्त्रहरू तोकेको छ । यस ऐनले खेलकुद क्षेत्रलाई थप पारदर्शी र व्यावसायिक बनाउन खोजेको छ ।

- खेलकुद नीति, २०७०: नेपाल सरकारले जारी गरेको यो नीतिले खेलकुदलाई राष्ट्रिय गौरवको विषयका रूपमा अगाडि बढाउने परिकल्पना गरेको छ। यस नीतिले विद्यालयदेखि राष्ट्रिय स्तरसम्म खेलकुद पूर्वाधारको विकास, खेलकुदलाई वैज्ञानिक र व्यवस्थित बनाउने, र अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा नेपालको प्रतिनिधित्व बढाउने लक्ष्य राखेको छ ।

- दश वर्षे खेलकुद योजना (२०२०-२०३०): यो योजनाले विशेष गरी विद्यालय स्तरमा शारीरिक शिक्षालाई मेरुदण्डका रूपमा विकास गर्ने दूरदृष्टि राखेको छ। यस योजना अन्तर्गत, कक्षा १ देखि १० सम्मका विद्यार्थीहरूका लागि परिमार्जित पाठ्यक्रम लागू गर्ने, विद्यालयहरूमा खेल प्रशिक्षकको व्यवस्था गर्ने, र खेलकुदलाई व्यावसायिक बनाउने लक्ष्य राखिएको छ ।



**चन्द्रवदना राई**
सचिव
मदन भण्डारी स्पोर्ट्स एकेडमी

यसका अतिरिक्त, विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरू, जस्तै यूनेस्कोको International Center of Physical Education & Sports, सँग सहकार्य गरेर नेपालले खेलकुदको विकासका लागि ज्ञान र प्रविधि आदान प्रदान गरिरहेको छ ।

## ३. शैक्षिक प्रणालीमा शारीरिक शिक्षाको महत्व

शारीरिक शिक्षालाई केवल एउटा विषयको रूपमा मात्र नभई विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि आवश्यक मानिन्छ ।

- पाठ्यक्रममा समावेश: पाठ्यक्रम विकास केन्द्रले वि.सं. २०७८ सालमा कक्षा १ देखि ३ सम्मको पाठ्यक्रममा शारीरिक शिक्षालाई अनिवार्य विषयको रूपमा समावेश गरेको छ। यसले विद्यार्थीहरूलाई सानै उमेरदेखि नै खेलकुदको महत्त्व बुझाउन र उनीहरूको शारीरिक तथा मानसिक विकासमा सन्तुलन कायम गर्न मद्दत गर्नेछ ।
- शिक्षण विधि र सामग्री: पाठ्यक्रममा शारीरिक शिक्षा समावेश गरिए पनि यसलाई प्रभावकारी बनाउनु अर्को ठूलो चुनौती हो । अधिकांश विद्यालयहरूमा खेलकुदका लागि पर्याप्त मैदान, सामग्री र तालिम प्राप्त शिक्षकको अभाव छ । यसले गर्दा, शारीरिक शिक्षा केवल सैद्धान्तिक ज्ञानमा मात्र सीमित हुने जोखिम बढेको छ । यसलाई सम्बोधन गर्न सरकारले शिक्षक तालिम र विद्यालयहरूलाई आवश्यक सामग्री उपलब्ध गराउने नीति अवलम्बन गर्नुपर्छ ।
- निजी र सरकारी विद्यालयको अवस्था: नेपालका निजी विद्यालयहरूले खेलकुदलाई प्राथमिकता दिँदै राम्रो भौतिक पूर्वाधार र प्रशिक्षकको व्यवस्था गरेका छन् । तर, सरकारी विद्यालयहरूमा भने यसको अभाव देखिन्छ । यस किसिमको असमानताले गर्दा विद्यार्थीहरूबीच शारीरिक शिक्षा प्राप्त गर्ने अवसरमा विभेद सिर्जना भएको छ ।

## ४. स्थानीय तहको भूमिका र चुनौती

नेपालको संघीय संरचनाले गर्दा खेलकुदको विकासमा स्थानीय तहको भूमिका अपरिहार्य बनेको छ ।

- स्थानीय तहको भूमिका: स्थानीय तहले आफ्नो क्षेत्रभित्रका विद्यालयहरूमा खेलकुदको विकास गर्ने, खेलकुदका पूर्वाधारहरू (जस्तै: खेल मैदान, कभर्ड हल) निर्माण गर्ने, र स्थानीय स्तरका खेलकुद प्रतियोगिताहरू आयोजना गर्ने जिम्मेवारी पाएका छन्। यसका लागि धेरै स्थानीय सरकारले खेलकुद विकास समिति वा खेलकुद परिषद् गठन गरेका छन् ।
- चुनौतीहरू: स्थानीय तहमा खेलकुदको विकासका लागि धेरै चुनौतीहरू छन् । तीमध्ये प्रमुख हुन:
- आर्थिक स्रोतको अभाव: स्थानीय सरकारसँग खेलकुद पूर्वाधार निर्माण र कार्यक्रम सञ्चालनका लागि पर्याप्त बजेट छैन ।
- प्राविधिक ज्ञान र जनशक्तिको कमी: खेलकुदको विकासका लागि आवश्यक प्राविधिक ज्ञान, प्रशिक्षक र व्यवस्थापकको कमी छ ।
- समन्वयको अभाव: विद्यालय, स्थानीय सरकार, जिल्ला खेलकुद विकास समिति र राखेपबीच समन्वयको अभावले गर्दा कार्यक्रमहरू दोहोरिने वा प्रभावकारी नहुने समस्या देखिएको छ ।

## ५. अन्तर्राष्ट्रिय सहभागिता र उपलब्धिहरू

नेपालले विभिन्न अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरूमा सहभागिता जनाउँदै आएको छ। विशेष गरी दक्षिण एसियाली खेलकुद (साग) मा नेपालले धेरै सफलताहरू हासिल गरेको छ । राखेपले ओलम्पिक, एसियाडजस्ता ठूला प्रतियोगिताहरूमा पनि नेपाली खेलाडीहरूलाई सहभागी गराउने र उनीहरूको प्रदर्शनलाई सुधार्ने प्रयास गरिरहेको छ ।

## ६. निष्कर्ष

समग्रमा, नेपालमा शारीरिक शिक्षा र खेलकुदको विकासका लागि राम्रा नीतिहरू र कानुनी संरचनाहरू बनेका छन् । तथापि, यी नीतिहरूको प्रभावकारी कार्यान्वयन, पर्याप्त बजेटको व्यवस्थापन, पूर्वाधारको विकास र सबै तहमा समन्वय कायम गर्नुपर्ने चुनौतीहरू अझै पनि विद्यमान छन् ।

यी चुनौतीहरूलाई सम्बोधन गर्नका लागि:

- राज्यले खेलकुदलाई राष्ट्रिय प्राथमिकतामा राखी पर्याप्त बजेट छुट्याउनुपर्छ ।
- सरकारी र निजी क्षेत्रको सहकार्यमा खेलकुद पूर्वाधारको विकास गर्नुपर्छ ।
- विद्यालयहरूमा योग्य खेल शिक्षकहरूको व्यवस्थापन र नियमित तालिमको व्यवस्था गर्नुपर्छ ।
- स्थानीय तहलाई खेलकुदको विकासका लागि थप अधिकार र स्रोत-साधन उपलब्ध गराउनुपर्छ ।

यसरी, सबै पक्षको सामूहिक प्रयासबाट मात्र नेपालले शारीरिक शिक्षा र खेलकुदको क्षेत्रमा ठूलो सफलता हासिल गर्न सक्नेछ र स्वस्थ तथा सक्षम नागरिक उत्पादन गर्न सक्षम हुनेछ।

खेल कविता

# हाम्रो विश्वकप

टस जित्यौँ हामीले
मस्कियौँ तिमी र म
कारण - म थिएँ गोलकिपर
तिमी थियौ स्ट्राइकर ।

छिऱ्यौँ मैदानमा
हुटिङको हर्षमा वेगवान् भएँ म
तिमी भयौ तेजिलो ।

प्रतिष्ठाको प्रश्न थियो देशको
अपेक्षा थियो स्वजनहरूको
चम्काउनु थियो नाम
उत्कृष्ट गोलकिपर म
उत्कृष्ट स्ट्राइकर तिमी ।

चलाख विपक्षी डिफेन्डरको
तोडेर व्यूह रचना
पहिलो हाफको अन्तिम सेकेन्डमा
जब बढायौ बल र दुस्मनलाई धुलो चटाए झैं
जब गोल गऱ्यौ पहिलो
साँच्चै प्रिय !
खुसीले उफ्रिएँ दुनियाँ बिर्सिंदै

अँगालो हाल्यौँ एकार्कालाई अनुरागले
यो बेला मैदान हाम्रै भयो
दर्शकले उल्लास छरे
लामो हुटिङ्ले तिम्रो गोल अनुमोदन गरे ।

दोस्रो हाफको अन्तिम सेकेन्ड
रोमाञ्चक थियो खेल, उत्साही थियौ तिमी
तिम्रो मादक चेहरामा व्यस्त थिएँ म
जब झ्याप्प उर्लियो त्यो मिडफिल्डर
त्यसकै स्ट्राइकरले छल्दै मेरो आँखा
छिरायो मेरै पोस्टमा बल
देखेँ त्यो बेला
तिम्रो आँखामा आँसुको भल ।

अर्कै भयो अनायास
संसार जित्ने अन्तिम सेकेन्ड !
मानौँ तिमीले जिन्दगीको बाटो बिरायौ
र मेरै पोस्टमा गोल छिरायौ
प्रिय !
तिमीले गऱ्यौ आत्मघाती गोल
देशका खराब नेताले देशविरुद्ध गोल गरे झैं
तिमीले मेरै जिन्दगीको मोल गरे झैं ।

म मुर्छा परें 'डियर कमरेड' !
अनन्त अन्धकारको सुरुङमा
ब्युझिँदा म थिएँ भूइमा
तिमी परको भूइँमा ।

धत् सपना पो रहेछ यो सब !
अघिल्लो रात 'म प्यारो कि फुटबल?'
भन्दै तिमी रुष्ट थियौ
मैले समय नदिएकामा ठुस्स थियौ
रातभर खेल हेरेपछिको अनिँदोमा
निदाएछु ठाउँको ठाउँ
र, देखेछु यस्तो बेईमान सपना ।

रचना गर्भ : बिश्वकप फुटवल २०७१



**दीपक ज्ञवाली**
सल्लाहकार
मदन भण्डारी स्पोर्ट्स एकेडेमी

# क्रान्ति

देश निर्माण निम्ति पूर्ण मेचीदेखि
पश्चिम महाकालीसम्म
र हिमालदेखि तराईसम्म सवै
हातमा हात समाई
काँधमा काँध मिलाई
एक भई जुट्नुपर्छ ।

हाम्रो खुन र पसिनाले सिंचित
ती सिस महलहरू ढाल्नुपर्छ
सामन्त, शोषक र भ्रष्टहरू समाजका
सदाका लागि पत्तासाफ गर्नुपर्छ ।

जोगाउन राष्ट्रको अस्थित्व
साम्राज्यवादी र विस्तारवादीहरूसँग
डटेर लड्नुपर्छ ।

मानवता र समाजवादका निम्ति
सधैं कदममा कदम मिलाउनुपर्छ ।

साँच्चिकै क्रान्ति तिमीले
शिक्षामा क्रान्ति,
खेलकुदमा क्रान्ति,
कृषिमा क्रान्ति,
औद्योगिक क्रान्ति,
ल्याउनैपर्छ
क्रान्ति तिमी आउनैपर्छ ।



**गणेश सिंह ठगुन्ना**
उपाध्यक्ष
मदन भण्डारी स्पोर्टस एकेडेमी

# मेरो क्रिकेट यात्रा

आजभन्दा २२ वर्ष अगाडि क्रिकेट खेलको अवस्था अवश्य पनि सजिलो थिएन । क्रिकेट खेलेर मात्र अगाडि बढ्न गाह्रो थियो । आफ्नो र राष्ट्रको निम्ति केही राम्रो गर्न सकिन्छ भन्ने विश्वासका साथ प्रयत्न गरिरहेको थिएँ ।

यसै सन्दर्भमा सन् २००१ मा बंगलादेशमा भएको यु-१७ प्रतियोगिताद्वारा मेरो अन्तर्राष्ट्रिय यात्रा आरम्भ भयो । यसपछिको केही समय मेरो व्यक्तिगत र राष्ट्रकै क्रिकेटको अवस्था जटिल भयो । फलस्वरूप २००९ र २०१० तिर दुईवटा प्रतियोगिताको लागि मलाई छनोट गरिएन । मेरो क्रिकेट यात्रामा पूर्णविराम लाग्ने शङ्का पनि मनमा पलायो । तर आत्मबल र विश्वास साथै खेलप्रतिको लगावलाई मेरो परिवार विशेष गरेर मेरो श्रीमतीको हौसला र हिम्मतले मेरो जोश र जाँगरलाई कम हुन दिएन ।

सन् २०११ को विश्वकप छनोट खेल्ने टिममा पुनरागमन गरेँ । यसपछिको क्रिकेट यात्रा मेरो र राष्ट्रको लागि यादगार बन्यो । एकपछि अर्को उपलब्धिहरू हासिल हुँदै गए । सन् २०१४ मा बंगलादेशमा सम्पन्न टि-२० विश्वकममा सहभागी भई उत्कृष्ट प्रदर्शन गरियो । देशले एक दिवसीय क्रिकेटको मान्यता प्राप्त गऱ्यो । मेरो नाममा सवैभन्दा कम इकोनमिक बलिङको विश्व कीर्तिमान दर्ज भयो र ह्याट्रिक गर्ने पहिलो नेपाली बलरको उपाधि प्राप्त गर्न सफल भएँ ।

क्रिकेटको मक्काको उपाधि पएको इङल्यान्डको लर्डस् क्रिकेट मैदानमा नेपालको झन्डा फहराइयो । यो सुखद क्रिकेट यात्राको सन् २०१८ मा विश्राम भयो । मैले अन्तर्राष्ट्रिय क्रिकेट खेलबाट सन्यास लिएँ ।

क्रिकेट खेल्न छोडे पनि क्रिकेटलाई छोड्न सकिन । आफूले सञ्चालन गरिराखेको स्टार क्रिकेट एकेडेमीमार्फत क्रिकेट खेल र खेलाडीको विकासमा आफ्नो पूर्ण समय समर्पित गरेको छु । विशेष गरेर जुनियर क्रिकेटको विकासको लागि ट्यालेण्ट हन्ट जस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आएको छु । वर्तमान समयमा मदन भण्डारी स्पोर्ट्स एकेडेमीको क्रिकेट विभागको प्रमुखको जिम्मेवारी लिएर क्रिकेट विकासका थुप्रै क्रियाकलापहरू सञ्चालन गरिरहेका छौं । नेपालमा पहिलो पटक यु-१४ प्रतियोगिता देशव्यापी रूपमा सम्पन्न भएको छ । अहिले मेची महाकाली ट्यालेण्ट हन्ट प्रोग्रामद्वारा राष्ट्रिय स्तरमा नै बृहत प्रतियोगिता गराउने तयारीमा जुटेको छु ।

यसै मदन भण्डारी स्पोर्ट्स एकेडेमी मार्फत आगामी दिनहरूमा अझै सशक्त रूपमा खेल र खेलाडीको विकासको लागि यो जनाहरूमार्फत अगाडि बढ्ने छौं ।

(क्रिकेट विभाग प्रमुख : मदन भण्डारी स्पोर्ट्स एकेडेमी)



**शक्ति प्रसाद गौचन**
पुर्व राष्ट्रिय क्रिकेट खेलाडी

# मेरो
# खेल जीवन

मैले बास्केटबल खेलेको १७ वर्ष भयो । खेल जीवनमा मैले र ाष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल प्रतियोगितामा सहभागी भई राष्ट्रका लागि योगदान गर्ने सुअवसर प्राप्त गरेकी छु। साथै अन्तर्राष्ट्रिय पुरस्कार दिलाउन सफल भएकी छु। अहिले मैले खेल जीवनको उत्तरार्द्ध समयतिर खेल खेलिरहेकी छु।

मैले आफ्नो खेल बाहेक बास्केटबल खेलको विकासका निम्ति धेरै दिनुपर्ने छ । नेपाललाई विश्व खेल जगतमा बास्केटबलको माध्ययमबाट चिनाउने मेरो चाहना रहेको छ । मलाई लाग्छ, आजको समयमा बास्केटबल खेलको विकासका लागि मदन भण्डारी स्पोर्ट्स एकेडेमीले युवाहरूको भावनालाई समेटेर अगाडि बढिरहेको छ। यस एकेडेमी मार्फत म राष्ट्रिय महिला बास्केटबल खेलाडी र नेशनल टिम क्याप्टेनको हैसियतले आगामी दिनमा खे ल विकासका लागि विभिन्न अभियान र आवश्यकता महसुस गरे की छु।

तीमध्ये खेलाडी उत्पादन, खेललाई उद्योगका रूपमा व्यवसायिक विकास, उचित पारिश्रमिकको व्यवस्था, हरेका क्षेत्रमा खेल संस्कृतिको विकास, अन्तर्राष्ट्रिय खेलमा नेपालको अधिकतम सहभागिता लगायत प्रमुख हुन्।

नेपालमा बास्केटबल खेल विकासका लागि सर्वप्रथमत विद्यालय ,कलेज र स्थानीय स्तरहरूमा खेल प्रतियोगिता आयोजना गरी खेलाडीहरू उत्पादन गर्न जरूरी छ। प्रशिक्षणहरूले बास्केटबलको विकासमा  टेवा पुग्छ  ।

अहिलेको समयमा खेलाडीहरूको पहिचान र संरक्षण जरूरी छ। खेल्ने खेलाडीहरूको पारिश्रमिक व्यवस्था गर्न र वार्षिक रूपमा र ाष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेल प्रतियोगिता आयोजना गरी खेल गतिविधिमा सक्रिय बनाउन सकेको खण्डमा बास्केटबलको विकास गर्न सकिन्छ।

खेलाडीले खेल खेलेरै जीवन यापन गर्न सक्ने वातावरण बनाउन सकेको खण्डमा यस खेलप्रति खेलाडीहरू आकर्षित हुने छन् । यसका लागि राज्यस्तरबाट उपयुक्त खेल नीति निर्माण गरी सरकारी, गैरसरकारी र निजी क्षेत्रको सहभागितामा खेलकुदको विकास गर्नु जरुरी छ । यस्ता खेल क्षेत्रको विकासका लागि यस मदन भण्डारी स्पोर्ट्स एकेडेमीले आगामी दिनमा अग्रणी भूमिका निर्वाह गर्ने छ भन्नमा विश्वस्त रहेकी छु। यसै संस्था मार्फत बास्केटबल खेलको विकासका लागि मेरो सदैव साथ, सहयोग र सक्रियता रहने छ।

(बास्केटबल विभाग उपप्रमुख : मदन भण्डारी स्पोर्ट्स एकेडेमी)



**सदिना श्रेष्ठ**
पूर्व नेशनल टिम क्याप्टेन
महिला बास्केटबल

# २०७८। ९। १७ देखि हालसम्म केन्द्रीय कमिटीद्वारा गरिएका गतिविधि तथा उपलब्धीहरु

# नयाँ नेतृत्व

## अधिवेशन आयोजक कमिटी गठन

मिति २०७८ पौष १७ गते.मदन भण्डारी स्पोर्ट्स एकेडेमीका संरक्षक, नेकपा एमालेका श्रद्धेय अध्यक्ष केपी शर्मा ओलीको प्रमुख आतिथ्यता र एकेडेमीका अध्यक्ष विनोद श्रेष्ठको अध्यक्षतामा भएको बैठकबाट उपाध्यक्ष ध्रुव आचार्यको संयोजकत्वमा २५ सदस्यीय केन्द्रीय अधिवेशन आयोजक कमिटिको गठन भयो ।.

अध्यक्ष विनोद श्रेष्ठले अधिवेशन आयोजक कमिटीका संयोजक ध्रुव आचार्यलाई माइन्युट हस्तान्तरण गर्नुभयो ।.

एकेडेमीको स्थापनाको अवसरमा संस्थाका संरक्षक श्रद्धेय केपी शर्मा ओलीबाट केक काटेर मनाईयो ।



## प्रथम अधिवेशन

२०७८ फागुन ८ गते काठमाडौंमा प्रथम अधिवेशन सम्पन्न भयो । अधिवेशन आयोजक कमिटीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षता, संरक्षक श्रद्धेय केपी शर्मा ओलीको प्रमुख आतिथ्यता, उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलको विशिष्ट आतिथ्यता एबं मदन भण्डारी फाउण्डेसनका अध्यक्ष उषा किरण भण्डारी, एकेडेमीका संस्थापक अध्यक्ष एवम् राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव रमेश कुमार सिलवाल लगायतको आतिथ्यतामा कार्यक्रम सम्पन्न भयो । सो अवसरमा नयाँ नेतृत्वलाई सपथ ग्रहण गराइयो ।















# भेला बैठक

## प्रथम राष्ट्रिय भेला

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा २०७९ चैत्र २३ **गते लुम्बिनीमा** मदन भण्डारी स्पोर्ट्स एकेडेमीका संरक्षक श्रद्धेय केपी शर्मा ओलीको प्रमुख आतिथ्यता, एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षता र उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलको विशिष्ट आतिथ्यतामा एकेडेमीको प्रथम राष्ट्रिय भेला सम्पन्न भयो ।

भेलामा एकेडेमीका केन्द्रीय कमिटी, विभाग, प्रदेश, जिल्ला र पालिका कमिटीबाट २ हजार २ सय पचास प्रतिनिधिहरूको सहभागिता रहेको थियो । एकेडेमीका ५५ जिल्ला र ५३४ पालिकामा कमिटी गठन भएका छन ।
























## केन्द्रीय कमिटीको प्रथम बैठक

२०७८ फागुन ८ गते मदन भण्डारी स्पोर्ट्स एकेडेमीको प्रथम ऐतिहासिक बैठक अल्फाविटा हाउस काठमाडौंमा अध्यक्ष ध्रुव आचार्यको अध्यक्षतामा सम्पन्न भयो ।













## दोस्रो बैठक

२०७८ चैत २७ गते मदन भण्डारी स्पोर्टस एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षता र नेकपा एमाले केन्द्रीय कमिटीका सचिव पदमा अर्यालको प्रमुख आतिथ्यितामा पोखरामा सम्पन्न भयो । बैठकले विभिन्न ऐतिहासिक निर्णयहरू गऱ्यो ।











## केन्द्रीय कमिटीको विस्तारित बैठक

२०८० पौष १५ गते मदन भण्डारी स्पोर्ट्स एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षतामा केन्द्रीय कमिटीको बैठक काठमाडौंमा सम्पन्न भयो । बैठकले विभिन्न ऐतिहासिक निर्णयहरू गऱ्यो ।






## केन्द्रिय कमिटीको बैठक

२०८१ असार १५ गते मदन भण्डारी स्पोर्ट्स एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षता, प्रतिनिधि सभा सदस्य दयालबहादुर शाहीको प्रमुख आतिथ्यता, संस्थापक अध्यक्ष रमेशकुमार सिलवाल र पेशागत महासङ्घका अध्यक्ष पुण्यप्रसाद ढकालको आतिथ्यतामा काठमाडौंको अल्फा विटा हाउसमा तेस्रो केन्द्रीय कमिटीको तेस्रो बैठक सम्पन्न भयो । बैठकमा एकेडेमीले वार्षिक रूपमा सम्पन्न गरेका कार्यक्रमको समिक्षासहित विभिन्न निर्णयहरू भए ।












## पदाधिकारी बैठक

२०७८ चैत ८ गते मदान भण्डारी स्पोर्ट्स एकेडेमीका पदाधिकारीहरूको बैठक अल्फाविटा हाउस काठमाडौंमा सम्पन्न भयो । बैठकको अध्यक्षता अध्यक्ष ध्रुव आचार्यले गर्नुभयो ।





## पदाधिकारी एवम् विभागिय प्रमुखहरूसहितको संयुक्त बैठक

२०७९ जेठ २९ गते मदन भण्डारी स्पोर्ट्स एकेडेमीको सचिवालय बैठक अल्फा विटा हाउस काठमाडौंमा अध्यक्ष ध्रुव आचार्यको अध्यक्षतामा सम्पन्न भयो । बैठकमा पदाधिकारी र विभागिय प्रमुखहरूको पनि सहभागिता रहेको थियो । बैठकमा मदन भण्डारीको स्मृति तथा जन्म जयन्तीका अवसरमा २०७९। ०३। ०३ गतेदेखि २०७९। ०३। २२ गतेसम्म विभिन्न खेलकुद प्रतियोगिता, खेलाडी छनोट, प्रशिक्षण  तालिम एवम् गोष्ठी लगायतका कार्यक्रम सञ्चालन गर्ने निर्णय गऱ्यो ।





## सचिवालय बैठक

२०७९ मंसिर २७ गते मदन भण्डारी स्पोर्टस एकेडेमीको सचिवालय बैठक एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षतामा सम्पन्न भयो । बैठकमा बिभागीय प्रमुख तथा उपप्रमुखहरूको समेत सहभागिता थियो ।





## सचिवालय बैठक

२०७९ फागुन २७ गते मदन भण्डारी स्पोर्ट्स एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षतामा सचिवालयको बैठक सम्पन्न भयो । बैठकबाट एकेडेमीका वार्षिक खेल प्रतियोगिता सञ्चालन, खेलाडी एवम् अफिसियल परिचालन लगायत विभिन्न निर्णयहरू भए ।





## सचिवालय बैठक

२०८० असोज २० गते मदन भण्डारी स्पोर्टस एकेडेमिका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षतामा केन्द्रीय कमिटीको सचिवालय बैठक स्काइ दरबार व्याङ्केट एण्ड क्याफे, काठमाडौंमा सम्पन्न भयो । बैठकले विभिन्न निर्णयहरू गऱ्यो ।




## सचिवालय बैठक

२०८१ माघ १० गते मदन भण्डारी स्पोर्ट्स एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षतामा केन्द्रीय सचिवालय तथा विभागीय प्रमुख सहितको बैठक एकेडेमीको केन्द्रीय कार्यालय रवि भवनमा सम्पन्न भयो ।





## सचिवालय बैठक

२०८१ माघ २५ गते एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षतामा एकेडेमीको केन्द्रीय कार्यालय काठमाडौंमा सचिवालय बैठकको सम्पन्न भयो । बैठकमा यसअघि सम्पन्न भएका कार्यक्रम र गतिविधिहरूको समीक्षा गर्दै विभिन्न नया निर्णयहरू गऱ्यो ।












२०८१ असार १५ गते मदन भण्डारी स्पोर्टस एकेडेमिका संरक्षक केपी शर्मा ओली ज्यू समक्ष एकेडेमीका गतिविधिको विषयमा अध्यक्ष ध्रुव आचार्यको अध्यक्षतामा केन्द्रीय कमिटीको पदाधिकारी तथा सदस्य सहित समसामयिक विषयमा छलफल सम्पन्न गरियो ।










# प्रदेश कमिटीका बैठकहरु

**निम्न मिति र स्थानहरूमा प्रदेश कमिटीका बैठकहरू सम्पन्न भए ।**

| सुदूरपश्चिम प्रदेश | कर्णाली प्रदेश |
|---|---|
| मिति : २०७९ माघ ५ गते<br>स्थान : कैलालि जिल्ला धनगढी<br>अध्यक्षता : ऋषिकेश श्रेष्ठ<br>प्रमुख अतिथि : ध्रुव आचार्य | मिति : २०७९ माघ ६ गते<br>स्थान : सुर्खेत<br>अध्यक्षता : तेजविक्रम बस्नेत<br>प्रमुख अतिथि : ध्रुव आचार्य |
| **गण्डकी प्रदेश** | **मधेस प्रदेश** |
| मिति : २०७९ माघ ११ गते<br>स्थान : कास्की जिल्ला पोखरा<br>अध्यक्षता : राजेश गुरुङ्ग<br>प्रमुख अतिथि : ध्रुव आचार्य | मिति : २०७९ माघ १५ गते<br>स्थान : महोत्तरी जिल्लाको बर्दिवास<br>अध्यक्षता : शशीकुमार शर्मा<br>प्रमुख अतिथि : ध्रुव आचार्य |
| **कोसी प्रदेश** | **बागमती प्रदेश** |
| मिति : २०७९ माघ १६ गते<br>स्थान : सुनसरि जिल्ला इटहरी<br>अध्यक्षता : तुलसी मैनाली<br>प्रमुख अतिथि : ध्रुव आचार्य | मिति : २०७९ माघ १८ गते<br>स्थान : काठमाडौं जिल्ला बानेश्वर<br>अध्यक्षता : जितेन्द्र श्रेष्ठ<br>प्रमुख अतिथि : ध्रुव आचार्य |
| **लुम्बिनी प्रदेश** | |
| मिति : २०७९ माघ २० गते<br>स्थान : रूपन्देही जिल्ला बुटवल<br>अध्यक्षता : नन्दु काउछा<br>प्रमुख अतिथि : श्री ध्रुव आचार्य | |

## विभिन्न विभागहरु विस्तार, उपचारमा संझौता

### क्रिकेट विभाग भेला

२०७९ जेठ १४ गते मदन भण्डारी स्पोर्ट्स एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षता र एकेडेमीका संस्थापक अध्यक्ष रमेश कुमार शिलवालको प्रमुख आतिथ्यतामा काठमाडौंमा क्रिकेट विभागको भेला सम्पन्न भयो । भेलाले क्रिकेटर शक्ति गौचनको संयोजकत्वमा क्रिकेट विभाग विस्तार गर्‍यो ।









**भलिबल, पावर लिफ्टीङ्ग, साररिक सुगठन, टेवल टेनिस, रेस्लीङ्ग, फुल कन्ट्याक्ट विभाग भेला**

२०७९ जेठ २८ गते एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षता र सल्लाहकार मणिचन्द्र थापाको प्रमुख आतिथ्यमा भलिबल, पावर लिफ्टिङ, शारीरिक सुगठन, टेवल टेनिस, रेस्लिङ्ग, फुल कन्ट्याक्ट लगायतका विभागलाई पूर्णता दिन समारोह सम्पन्न भयो ।

सोही अवसरमा मदन भण्डारी स्पोर्ट्स एकेडेमी र नेपाल नेसनल हस्पिटल काठमाडौंविच उपचारमा सहुलियतसम्वन्धि सम्झौता पत्रमा हस्ताक्षँर भयो । जसमा एकेडेमीको तर्फबाट अध्यक्षँ ध्रुव आचार्य र हस्पिटलको तर्फबाट निर्देशक डा. प्रकाश पौडेलले हस्ताक्षर गर्नुभयो । यसको सहजीकरण स्वास्थ्य विभाग प्रमुख डा.शक्ति बस्नेतले गर्नुभयो ।
















## तेक्वान्दो तथा बास्केटबल विभाग भेला

२०८० बैशाख ४ गते  तेक्वान्दो विभाग तथा बास्केटबल विभाग भेला सम्पन्न भयो । कार्यक्रमको प्रमुख अतिथी केन्द्रीय अध्यक्ष ध्रुव आचार्य हुनुहुन्थ्यो । अध्यक्षता विकु महर्जन र सञ्चालन विनोद आचार्यले गर्नु भएको थियो ।









२०८१ पौष १६ गतेको दिन एकेडेमीको १६ औं स्थापना दिवसको अवसरमा आयोजित मदन भण्डारी गोल्डकप इन्डो नेपाल पुरुष भलिवल प्रतियोगिताको ट्रफी बुटवलमा अनावरण गरियो । उक्त अवसरमा लुम्बिनी प्रदेशका पूर्व मुख्य मन्त्री माननीय लिला गिरी ज्यूको प्रमुख आतिथ्यमा सम्पन्न गरियो ।









# पत्रकार सम्मेलन

## मदन जयन्तीका अवसरमा राष्ट्रव्यापी खेल प्रतियोगिताका विषयमा पत्रकार सम्मेलन

२०७९ असार ५ गतेका दिन मदन भण्डारी स्पोर्ट्स एकेडेमीको राष्ट्रव्यापी खेल प्रतियोगिताको अल्फा विटा हाउस काठमाडौंमा पत्रकार सम्मेलन सम्पन्न भयो । एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमको अध्यक्षता एकेडेमीका मिडिया विभाग प्रमुख अमृता अनमोलले गर्नुभएको थियो ।












## राष्ट्रिय खुल्ला महिला तथा पुरुष हाफ् म्याराथन प्रतियोगिताको पत्रकार सम्मेलन

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा मिति २०७९ चैत १८ गते मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा २०७९ चैत २३ गतेका अन्तर्राष्ट्रिय खेलकुद दिवसको अवसरमा शान्ति र समृद्धिका लागि खेलकुद भन्ने नारासहित राष्ट्रिय खुल्ला महिला तथा पुरुष हाफ् म्याराथन प्रतियोगिताबारे पत्रकार सम्मेलन भयो । एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षता, प्रचार विभाग प्रमुख अमृता अनमोलको सञ्चालन र एथलेटिक्स विभाग प्रमुख मोहनबहादुर घलेको व्यवस्थापनमा कार्यक्रम सम्पन्न भएको थियो ।





## तेक्वान्दो प्रतियोगिताबारे पत्रकार सम्मेलन

२०८० बैशाख ४ गते  तेक्वान्दो विभाग र प्रतियोगिता सम्वन्धमा काठामाडौंमा पत्रकार सम्मेलन सम्पन्न भयो । कार्यक्रमको प्रमुख अतिथि केन्द्रीय अध्यक्ष ध्रुव आचार्य हुनुहुन्थ्यो । अध्यक्षता विकु महर्जन र सञ्चालन विनोद आचार्यले गर्नुभएको थियो ।





## केपि ओली कप राष्ट्रिय टि २० क्रिकेट प्रतियोगिताबारे पत्रकार सम्मेलन

२०८० कात्तिक ५ गते मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा २०८० मङ्सिर ७ गते हुने केपी ओली कप राष्ट्रिय टि २० क्रिकेट प्रतियोगिताको तयारीबारे पोखरा रङ्गशाला हलमा पत्रकार सम्मेलन सम्पन्न भयो । एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन उप महासचिव सुवर्ण श्रेष्ठको गर्नु भएको थियो । उक्त खेल प्रतियोगिताको संयोजक क्रिकेट विभाग प्रमुख शक्ति बस्नेतले गर्नुभएको थियो ।





## मदन भण्डारी गोल्ड कप इन्डो नेपाल रनिङसिल्ड पुरुष भलिवल च्याम्पियनसिपबारे पत्रकार सम्मेलन

२०८१ पौष १३ गते मदन भण्डारी स्पोर्ट्स एकेडेमीको १६ औं स्थापना दिवस जनवरी १ का दिन एकेडेमीको आयोजनामा बुटवलमा हुने मदन भण्डारी गोल्ड कप इन्डो नेपाल रनिङसिल्ड पुरुष भलिवल च्याम्पियनसिप २०८१ का सन्दर्भमा एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षतामा पत्रकार सम्मेलन सम्पन्न भयो ।





# स्थापना दिवस विशेष

एकेडेमीले आफ्नो स्थापना दिवस विशेष उल्लास र रचनात्मक कृयाकलापका साथ मनाउँदै आएको छ ।

## १४ औ स्थापना दिवस

२०७९ पौष १७ गते १४ औं स्थापना दिवस (जनवरी १) का अवसरमा संरक्षक श्रद्धेय केपी शर्मा ओलीको प्रमुख आतिथ्यता र अध्यक्ष ध्रुव आचार्यको अध्यक्षतामा भव्य रूपमा सम्पन्न भयो । सो अवसरमा विभिन्न खेल विधाका डेमोस्ट्रेसन, सांस्कृतिक तथा सम्मान कार्यक्रम सम्पन्न भए । कार्यक्रममा खेलाडी, खेलप्रेमी, प्रशिक्षक एवम् शुभेच्छुकहरूको उल्लेख्य सहभागिता रहेको थियो ।



















# १५ औं स्थापना दिवस

२०८० पौष १६ गते एकेडेमीका १५ औं स्थापना दिवस एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षता, संरक्षक केपी शर्मा ओलीको प्रमुख आतिथ्य र नेकपा (एमाले) का उपाध्यक्ष विष्णुप्रसाद पौडेलको विशिष्ट आतिथ्यतामा काठमाडौंमा भव्य रूपमा सम्पन्न भयो ।

सो अवसरमा एकेडेमीबार निर्माण भएको विशेष डकुमेण्ट्री प्रमुख अतिथि केपी शर्मा ओलीबाट विमोचन भएको थियो । उक्त डकुमेन्ट्री एकेडेमीका सल्लाहकार दीपक ज्ञवालीले सम्पादन गर्नु भएको थियो ।

सो अवसरमा विभिन्न खेल विधाका डेमोस्ट्रेसन, सांस्कृतिक कार्यक्रम विभिन्न खेल प्रतियोगितामा अन्तर्राष्ट्रिय पदक प्राप्त खेलाडी तथा एकेडेमीका विभिन्न विभागीय प्रमुख, उपप्रमुख तथा खेल संयोजकहरू लगायतलाई सम्मान गरिएको थियो ।










# तालिम तथा प्रशिक्षण श्रृङ्खला

## क) पहिलो श्रृङ्खला

२०७९ असार २२ गते एकेडेमीको पहिलो प्रशिक्षण श्रृङ्खला सुरु भयो । एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षतामा सम्पन्न प्रशिक्षण कार्यक्रममा सञ्चार विज्ञ तथा गोरखापत्र संस्थानका तात्कालिन विज्ञ सल्लाहकारले खेलकुद क्षेत्रमा मिडियाको भूमिका ,त्रिभुवन विश्व विद्यालयका प्रध्यापक पशुपति अधिकारीले खेल व्यवस्थापन र खेलाडीको मनोविज्ञान तथा उप प्रध्यापक वाईपी आचार्यले खेलकुद र प्रविधिको विषयमा प्रशिक्षण दिनुभयो ।












## ख) दोश्रो श्रृङ्खला

२०८० असार ०१ देखी ०२ सम्म अर्को प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । काठमाडौमा सम्पन्न कार्यक्रमको अध्यक्षता एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले गर्नुभयो । सो अवसरमा गोरखापत्र संस्थानका विज्ञ सल्लाहकार दीपक ज्ञवाली, त्रिभुव विश्वविद्यालय विद्यार्थी कल्याणकारिणी विभाग प्रमुख प्रा. पशुपति अधिकारी, काठमाडौं मेडिकल कलेजका निर्देशक डा. सुमन श्रेष्ठ, नेपाल नेसनल हस्पिटलका निर्देश डा. प्रकाश पौडेलले प्रशिक्षण दिनुभएको थियो ।













२०८० माघ १७ देखि १८ गतेसम्म काठमाडौंको अल्फा विटा हाउसमा एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षतामा तालिम तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा विभिन्न खेल विधाका खेलाडी ,अफिसियल लगायतहरूको सहभागिता भएको थियो । उक्त प्रशिक्षण कार्यक्रममा विभिन्न विषय विज्ञहरूकाट प्रशिक्षण प्रदान गरिएको थियो ।

काठमाडौंमा  सम्पन्न कार्यक्रममा सञ्चार विज्ञ दीपक ज्ञवाली, त्रिभुवन विश्व विद्यालयका सह प्राध्यापक डा. पदम प्रसाद खतिवडा, डा.सुस्मीता ढकाल, डा. रोवट महर्जनले बिधागत विषयमा प्रशिक्षण दिनु भएको थियो ।







## खेलाडी तथा प्रशिक्षक सम्मान

२०७९ साउन ५ गते खेलकुद क्षेत्रमा योगदान गर्नु भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी तथा प्रशिक्षकहरूलाई सम्मान तथा अभिनन्दनार्थ वर्तमान उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलको प्रमुख आतिथ्यतामा विशेष कार्यक्रम सम्पन्न भयो ।




२०८१ जेष्ठ ३ गते बुटवलमा ३१ औं मदन भण्डारी स्मृति दिवसको अवसर पारेर दोस्रो मदन भण्डारी कप खुल्ला हाफ म्याराथन तथा रोड रेस प्रतियोगिता बुटवलमा एथलेटिक्स खेलका ओलम्पियन खेलाडी वैकुण्ठ मानन्धर र भलिबल खेलका अन्तर्राष्ट्रिय महिला रेफ्रि चन्द्र बदना राईज्यूलाई वहाँको स्वास्थ्य उपचार खर्च सहित सम्मान गरिएको ।




२०८१ पौष १७ गतेका दिन एकेडेमीको १६ औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा नेपालका प्रथम एथलेटिक्स प्रशिक्षक मधु समेशेर जबरा ज्यूलाई नगद रु. ५१०००/- सहित लुम्बिनी प्रदेशका मुख्य मन्त्री माननीय चेत नारायण आचार्य र एकेडेमीका अध्यक्षद्वारा अभिनन्दन गरियो ।




# प्रदेश अधिवेशनहरू

## बागमती प्रदेश

२०८१ असोज ४ गते मदन भण्डारी स्पोर्ट्स एकेडेमीको बागमती प्रदेशको प्रथम अधिवेशन सम्पन्न भयो । एकेडेमीका केन्द्रीय सदस्य एवम् बागमती प्रदेश संयोजक रामबहादुर केसीको अध्यक्षता, मदन भण्डारी फाउन्डेसनका तात्कालीन अध्यक्ष, पुर्व मन्त्री महेन्द्र बहादुर पाण्डेको प्रमुख आतिथ्य र एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको विशिष्ट आतिथ्यमा काठमाडौंमा अधिवेशन सम्पन्न भयो । अधिवेशनबाट रामबहादुर केसीको अध्यक्षतामा ५१ सदस्यीय प्रदेश कमिटी गठन भयो ।




















## गण्डकी प्रदेश

२०८१ असोज १८ गतेका मदन भण्डारी सपोर्टस् एकेडेमीका अध्यक्ष श्री ध्रुव आचार्यको प्रमुख आतिथ्य तथा केन्द्रीय सदस्य एवम् गण्डकी प्रदेश संयोजक गिरमान गुरुङको अध्यक्षतामा पोखरामा सम्पन्न गण्डकी प्रदेश अधिवेसन सम्पन्न भयो । उक्त अधिवेशनबाट गिरमान गुरुङको अध्यक्षतामा ३१ सदस्यीय कमिटी गठन भयो ।










## कर्णाली प्रदेश अधिवेशन

२०८१ फागुन ६ गते मदन भण्डारी स्पोर्ट्स एकेडेमी कर्णाली प्रदेश अधिवेशन सम्पन्न भयो । मदन भण्डारी स्पोर्ट्स एकेडेमीका कर्णाली संयोजक गोपाल शाहीको संयोजकत्वमा भएको कार्यक्रममा प्रमुख आतिथी कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यमलाल कंडेल, विशिष्ट आतिथि कर्णाली प्रदेश सरकारका अर्थमन्त्री एवम् एथलेटिक्स सङ्घका अध्यक्ष राजिव विक्रम शाही, एकेडेमीका केन्द्रीय अध्यक्ष ध्रुव आचार्य, विरेन्द्र नगर नगरपालिकाका प्रमुख मोहनमाया ढकालको विशेष सहभागिता रहेको थियो ।

दोस्रो अधिवेशनबाट गोपाल बहादुर शाहीको अध्यक्षतामा ५१ सदस्यीय कमिटी निर्वाचित भयो ।










## मधेस प्रदेश

२०८१ चैत ९ मा मदन भण्डारी स्पोर्ट्स एकेडेमी मधेस प्रदेश अधिवेशन सम्पन्न भयो । मदन भण्डारी स्पोर्ट्स एकेडेमीका मधेस प्रदेश संयोजक रविन्द्र राज भण्डारीको संयोजकत्वमा भएको कार्यक्रम एकेडेमीका केन्द्रीय अध्यक्ष एवम् राष्ट्रिय खेलकुद परिषदका उपाध्यक्ष ध्रुव आचार्यको प्रमुख आतिथ्यमा भएको थियो । उक्त अधिवेशनबाट रविन्द्रराज भण्डारीको अध्यक्षतामा ३१ सदस्यीय मधेस प्रदेश कमिटी गठन भयो ।










# विधागत प्रतियोगिताहरू

2009

MADAN BHANDARI
SPORTS ACADEMY

# क्रिकेट



## केपी ओली कप राष्ट्रिय टि २० क्रिकेट प्रतियोगिता प्रथम संस्करण

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा २०८० मंसिर ७ गतेदेखि १५ गतेसम्म पोखरा रङ्गशालामा केपी ओली कप राष्ट्रिय टि २० क्रिकेट प्रतियोगिता आयोजना भयो ।

एकेडेमीका संरक्षक, वर्तमान प्रधानमन्त्री तथा नेकपा एमाले)का अध्यक्ष सम्माननीय केपी शर्मा ओलीले उद्घाटन गर्नु भएको प्रतियोगिताको उद्घाटन सत्रमा वशिष्ट अतिथि उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल, गण्डकी प्रदेशका पूर्व मुख्यमन्त्री तथा वर्तमान सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङ ,पुर्वमन्त्री तथा सांसद गोकर्ण विष्ट, सांसद खगराज अधिकारी, नेकपा पूर्वमन्त्री पद्मा अर्याल, एकेडेमीका संस्थापक अध्यक्ष रमेश कुमार सिलवाल लगायत विशिष्ट व्यक्तित्वहरूको उपस्थितिमा रहेको थियो । एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष राजेश गुरुङले स्वागत उपमहासचिव सुवर्ण श्रेष्ठले सञ्चालन र सचिव कृष्ण तिमिल्सिनाले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

समापन समारोह अध्यक्ष ध्रुव आचार्यको अध्यक्षता पूर्व प्रदेश प्रमुख सोमनाथ प्यासीको प्रमुख आतिथ्यता र पोखरा महानगरपालिकाका नगर प्रमुख धनराजको विशिष्ट आतिथ्यतामा सम्पन्न भयो ।

उक्त प्रतियोगितामा विभागीय ३, प्रदेशका ७  र आयोजक मदन भण्डारी स्पोर्ट्स एकेडेमीका २ गरी १२ टिमको सहभागिता रहेको थियो । उक्त खेल प्रतियोगिताको विजेता मधेस प्रदेश भएको थियो भने उपविजेता त्रिभुवन आर्मी क्लब भएको थियो ।


































KP OLI CUP-2080
Rs. 5,000/-


T-20 National Cricket Tournament
KP OLI CUP-2080
Rs. 5,000/-
MAN OF THE MATCH


"Sports for all"
T-20 National Cricket Tournament
KP OLI CUP-2080
Rs.35,000/-
MAN OF THE SERIES




"Sports for all"
T-20 NATIONAL CRICKET TOURNAMENT












**केपी ओली कप राष्ट्रिय खुल्ला टि २० क्रिकेट प्रतियोगिता दोस्रो संस्करण**

केपी ओली कप टि-२० राष्ट्रिय खुल्ला पुरुष क्रिकेट प्रतियोगिता २०८१ चैत्र २३ गतेदेखि २०८२ बैशाख ५ गतेसम्म पोखरामा सम्पन्न भयो । एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षता, सचिव कृष्ण तिमिल्सिनाको सञ्चालनमा भएको प्रतियोगिताको उद्घाटन नेपाल सरकारका सूचना तथा सञ्चार प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले गर्नुभयो ।

मदन भण्डारी स्पोर्टस एकेडेमीको आयोजनामा पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा भएको प्रतियोगिताको म्याच रेफ्रिको रूपमा आइसीसीका अन्तराष्ट्रिय रेफ्री समिर खानज्यूले गर्नु भएको थियो ।

प्रतियोगिताको समापन २०८२। ०१। ०५ गते प्रतिनिधि सभाका सभामुख सम्माननीय देवराज घिमिरेको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । प्रतियोगिताको विजेता गण्डकी हिरोज पोखरा भएको थियो भने उपविजेता सिइसी क्रिकेट एकेडेमी काठमाडौं भएको थियो । प्रतियोगितामा १६ टिम सहभागी थिए ।












WINNER
RUNNER UP


KP OLI CUP














MADAN BHANDARI SPORTS ACADEMY
KP OLI CUP T20
CHAMPION
KP OLI CUP T20




KP OLI CUP T20

## क्रिकेट प्रतियोगिता तथा ट्यानेन्ट हन्ट

२०७९ जेठ ३ गते देखि भैरहवा, जनकपुर, बिराटनगर र बिरगन्जमा प्रतिभाको खोजी सहित क्रिकेट प्रतियोगिता गरी २ टिम अण्डर १४ का खेलाडी छनौट गरियो ।




















U-18 EMERGING STAR
CRICKET TOURNAMENT-2079



2009
MADAN BHANDARI
SPORTS ACADEMY

# भलिवल



# कलेज स्तरीय पुरुष भलिवल प्रतियोगीता

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा २०७९ असार ८ देखि असार १४ सम्म काठमाडौंको महेन्द्र बहुमुखी क्याम्पस ताहचलमा कलेज स्तरीय पुरुष भलिवल प्रतियोगिता सम्पन्न भयो । प्रतियोगिताको अध्यक्षता ध्रुव आचार्यले गर्नुभएको थियो । प्रमुख अतिथी राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टंकलाल घिसिङ हुनुहुन्थ्यो । कार्यक्रमको समापन समारोहका प्रमुख अतिथी एकेडेमीका संस्थापक अध्यक्ष रमेशकुमार सिलवाल हुनुहुन्थ्यो । प्रतियोगितामा ८ टिम सहभागी भएका थिए । कार्यक्रमको संयोजन भलिवल विभाग प्रमुख निलम बज्राचार्यले गर्नुभएको थियो ।

















## लुम्बिनी प्रदेश स्तरीय अन्तर माबि छात्र-छात्रा भलिबल प्रतियोगिता

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा २०७८ असार ११ गतेदेखि असार १४ गतेसम्म बुटवलमा लुम्बिनी प्रदेश स्तरीय अन्तर माबि छात्र छात्रा भलिबल प्रतियोगिता सम्पन्न भयो । प्रतियोगिताको उद्घाटन समारोह उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलको प्रमुख आतिथ्यतामा भएको थियो । समापन कार्यक्रम २०७९। ०३। १४ गते मदन भण्डारी फाउन्डेसन लुम्बिनी प्रदेश सचिव गोमादेवी आचार्यको प्रमुख आतिथ्यिता र ध्रुव आचार्यको अध्यक्षतामा भएको थियो । कार्यक्रमको संयोजन भलिवल विभाग उपप्रमुख बुद्धि बस्यालले गर्नुभएको थियो ।


















## प्रदेश स्तरीय अन्तर मावि भलिवल प्रतियोगिता

२०८० असार १३ देखि १७ गतेसम्म बुटवलमा लुम्बिनी प्रदेश स्तरीय अन्तर मावि भलिबल प्रतियोगिता सम्पन्न भयो । मदन भण्डारी स्पोर्ट्स एकेडेमी केन्द्रीय भलिबल विभागको आयोजनामा रामनगरस्थित कालिका मानव ज्ञान माविको खेलमैदानमा प्रतियोगिता भएको हो ।

एकेडेमीका केन्द्रीय अध्यक्ष ध्रुव आचार्यको प्रमुख आतिथ्यतामा समुद्घाटन भएको खेल बुटवल उपमहानगरपालिकाका उप्रमुख सावित्रा अर्यालको प्रमुख आतिथ्यमा समापन भएको थियो । कार्यक्रममा प्रदेश खेलकुद परिषद लुम्बिनीका सदस्य सचिव जयप्रकाश भट्टराईको विशिष्ट आतिथ्यमा भएको थियो । प्रतियोगितामा छात्र १२ छात्रा ७ टिम सहभागी थिए ।

उक्त प्रतियोगिताको छात्रतर्फ न्यू होराईजन प्रथम, मणिमुकुन्द कलेज द्धितिय र सेन्ट जोसेफ स्कुलले तेस्रो स्थान हासिल गरेका थिए । त्यसैगरी छात्रातर्फ न्यू होराईजन प्रथम, एभरेस्ट स्कुल द्धितिय र कुवरवर्ती स्कुल तृतीय भएका थिए । हजारौं दर्शकाविच सम्पन्न प्रतियोगिताको मुख्य सहयोगी संस्था बुटवल उपमहानगरपालिका रहेको थियो  ।















## इन्डो नेपाल गोल्ड कप रनिङसिल्ड पुरुष भलिवल च्याम्पियनसिप

२०८१ पौष १७ देखि २५ गतेसम्म मदन भण्डारी गोल्डकप इन्डो नेपाल रनिङ शिल्ड पुरुष भलिवल च्याम्पियनसिप २०८१ बुटवलमा सम्पन्न भयो । एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षता, भलिव विभाग प्रमुख निलम बज्रचार्यको संयोजन, विभागीय उपप्रमुख बुद्धि बस्यालको सहसंयोजन तथा एकेडेमीका सचिव कृष्ण तिमिल्सिना र सञ्चार विभाग प्रमुख अमृता अनमोलको सञ्चालनमा भएको उक्त च्याम्पियनसिपको उद्घाटन लुम्विनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले गर्नुभएको थियो । उद्घाटनको समारोहमा प्रतिनिधि सभा सदस्य बासुदेव घिमिरे, पुर्व प्रदेशसभा सदस्य राधाकृण कंडेल, नेपाल भलिवल सङ्घका उपाध्यक्ष भरत शाही लगायतले बोल्नुभएको थियो ।

सो अवसरमा नेपालका पहिलो एथलेटिक्सका प्रशिक्षक मधु शम्शेर राणालाई ५१ हजार नगदसहित सम्मानपत्र प्रदान गरिएको थियो भने कृतिमानी म्याराथन धावक वैकुण्ठ मानन्धरलाई सम्मान गरिएको थियो ।

च्याम्पियनसिपमा मदन भण्डारी स्पोर्ट्स एकेडेमी, नेपाल आर्मी क्लब, सशास्त्र प्रहरी बल, नेपाल प्रहरी, गुजरात स्टेट भलिबल एसोसियसन, मणिमुकुन्द भलिबल क्लव, गल्कोट भलिबल क्लब, रुकुम पश्चिम भलिबल प्रशिक्षण केन्द्रको सहभागिता रहेको थियो । रेफ्री संयोजकका रूपमा अन्तराष्ट्रिय रेफ्री चन्द्रबदना राई हुनुहुन्थ्यो । प्रतियोगितामा नेपाल आर्मी बिजेता र नेपाल प्रहरी उप विजेता भयो ।


















"Sports For All"

MADAN BHANDARI
SPORTS ACADEMY

# चेस



## विद्यालय स्तरिय चेस प्रतियोगिता

२०७८ असार ११ गतेदेखि १३ गतेसम्म बुटवलमा विद्यालय स्तरीय चेस प्रतियोगिता सम्पन्न भयो । उद्घाटन समारोहका प्रमुख अतिथि उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल हुनुहुन्थ्यो । अध्यक्षता एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले गर्नु भएको थियो । कार्यक्रमको संयोजन विजय गुरुङले गर्नुभएको थियो ।







MADAN BHANDARI
SPORTS ACADEMY



# कराँते
# (Karate)

# राष्ट्रिय खुल्ला फुलकन्ट्याक्ट कराँते प्रतियोगिता

२०७९ असार १७ र १८ गते राष्ट्रिय स्तरको फूल कन्ट्याक्ट प्रतियोगिता राष्ट्रय खेलकुद परिषदको कभड हल त्रिपुरेश्वमा सम्पन्न भयो । राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टंकलाल घिसिङको प्रमुख आतिथ्यता र एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षता र राजकुमार लामाको संयोजनमा उद्घाटन समारोह भएको थियो भने । समापन समारोहका प्रमुख अतिथि एकेडेमीका निवर्तमान अध्यक्ष विनोद श्रेष्ठ  हुनुहुन्थ्यो । प्रतियोगितामा ७ प्रदेशका २८० जना खेलाडी सहभागी भएका थिए ।


















# राष्ट्रिय फुलकन्ट्याक्ट कराँते प्रतियोगिता

२०८० जेठ ३ र ४ गते ३० औं मदन स्मृति दिवसका सन्दर्भमा ख्वप फुटसलमा दोस्रो मदन भण्डारी पुरुष तथा महिला राष्ट्रिय फुल कन्ट्याक्ट क्योकुशिन कराँते प्रतियोगिता सम्पन्न भयो । सूर्यविनायक नगरपालिकाका प्रमुख बासुदेव थापाको प्रमुख आतिथ्यता र एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षतामा भक्तपुरमा सम्पन्न भएको थियो । उक्त प्रतियोगितामा महिला र पुरुष विधातर्फ विभिन्न तौल समूह अन्तर्गत प्रतिष्पर्धा गराइएको थियो । उक्त प्रतियोगिताको खुल्ला ५५ केजीमुनि एलिस बम्मजन प्रथम, सञ्जेश तामाङ द्वितीय, विवेक घिमिरे तृतीय र रविन तामाङले सान्त्वान स्थान हासिल गरेका थिए । ५५ केजीमुनि महिला खुल्लातर्फ मञ्जु विक प्रथम, अनुजा नेपाली द्वितीय, रिना माझी तृतीय, प्रतिक चन्दले सान्त्वान पुरस्कार प्राप्त गरे । ५५ केजी मुनि पुरुष खुल्लातर्फ विनय सिंह प्रथम, विक्रम मोक्तान द्वितीय, सनी सिंह तृतीय र सन्देश मानन्धर सान्त्वना भए ।


















## तेस्रो राष्ट्रिय फूलकन्ट्याक कराते प्रतियोगिता

२०८१ फागुन १६ र १७ गते राष्ट्रिय खेलकुद परिषदको परिसरमा तेस्रो राष्ट्रिय फुलकन्ट्याक कराँते प्रतियोगिता सम्पन्न भयो । प्रतियोगिता उद्घाटन समारोह मदन भण्डारी स्पोर्ट्स एकेडेमीका अध्यक्ष एवम राष्ट्रिय खेलकुद परिषदका उपाध्यक्ष ध्रुव आचार्यको प्रमुख आतिथ्यता, पुर्व राष्ट्रिय सभा सदस्य कोमल ओलीको विशिष्ट आतिथ्यतामा भएको थियो । एकेडेमी कराँते विभाग प्रमुख र ाजकुमार लामाको संयोजकत्वमा प्रतियोगिता भएको थियो । प्रतियोगितामा ७ प्रदेश ३ विभागीय टिम सहित २५० खेलाडीहरूको सहभागिता रहेको थियो ।













## प्रथम मदन भण्डारी राष्ट्रिय कराँते

२०८० जेठ २७ र २८ गते झापाको बिर्तामोडमा प्रथम मदन भण्डारी राष्ट्रिय कराँते प्रतियोगिता प्रतिनिधिसभाका सभामुख देबराज घिमिरेको प्रमुख आतिथ्य र समापन समारोह एकेडेमीका केन्द्रीय अध्यक्ष ध्रुव आचार्यको प्रमुख आतिथ्यमा भएको थियो ।

एकेडेमीका उपाध्यक्ष एवम् कोसी प्रदेश ईन्चार्ज तुलसी मैनालीको अध्यक्षता र उपमहासचिव मदन उप्रेतीको संयोजकत्वमा कार्यक्रम भएको थियो । आयोजक टिम मदन भण्डारी स्पोर्टस एकेडेमी च्याम्पियन बनेको थियो । ७ वटा प्रदेश र आयोजक समिति गरी ८ टिम सहभागी रहेको प्रतियोगितामा एकेडेमीले ५ स्वर्ण र २ रजत पदक जित्दै च्याम्पियन बनेको थियो ।





















# रिङ्ग रेस्लिङ
# (Ring Wrestling)



## राष्ट्रिय रेस्लिङ प्रतियोगिता

२०७९ असार १८ गते झापाको कमला गाउँपालिका केर्खामा नेकपा एमालेका स्थायी कमिटी सदस्य तथा हालका सभामुख देवराज घिमिरेको प्रमुख आतिथ्यमा राष्ट्रिय रेस्लिङ प्रतियोगिता सम्पन्न भयो । कार्यक्रम एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रमको संयोजन एकेडेमीका उपमहासचिव सुवर्ण श्रेष्ठले गर्नुभएको थियो ।













## दोस्रो राष्ट्रिय रिंङ रेस्लिङ प्रतियोगिता

२०८० जेठ १३ गते सुर्खेतको वीरेन्द्रनगरमा मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा भएको 'दोस्रो मदन भण्डारी रिङ रेस्लिङ महाभिडन्त प्रतियोगिता सम्पन्न भयो । नेकपा एमालेका स्थायी कमिटी सदस्य तथा हालका मुख्यमन्त्री यमलाल कँडेलको प्रमुख आतिथ्य, एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो । सो अवसरमा एकेडमीकी उपाध्यक्ष तेज विक्रम बस्नेत, मदन भण्डारी फाउन्डेसनका केन्द्रीय सदस्य टीका विष्ट, प्रदेश खेलकुद विकास परिषद्का उपाध्यक्ष प्रमोद हमाल, सदस्य सचिव विश्वमित्र सञ्ज्याल, एकेडेमीका उपमहासचिव सुवर्ण श्रेष्ठ, सचिव सञ्जु महर्जनलगायतको उपस्थिति रहेको थियो । ७२ औं मदन स्मृति तथा मदन जयन्तीको सन्दर्भमा मदन भण्डारी रिङ रेस्लिङ विभागले प्रतियोगिता आयोजना गरेको थियो । उक्त कार्यक्रमको संयोजक एकेडेमीका उपाध्यक्ष तथा कर्णाली प्रदेश इन्चार्ज तेज विक्रम बस्नेतले गर्नुभएको थियो । प्रतियोगिताको पहेभीवेटतर्फ नुवाकोटे टाइगरले उपाधि जित्नुभयो । उहाँले जितसँगै नगद रु १ लाख ५ हजार हात पार्न सफल हुनुभयो । प्रतियोगिता खुल्लामञ्च घन्टाघरमा उल्लेख्य दर्शकबिच सम्पन्न भएको थियो ।










# तेक्वान्दो
## (Taekwondo)



## उपत्यका स्तरीय तेक्वान्दो प्रतियोगिता

२०७९ असार १९ गते राष्ट्रिय खेलकुद परिषदको कभर्डहलमा उपत्यका स्तरीय तेक्वान्दो प्रतियोगिता सम्पन्न भयो । उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलको प्रमुख आतिथ्य, एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षता र विभागीय प्रमुख मनोज खड्गीको संयोजकत्वमा उक्त खेल प्रतियोगितामा सम्पन्न भएको थियो । प्रतियोगितामा बागमती प्रदेशका २२५ खेलाडी सहभागी भएका थिए ।














## बागमती प्रदेश स्तरीय खुल्ला महिला तथा पुरुष तेक्वान्दो प्रतियोगिता

२०८० बैशाख २९ र ३० गते लैनचौर टिटि हल काठमाडौंमा बागमती प्रदेश स्तरीय खुल्ला महिला तथा पुरुष तेक्वान्दो प्रतियोगिता सम्पन्न भयो । मदन भण्डारी फाउन्डेसनका अध्यक्ष महेन्द्रबहादुर पाण्डेको प्रमुख अतिथ्य र एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको विशिष्ट आतथ्यितामा स प्रतियोगितामा बाग्मती प्रदेशका काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, रसुवा, काभ्रे, नुवाकोट, सिन्धुली ,मकवानपुर रामेछाप र दोलखाकाट ३०० खेलाडीहरू सहभागि भएका थिए ।

प्रतियोगितामा आयोजक मदन भण्डारी स्पोर्ट्स एकेडेमीले दोस्रो बागमती प्रदेश स्तरीय तेक्वान्दो प्रतियोगिताको जित्यो। मनमैजु दोस्रो भयो। प्रतियोगिताको पुरुषमा जैशीदेवलका समीर तामाङ तथा महिलामा मनमैजुकी स्मारिका तामाङ उत्कृष्ट खेलाडी घोषित भए। प्रतियोगितामा विभिन्न २३ स्पर्धामा करिब ३ सय खेलाडी सहभागी थिए।










## मदन भण्डारी आमन्त्रित राष्ट्रिय स्तरीय तेक्वान्दो प्रतियोगिता

२०८२ साल बैशाख ८ र ९ गते दशरथ रङ्गशालाको कभर्ड हल, त्रिपुरेश्वर, काठमाडौंमा मदन भण्डारी आमन्त्रित राष्ट्रिय तेक्वान्दो प्रतियोगिता-२०८२ प्रतियोगिता सम्पन्न भयो । प्रतियोगितामा सातै प्रदेश, जिल्ला तथा डोजोका विभिन्न तौल समह गरी ४७९ जना खेलाडीहरू प्रतिस्पर्धा भएको थियो । प्रतियोगितामा अन्य ४० जना अफिसियल तथा प्राविधिक गरी ५१९ जना खेलाडी तथा अफिसियलहरूको सहभागिता जनाएका थिए ।

प्रतियोगिताको उद्घाटन समारोह प्रतिनिधी सभाका सभामुख देवराज घिमिरेको प्रमुख आतिथ्य र मदन भण्डारी स्पोर्ट्स एकेडेमीका अध्यक्ष एवम् राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष ध्रुव आचार्यको बिशिष्ट आतिथ्यतामा भएको थियो । प्रतियोगिताको समापन समारोह २०८२ साल बैशाख ९ गते सूचना तथा संचार प्रविधीमन्त्री पृथ्वी सुब्बा गुरुङ्गको प्रमुख आतिथ्यतामा भएको थियो ।

प्रतियोगितामा पदक विजेता टिमहरूमध्ये टिम प्रथममा आयोजक “ए” लाई नगद पुरस्कार रु. १०००००, दोस्रोमा ढल्कु तेक्वान्दो डोजाङ्गलाई रु ६०,०००, टिम तृतीयलाई रु.३०,०००, नगद तथा सिल्ड र प्रमाणपत्र प्रदान गरिएको थियो ।















# बास्केटबल
## (Basketball)



## राष्ट्रिय बास्केटवल प्रतियोगिता

२०७९ असार १५ देखि २० गतेसम्म खुल्ला अन्डर २३ बास्केटवल प्रतियोगिता कीर्तिपुरको कभड हलमा सम्पन्न भयो । सांसद कृष्ण गोपाल श्रेष्ठको प्रमुख आतिथ्य र एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा उद्घाटन समारोह भएको थियो ।

समापन कार्यक्रमका प्रमुख अतिथि एकेडेमीका संस्थापक अध्यक्ष रमेशकुमार सिलवाल हुनुहुन्थ्यो । कार्यक्रमको संयोजक विभागीय प्रमुख विक्कु महर्जन र सहसंयोजन सदिना श्रेष्ठले गर्नुभएको थियो ।









## राष्ट्रिय महिला पुरुष खुल्ला बास्केटबल प्रतियोगिता

२०८० असार २१ देखि २६ गतेसम्म कीर्तिपुर कभड हलमा राष्ट्रिय महिला पुरुष बास्केटबल प्रतियोगिता सम्पन्न भयो । प्रतियोगिताको उद्घाटन प्रमुख अतिथि काठमाडौ महानगरपालीकाका उपप्रमुख सुनिता डंगोलले गर्नुभयो । विशिष्ट अतिथि एकेडेमीका अध्यक्ष ध्रुव आचार्य हुनुहुन्थ्यो । प्रतियोगितामा २२ टिम सहभागी भएका थिए ।

प्रतियोगिताको उपाधि मनास्लु वर्ल्ड कलेज र ललितपुर हाइले मदन भण्डारी कप दोस्रो खुला बास्केटबल प्रतियोगिताको उपाधि जिते । मनास्लु पुरुष तथा ललितपुर हाइ महिलामा च्याम्पियन बने ।













# हक्की

## (Hockey)



## राष्ट्रिय महिला हक्की प्रतियोगिता

२०८० फागुन १४ देखि २० गतेसम्म धनुषा जिल्लाको क्षिरेश्वर नगरपालिकाको खेल मैदानमा राष्ट्रिय महिला हक्की प्रतियोगिता सम्पन्न भयो । प्रतियोगिताको उद्घाटन प्रमुख अतिथि पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीले गर्नुभएको थियो । अध्यक्षता एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले गर्नुभएको थियो । सञ्चालन एकेडेमीका सचिव अञ्जना शिवाकोटीले गर्नु भएको थियो ।

समापन समारोहको प्रमुख अतिथि उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल हुनुहुन्थ्यो । विशिष्ट अतिथि तात्कालीन उपप्रधान तथा भौतिक पूर्वाधारमन्त्री रघुविर महासेठ हुनुहुन्थ्यो । प्रतियोगितामा कोसी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, सुदूरपश्चिम प्रदेश, नेपाल आर्मी र मदन भण्डारी स्पोर्टस एकेडेमी गरी ८ टिमको सहभागिता थियो । प्रतियोगिताको विजेता नेपाल आर्मी र उपविजेता आयोजक मदन भण्डारी स्पोर्ट्स एकेडेमी भएका थिए ।












1st Madan Bhandari Cup















MADAN BHANDARI
SPORTS ACADEMY

# म्याराथन
# (Marathon)



## राष्ट्रिय खुल्ला महिला तथा पुरुष हाफ् म्याराथन प्रतियोगिता

२०७९ चैत्र २३ गते बिश्व शान्तिको मुहान लुम्बिनीमा राष्ट्रिय खुल्ला महिला तथा पुरुष हाफ् म्याराथन प्रतियोगिता सम्पन्न भयो । एकेडेमीका संरक्षक एवम् प्रधानमन्त्री सम्माननीय केपी शर्मा ओलीको प्रमुख आतिथ्य र एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षतामा कार्यक्रम भएको थियो । विशिष्ट अतिथि उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल हुनुहुन्थ्यो । प्रमुख अतिथिले लुम्बिनीमा शान्ति दीपमा बालेको दीप ओलम्पिक कोच चन्द्रबहादुर घले, बिमला राना र मोहन घलेलाई दिएर प्रतियोगिता शुभारम्भ गर्नु भएको थियो । उक्त प्रतियोगितामा देशभरका २ हजार ५ सय ५० महिला र पुरुष खेलाडी मैदानमा उत्रिएका थिए । मायादेवी मन्दिर अगाडिबाट सुरु म्याराथनमा खेलाडीले लुम्बिनी वरपर २ फन्को मारेर २१ किलोमिटरको दुरी पूरा गरेका थिए ।

लुम्बिनी पिस हाफ म्याराथन नामको उक्त प्रतियोगितामा दीपक अधिकारी र राजपुरा पछाइँले प्रथम स्थान हासिल गरेका थिए । प्रतियोगितामा पुरुषतर्फ त्रिभुवन आर्मी क्लबका अधिकारीले १ घन्टा ६ मिनट २ सेकेन्डमा लुम्बिनी वरपरको २१ किलोमिटरको दुरी पूरा गरेका थिए । यससँगै उनले १ लाख ५० हजार रूपैयाँ नगद पाए । यस्तै महिलातर्फ २१ किलोमिटरको दुरी नेपाल प्रहरीकी पछाईले १ घन्टा २४ मिनेट २ सेकेन्डमा पूरा गरेकी थिइन् । उनले १ लाख ५१ हजार रूपैयाँ नगद सिल्ड तथा प्रमाणपत्र पाइन् । कार्यक्रमको संयोजन एथ्लेटिक्स विभाग प्रमुख मोहनबहादुर घलेले गर्नुभएको थियो ।
















30
46
74


96


WELCOM
20
22


THA
83



# राष्ट्रिय खुल्ला हाफ् म्याराथन तथा रोड रेस

२०८१ जेष्ठ ३ गते बुटवलमा ३१ औं मदन भण्डारी स्मृति दिवसको अवसर पारेर दोस्रो मदन भण्डारी कप खुल्ला हाफ म्याराथन तथा रोड रेस प्रतियोगिता सम्पन्न भयो । मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा सम्पन्न कार्यक्रमको प्रमुख अतिथिका रूपमा पुर्वमन्त्री माननीय छविलाल विश्वकर्मा हुनुहुन्थ्यो ।

कार्यक्रममा एथलेटिक्स सङ्घका अध्यक्ष राजिव विक्रम शाह, बुटवल उपमहानगरपालिकाका उपप्रमुख सावित्रा अर्याल, तिलोत्तमा नगरपालिकाका नगर प्रमुख रामकृष्ण खाँण, प्रदेश खेलकुद परिषद् लुम्बिनीका सदस्य सचिव जय प्रकाश भट्टराई लगायतको उपस्थिती रहेको थियो ।

कार्यक्रममा प्रसिद्ध ओलम्पिक धावक बैकुण्ठ मानन्धर र अन्तराष्ट्रिय भलिवल रेफ्री चन्द्र बदना राईलाई सम्मानसहित मासिक ४ हजार का दरले औषधी उपचार खर्च उपलब्ध गराइयो । बुटवल उपमहानगरपालिका वडा नं. १० कालिका मावि अगाडिबाट सुरु भएको दौड प्रतियोगिता योगिकुटीमा गई समापन भएको थियो ।

खुल्ला हाफ् म्याराथनतर्फ नेपाल आर्मीका राजन रोकायले १ घण्टा ०९ मिनेट २४ सेकेन्डमा दुरी पार गर्दै उपाधि हात पारे । कलेजस्तरीय १० किलोमिटर छात्र दौडमा सप्तरीका अजितकुमार यादवले ३२ मिनेट २३।०२ सेकेण्डमा दुरी पार गर्दै उपाधि हात पारे । १० किलोमिटर महिला खुलाको उपाधि एपिएफका पुष्पा भण्डारीले हात पारिन । यसैगरी विद्यालय छात्रमा जनज्योती माबि सुर्खेतका अजय बिक प्रथम भए । छात्रा ३ किलोमिटर दौडमा सुर्खेतकी बिमला कार्की प्रथम भईन । प्रतियोगितामा ७ प्रदेश, ३ विभाग, १५ जिल्ला र ६८ वटा विद्यालयबाट ३५२८ धावक, १५० अफिसियल प्राविधिक,४० मेडिकल टोली र १०० स्वयम सेवक र हजारौं दर्शकको सहभागिता रहेको थियो ।

प्रतियोगिता समारोहमा प्रतिनिधि सभा सदस्य, पूर्वमन्त्री छबिलाल बिश्वकर्मा, एकेडेमीका अध्यक्ष ध्रुव आचार्य, प्रदेश खेलकुद परिषद लुम्बिनीका सदस्य सचिव जयप्रकाश भट्टराई, बुटवल उपमहानगरपालिकाका उपप्रमुख साबित्री देवी अर्याल, तिलोत्तमा नगरपालिकाका नगरप्रमुख रामकृष्ण खाँण, ओलम्पियन बैकुण्ठ मानन्धर, प्रतियोगिता संयोजक तथा एकेडेमीका एथ्लेटिक्स विभाग प्रमुख मोहन बहादुर घलेलगायतको उपस्थिति रहेको थियो ।


















## मदन भण्डारी खुल्ला रोडरेस प्रतियोगिता २०८२ तेस्रो संस्करण

२०८२ बैशाख १८ गते मदन भण्डारी स्पोर्टस एकेडेमीको आयोजनामा काठमाडौमा बृहद् रोड रेस प्रतियोगिता सम्पन्न भयो । मदन भण्डारी रोड रेस च्याम्पियनसिप २०८२ नामको यो प्रतियोगितामा चार हजार भन्दा बढिले भाग लिएका थिए ।

प्रतियोगिताका १० किलोमिटर खुला दौडको पुरुषतर्फ मुकेश पाल प्रथम, राजन रोकाय दोस्रो र शुशिल शाही तृतीय भए । १० किलो मिटरकै महिलातर्फ पूर्णलक्ष्मी न्यौपाने प्रथम, निर्मल केसी दोस्रो र सिर्जना पाण्डे तेस्रो भइन । त्यस्तै १८ वर्षमुनिको ५ किलोमिटर दौडको छात्रतर्फ बादल कार्की प्रथम, कृष्ण परियार दास्रो र अमृत बिश्वकर्मा तेश्रो भए । ५ किलोमिटरकै छात्रातर्फ अस्मिता भुजेल प्रथम, भगवती खड्का दोस्रो र शर्मिला बिक तेस्रो भए ।

एकेडेमीका अध्यक्ष तथा राष्ट्रिय खेलकुद परिषदका उपाध्यक्ष ध्रुव आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल सरकारका युवा तथा खेलकुदमन्त्री माननीय तेजुलाल चौधरीको प्रमुख आतिथि, कर्णाली प्रदेशका अर्थमन्त्री एवम् नेपाल एथलेटिक्स सङ्घका अध्यक्ष राजिव विक्रम शाही विशिष्ट आतिथी हुनुहुन्थ्यो । कार्यक्रममा एकेडेमीका सल्लाहकार दीपक ज्ञवाली, एकेडेमीका उपाध्यक्ष तेजविक्रम शाही, उपमहासचिब सुवर्ण श्रेष्ठ, सचिव कृष्ण तिमिल्सिना, राखेपका बोर्ड सदस्य जगत धामी, प्याप्सन काठमाडौका अध्यक्ष नवराज भट्ट लगायतको सहभागिता थियो । कार्यक्रमको संयोजन बागमती प्रदेश अध्यक्ष राम केसीले गर्नुभएको थियो ।











START
FINISH










DAN BHANDARI SPORTS ACADEM

# मदन भण्डारी रोड रेस प्रतियोगिता २०८२ सुर्खेत

कर्णाली प्रदेशको राजधानी सुर्खेत वीरेन्द्रनगरमा २०८२ जेष्ठ २४ गतेका दिन राष्ट्रिय स्तरको खुल्ला महिला 'मदन भण्डारी कप सडक दौड प्रतियोगिता २०८२' सम्पन्न भयो। प्रतियोगिताको प्रमुख अतिथि कर्णाली प्रदशका मुख्यमन्त्री माननीय यमलाल कंडेल हुनुहुन्थ्यो।

एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षता र उपाध्यक्ष एवम् कार्यक्रमका संयोजक तेजविक्रम बस्नेतको सञ्चालनमा भएको कार्यक्रममा खेलाडीहरूको उत्साहजनक सहभागिता थियो। सो कार्यक्रममा प्रमुख आतिथि विरेन्द्रनगर नगरपालिकाका नगर प्रमुख मोहनमाया ढकाल र विशिष्ट अतिथि मध्यपश्चिम विश्व विद्यालयका उपकुलपति प्रा.डा. ध्रुव कुमार गौतम हुनुहुन्थ्यो। कार्यक्रममा केन्द्रीय सचिवालय सदस्य विशाल हमाल सहित एकेडेमीका नेता कार्यहरू सकृय हुनु भएको थियो।

प्रतियोगितामा नेपाल आर्मीका रामजी बस्नेत र पूर्णलक्ष्मी न्यौपानेले विजेता भए। प्रतियोगितामा प्रथम हुने बस्नेत र न्यौपानेले जनही रु ५०-५० हजार नगद पुरस्कार प्राप्त गरे। प्रतियोगिताका विजयी खेलाडीलाई विरेन्द्रनगर नगरपालिकाका प्रमुख मोहनमाया ढकालले पुरस्कार प्रदान गर्नुभयो।
























मदन भण्डारी स्पोर्ट्स एकेडेमी


START
FINISH


FINISH
START

# टेबल टेनिस
## (Table Tennis)



# जुनियर राष्ट्रिय टेबल टेनिस प्रतियोगिता

२०८० बैशाख ५ देखि ७ गतेसम्म काठमाडौं उपमहानगरपालिकास्थित लैनचौर टिटिहलमा प्रथम मदन भण्डारी जुनियर टेवल टेनिस प्रतियोगिता सम्पन्न भयो । मदन भण्डारी फाउन्डेसनका तात्कालिन अध्यक्ष महेन्द्रबहादुर पाण्डेले उद्घाटन गर्नुभएको उद्घाटन समारोहमा विशिष्ट अतिथि एकेडेमीका अध्यक्ष ध्रुव आचार्य हुनुहुन्थ्यो । कार्यक्रममा उपमहासचिव सुवर्ण श्रेष्ठ, सचिव मन्दिरा श्रेष्ठ लगायत एकेडेमीका केन्द्रीय सदस्य तथा टेबल टेनिस संघका अध्यक्ष चतुरानन्द बैध्य लगायतको सहभागिता रहेको थियो । समापन समारोहको प्रमुख अतिथि काठमाडौं महानगरपालिकाको उपप्रमुख सुनिता डंगोल हुनुहुन्थ्यो ।

प्रतियोगितामा देशभरका १ सय ६० खेलाडी सहभागी थिए ।






















# जुनियर तथा सिनियर टेबल टेनिस प्रतियोगिता

२०८१ चैत्र २५ देखि २७ गतेसम्म काठमाडौंको लैनचौर टिटि हलमा मदन भण्डारी जुनियर तथा सिनियर राष्ट्रिय टेबल टेनिस प्रतियोगिता सम्पन्न भयो । पूर्वमन्त्री तथा सांसद छविलाल विश्वकर्माको प्रमुख आतिथ्यमा उद्घाटन भएको प्रतियोगितामा २५० खेलाडीहरू सहभागी भएका थिए । टेबल टेनिस विभाग प्रमुख धर्ममान बज्राचार्यको अध्यक्षतामा भएको उक्त कार्यक्रममा एकेडेमीका सल्लाहकार दीपक ज्ञवाली, राष्ट्रिय खेलकुद परिषदका सदस्यहरू सुवर्ण श्रेष्ठ, जगत सिंह धामी, टेबल टेनिस सङ्घका अध्यक्ष चतुरानन्द बैध्यलगायतको उपस्थितिमा रहेको थियो । समापन समारोहमा आयोजक मदन भण्डारी स्पोर्ट्स एकेडेमीका अध्यक्ष एवम् राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष ध्रुव आचार्यले विजेता र राष्ट्रिय टेबलटेनिस च्याम्पियन नविता श्रेष्ठलगायतलाई पुरस्कृत गर्नुभयो ।




















# फुटसल
## (Futsal)



## विश्वविद्यालय स्तरीय फुटसल प्रतियोगिता

२०८० असोज २७ गतेखि ३० गतेसम्म काठमाडौंमा विश्वविद्यालय स्तरीय राष्ट्रिय फुटसल प्रतियोगिता सम्पन्न भयो । प्रतियोगिताको उद्घाटन एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले गर्नुभएको थियो । एकेडेमीका उपाध्यक्ष तेज विक्रम बस्नेतको संयोजकत्वमा कार्यक्रम भएको थियो । समापन एकेडेमीका संस्थापक अध्यक्ष रमेशकुमार सिलवालले गर्नुभएको थियो ।






## राष्ट्रिय खुल्ला पुरूष फुटसल प्रतियोगिता

२०८० माघ १४ देखि १६ गतेसम्म मदन भण्डारी खुल्ला फुटसल प्रतियोगिता काठमाडौंको सामाखुसीमा सम्पन्न भयो । प्रतियोगिताको उद्घाटन काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डंगोलले गर्नुभयो । एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको अध्यक्षतामा भएको उद्घाटन समारोहमा एकेडेमीका सल्लाहकारहरू मोहन रेग्मी, दीपक ज्ञवाली, उपाध्यक्ष तेजविक्रम बस्नेत, उपमहासचिव सुवर्ण श्रेष्ठलगायतको उपस्थितीमा भएको थियो । कार्यक्रम सरिला श्रेष्ठले संयोजन गर्नुभएको थियो भने कार्यक्रमको संचालन सुवर्ण श्रेष्ठले गर्नुभएको थियो । प्रतियोगितामा देशभरबाट १५ टिमको सहभागिता रहेको थियो । प्रतियोगिताको उपाधी हिमालयन फुटसल क्लवले उचाल्यो ।








## मैत्रीपुर्ण फुटबल प्रतियोगिता

मदन भण्डारी स्पोर्ट्स एकेडेमी र खेलकुद पत्रकार मञ्च रूपन्देहीबिच २०८१ बैशाख २९ गते गते मैत्रिपुर्ण फुटवल बुटवलको एन्फा एकेडेमीमा सम्पन्न भयो । कार्यक्रम बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेको प्रमुख आतिथ्य र उपप्रमुख सावित्रा अर्यालको विशिष्ट आतिथ्यमा भएको थियो । खेल प्रतियोगिताको नेतृत्व एकेडेमीका तर्फबाट अध्यक्ष ध्रुव आचार्यले गर्नुभएको थियो भने मञ्चको नेतृत्व खेलकुद पत्रकार सङ्घका अध्यक्ष सुमन अधिकारीले गर्नुभएको थियो ।









2009

MADAN BHANDARI SPORTS ACADEMY

# अभिनन्दन, बधाई, शुभकामना तथा सम्मान

## संरक्षकलाई अभिनन्दन

२०७८ फागुन ८ गते मदन भण्डारी स्पोर्ट्स एकेडेमीको प्रथम अधिवेशनबाट निर्वाचित केन्द्रीय कमिटीका अध्यक्ष ध्रुव आचार्यको नेतृत्वमा एकेडेमीका संरक्षक तथा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीलाई अभिनन्दन गरियो । उक्त अवसरमा संरक्षक केपी शर्मा ओलीलाई एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले अभिनन्दन पत्र तथा मायाको चिनो अर्पण गर्नुभयो । सल्लाहकार दीपक ज्ञवालीले अभिनन्दन पत्र वाचन गर्नुभएको थियो ।

अभिनन्दन ग्रहण गर्दै संरक्षक केपी शर्मा ओलीले दृढताका साथ अघि बढ्न एकेडेमीको नेतृत्वलाई निर्देश गर्नुभयो । सो अवसरमा एकेडेमीका पदाधिकारी, केन्द्रीय सदस्य, सल्लाहकार लगायतको सहभागिता रहेको थियो ।







## निर्वाचन लगत्तै बधाई, शुभकामना र सम्मान

२०७९ मंसिर २७ गते मदन भण्डारी स्पोर्टस एकेडेमीका संरक्षक केपी शर्मा ओली र अभिभावक विष्णुप्रसाद पौडललाई एकेडेमीले विशेष सम्मान गऱ्यो । सङ्घीय निर्वाचन २०७९ मा झापा र रूपन्देहीबाट निर्वाचित भएपछि उहाँहरूलाई छुट्टाछुट्टै कार्यक्रमकाबिच एकेडेमीले बधाई तथा शुभकामनासहित सम्मान गरेको हो ।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको अध्यक्ष ध्रुव आचार्यको नेतृत्वमा संरक्षक ओली निवास बालकोटमा सम्मान पत्रसहित उहाँलाई सम्मान गरियो । उक्त कार्यक्रममा एकेडेमीका अध्यक्षसहित पदाधिकारी ,सल्लाहकार र केन्द्रीय सदस्यहरूको सहभागिता भएको थियो । सो अवसरमा सल्लाहकार दीपक ज्ञवालीले सम्मान पत्र वाचन गर्नु भएको थियो भने एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले प्रदान गर्नुभएको थियो ।

बधाई ग्रहण गर्दै पूर्व प्रधानमन्त्री ओलीले निर्वाचनमा एकेडेमीले खेलेको भुमिका प्रशंसनीय रहेको बताउनुभयो । उहाँले बृहत् यो जनाका साथ युवा तथा किशोर किशोरीहरूबिच जान एकेडेमीलाई आग्रह गर्नुभयो ।

नेता पौडेल निवास भैसेपाटीमा आयोजित कार्यक्रममा बधाई ग्रहण गर्दै पूर्व उपप्रधान तथा अर्थमन्त्री पौडेलले एकेडेमीको दायरा फर ाकिलो र भविष्य उज्वल रहेको चर्चा गर्नं भयो ।

दुबै कार्यक्रमहरूमा एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले बधाई तथा शुभकामना पत्र प्रदान गर्दै एकेडेमीका गतिविधिहरूका बारेमा जानकारी गराउनुभएको थियो । एकेडेमीका सल्लाहकार दीपक ज्ञवालीले दुबै कार्यक्रमहरूमा बधाई तथा शुभकामना पत्र पढेर सुनाउनुभएको थियो ।

ती कार्यक्रमहरूमा एकेडेमीका पदाधिकारी, सल्लाहकार, विभागिय प्रमुख र राजधानीमा उपलब्ध बिभागिय पदाधिकारी तथा केन्द्रीय सदस्यहरूको सहभागिता रहेको थियो ।





## नवनियुक्त प्रधानमन्त्री, उपप्रधान तथा अर्थमन्त्री र सञ्चार तथा सूचना प्रविधिमन्त्रीलाई बधाई, शुभकामना र सम्मान

२०८१ साउन ५ गते मदन भण्डारी स्पोर्ट्स एकेडेमीका संरक्षक सम्माननीय केपी शर्मा ओली नेपाल सरकारको प्रधानमन्त्रीमा निर्वाचित हुनुभएकोमा एकेडेमीले हार्दिक बधाई, शुभकामनासहित सम्मान गऱ्यो । एकेडेमीका अध्यक्ष ध्रुव आचार्यको नेतृत्वमा यस्तो कार्यक्रम भएको थियो ।

सो अवसरमा संरक्षक ओलीले नेपालको प्रतिनिधित्व गर्दै अन्तराष्ट्रिय खेलमा मेडल प्राप्त खेलाडहरूलाई पनि सम्मान गरिएको थियो ।

सो अवसरमा एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले नयाँ सरकारबाट खेल क्षेत्रको विकासमा उल्लेख्य उपलब्धि हुने आशा व्यक्त गर्नु भयो ।

एकेडेमीका सल्लाहकार दीपक ज्ञवालीले प्रधानमन्त्री ओलीलाई प्रदान गरिएको बधाई पत्र वाचन गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन एकेडेमीका उपमहासचिव सुवर्ण श्रेष्ठले गर्नुभएको थियो ।

सोही दिन नवनियुक्त उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल र सूचना तथा सञ्चार प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङलाई बधाई ज्ञापन गरियो ।

सो अवसरमा बोल्दै नवनियुक्त उपप्रधान तथा अर्थमन्त्री पौडेलले नयाँ सरकारले खेल क्षेत्रलाई नयाँ उचाईमा पुर्याउने बताउनुभयो ।

अर्को एक कार्यक्रममा सूचना तथा सञ्चार प्रविधिमन्त्री गुरुङले नेपालको खेल क्षेत्रमा बजेट नै कम हुने गरेको चर्चा गर्दै आइन्दा त्यस्तो हुन नदिन खवरदारी गर्नुपर्ने बताउनुभयो ।









# मदन भण्डारी स्पोर्ट्स एकेडेमी

केन्द्रीय सचिवालय तथा विभागीय प्रमुख उपप्रमुखहरू

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १ | ध्रुव आचार्य | अध्यक्ष |
| २ | राजेश बज्राचार्य | उपाध्यक्ष |
| ३ | जितेन्द्र श्रेष्ठ | उपाध्यक्ष (बागमती प्रदेश इनचार्ज) |
| ४ | महेन्द्र राई | उपाध्यक्ष |
| ५ | राजेश गुरुङ | उपाध्यक्ष (गण्डमी प्रदेश इन्चार्ज) |
| ६ | तेज विक्रम बस्नेत | उपाध्यक्ष (कर्णली प्रदेश इन्चार्ज) |
| ७ | तुलसी मैनाली | उपाध्यक्ष (कोशी प्रदेश इनचार्ज) |
| ८ | शशी कुमार शर्मा | उपाध्यक्ष (मधेश प्रदेश इँन्चार्ज) |
| ९ | देव बहादुर कुवर | उपाध्यक्ष (आर्थिक संयोजक) |
| १० | पुरेन्द्र विक्रम लाखे | महासचिव |
| ११ | सुवर्ण श्रेष्ठ | उप.महासचिव |
| १२ | मदन उप्रेती | उप.महासचिव |
| १३ | कृष्ण तिमिल्सिना | सचिव (गण्डकी प्रदेश सह इनचार्ज) |
| १४ | डा.शक्ती बस्नेत | सचिव (विदेश तथा स्वास्थ्य विभाग प्रमुख |
| १५ | मन्दिरा श्रेष्ठ | सचिव (महिला विभाग प्रमुख) |
| १६ | चन्द्र बदना राई | सचिव |
| १७ | अन्जना सिवाकोटी | सचिव( विद्यार्थी विभाग प्रमुख) |
| १८ | सन्जु महर्जन | सचिव (मर्शल आर्ट विभाग प्रमुख) |
| १९ | देवी वाग्ले | सचिव |
| २० | ऋषिकेश श्रेष्ठ | सचिव |
| २१ | विनोद आचार्य | कार्यालय सचिव |
| २२ | महेन्द्र लिगल | टेबल टेनिस विभाग प्रमुख |
| २३ | अमृता अनमोल | संचार विभाग प्रमुख |
| २४ | विजय गुरुङ्ग | चेस विभाग प्रमुख |
| २५ | राजकुमार श्रेष्ठ | सारिरिक सुगठन विभाग प्रमुख |
| २६ | शक्ति प्रसाद गौचन | क्रिकेट विभाग प्रमुख |
| २७ | मोहन घले | एथलेटीक्स विभाग प्रमुख |
| २८ | कमल तामाङ | रेस्लीङ्ग विभाग प्रमुख |
| २९ | राजकुमार लामा | फुल कन्ट्याक कराते विभाग प्रमुख |
| ३० | उत्सव अधिकारी | पावर लिफ्टीङ विभाग प्रमुख |
| ३१ | डम्मर देव थापा | व्याडमिन्टन विभाग प्रमुख |

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| ३२ | मनोज खड्गी | तेक्वान्दो विभाग प्रमुख |
| ३३ | निलम बज्रचार्य | भलिवल विभाग प्रमुख |
| ३४ | विकु महर्जन | बास्केटबल विभाग प्रमुख |
| ३५ | नारायण प्रसाद पौडेल | योगा विभाग प्रमुख |
| ३६ | अभिलासा पन्त | तान डोरि विभाग प्रमुख |
| ३७ | उदय अर्याल | ब्याटमिन्टन विभाग उप प्रमुख (जनसम्पर्क प्रमुख) |
| ३८ | धर्ममान बज्रचार्य | टेबल टेनिस विभाग उप प्रमुख |
| ३९ | नानिकाजी डंगोल | शारीरिक सुगठन विभाग उप प्रमुख |
| ४० | डा.प्रकाश पौडेल | स्वास्थ्य विभाग उप प्रमुख |
| ४१ | बुद्धि बस्याल | भलिवल विभाग उप प्रमुख |
| ४२ | प्रदिप पाण्डे | रेस्लीङ्ग विभाग उप प्रमुख |
| ४३ | विष्णु थापा | फुल कन्ट्याक कराते उप प्रमुख |
| ४४ | सदिना श्रेष्ठ | बास्केटबल विभाग उप प्रमुख |
| ४५ | अशोक ध्वजु | पावर लिफ्टीङ विभाग उप प्रमुख |
| ४६ | रविन्द्रराज भण्डारी | अध्यक्ष मधेश प्रदेश कमिटी |
| ४७ | राम बहादुर के सी | अध्यक्ष बागमती प्रदेश कमिटी |
| ४८ | गिरमान गुरुङ | अध्यक्ष गण्डकी प्रदेश कमिटी |
| ४९ | गोपाल शाहि | अध्यक्ष कर्णाली प्रदेश कमिटी |
| ५० | नन्द बहादुर काउचा | सचिवालय सदस्य |
| ५१ | राधा देवी श्रेष्ठ | सचिवालय सदस्य |
| ५२ | ज्योति राई | सचिवालय सदस्य |
| ५३ | सरिला श्रेष्ठ | सचिवालय सदस्य |
| ५४ | सुबोध जागृत बुढाथोकी | सचिवालय सदस्य |
| ५५ | गाविन्द थपलिया | सचिवालय सदस्य |
| ५६ | धिमलाल जोशी | सचिवालय सदस्य |
| ५७ | समिर खांन | सचिवालय सदस्य |
| ५८ | सुरज बराल | सचिवालय सदस्य |
| ५९ | छेदीलाल चौधरी | सचिवालय सदस्य |
| ६० | पवन के सी | सचिवालय सदस्य |
| ६१ | विपिन कार्कि | सचिवालय सदस्य |
| | | |

सल्लाहकार नामावली

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १ | रमेश कुमार सिलवाल | सल्लाहकार |
| २ | विनोद श्रेष्ठ | सल्लाहकार |
| ३ | बासुदेव थापा | सल्लाहकार |
| ४ | मोहन रेग्मी | सल्लाहकार |
| ५ | दीपक ज्ञवाली | सल्लाहकार |
| ६ | प्रा. पशुपति अधिकारी | सल्लाहकार |
| ७ | बलबहादुर आचार्य | सल्लाहकार |
| ८ | धर्म खड्का | सल्लाहकार |
| ९ | तेज बहादुर गुरुङ्ग | सल्लाहकार |
| १० | केदार प्रसाद दहाल | सल्लाहकार |
| ११ | तिल बहादर सेन(पारश) | सल्लाहकार |
| १२ | खिम बहादुर थापा | सल्लाहकार |
| १३ | विष्णु पाण्डे | सल्लाहकार |

“सबैको लागि खेलकुद”

# मदन भण्डारी स्पोर्टस एकेडेमी

## Madan Bhandari Sports Academy

केन्द्रिय कार्यालय : काठमाडौं

## हार्दिक आभार सहित धन्यवाद

मदन भण्डारी स्पोर्टस् एकेडेमीद्वारा भिन्न, भिन्न मिति र स्थानमा आयोजना भएका अलग, अलग बिधाका खेल प्रतियोगिताहरु एवं यस एकेडेमीले संचालन गरेका विभिन्न गतिविधिहरुमा आ–आफ्नो स्थानबाट आर्थिक, नैतिक र भौतिक सहयोग प्रदान गर्नु हुने सम्पुर्ण संघ संस्था, निकाय तथा शुभेच्छुक महानुभावहरुप्रती मदन भण्डारी स्पोर्टस् एकेडेमी हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछ ।

ध्रुव आचार्य
अध्यक्ष
मदन भण्डारी स्पोर्टस् एकेडेमी
केन्द्रिय कमिटी